नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

वर्ष ३२ अंक ३५२ काठमाडौं | ३० माघ २०८१ बुधबार माघ शुक्लपक्ष पूर्णिमा | नेपाल संवत् ११४५ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, February 12, 2025 | पृष्ठ १० | १० रुपैयाँ

नेपाल फेरि पनि अति भ्रष्टाचार हुने देशको सूचीमा

प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण लुकाउन थालियो

मातृका दाहाल र राजेश मिश्र (काठमाडौं)

भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न राज्यका तीनवटै अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका उदासीन देखिँदा नेपालको अन्तर्राष्ट्रिय छवि निरन्तर ओरालो लागेको छ। भ्रष्टाचार र सुशासन निगरानी गर्ने अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलको सर्वेक्षण भ्रष्टाचार अवधारणा सूचकांक (सीपीआई) अनुसार नेपाल अति भ्रष्टाचार हुने मुलुकको सूचीबाट बाहिर निस्कन सकेको छैन।

ट्रान्सपरेन्सीको २०२३ को प्रतिवेदनमा सुशासनमा नेपालले १०० अंकमा ३५ अंक प्राप्त गरेको थियो। २०२४ को प्रतिवेदनअनुसार नेपालको स्तर खस्किएर ३४ अंक मात्र पाएको छ। ट्रान्सपरेन्सीले १०० मा ५० अंकभन्दा कम प्राप्त गर्नेलाई अति भ्रष्टाचार हुने देशको सूचीमा समेट्दै आएको छ। सर्वेक्षणमा समेटिएका १८० देशमा नेपाल १०७ औं नम्बरमा परेको छ। गतवर्ष १०८ औं नम्बरमा थियो।

सीपीआईले नेपालको सुशासन स्तर सुधारमा राज्यले कुनै ठोस उपलब्धि हासिल गर्न नसकेको जनाएको छ। ट्रान्सपरेन्सी नेपालका अध्यक्ष मदनकृष्ण शर्माले मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा गएर सोहीअनुसार संविधान जारी भई तीन तहको सरकारबाट शासन व्यवस्था सञ्चालन हुँदै आए पनि सुशासनमा सुधार नभएको बताए।

'गणतान्त्रिक नेपालको संविधान २०७२ देखि लागू भई तीन तहको सरकार सञ्चालन भएको करिब ८ वर्ष भइसक्दासमेत नेपालमा भ्रष्टाचार कम गर्नेतर्फ सफलता हासिल भएको देखिँदैन,' शर्माले मंगलबार नेपालसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दै भने, 'यस स्थितिमा सुधार ल्याउन अत्यावश्यक छ, जसका लागि राजनीतिक क्षेत्रको सदाचारप्रतिको प्रतिबद्धतामा अभिवृद्धि, सरकारी क्षेत्रमा हुने घूसखोरी र भ्रष्टाचारमाथि निष्पक्ष कारबाही, स्वच्छ न्यायिक प्रक्रियाको सुनिश्चितता र व्यावसायिक क्षेत्रसँग सम्बन्धित भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी कदम चाल्न जरुरी देखिन्छ।'

सुशासनमा एक दशकको यात्रा



सरकारलाई सुधार चाहिएकै छैन, भागबन्डामा राज्य दोहन गर्न पाए पुग्यो, सुशासन भन्ने र देखाउने दाँत मात्रै हो

● **पद्मिनी प्रधानाङ्ग**
पूर्वअध्यक्ष, ट्रान्सपरेन्सी नेपाल

दक्षिण एसियाली मुलुकको सुशासन स्कोर र भ्रष्टाचार स्थान

मुलुक	स्कोर	स्थान
भुटान	७२	१८ औं
भारत	३८	९६ औं
माल्दिभ्स	३८	९६ औं
नेपाल	३४	१०७ औं
श्रीलंका	३२	१२१ औं
पाकिस्तान	२७	१३५ औं
बंगलादेश	२३	१५१ औं
अफगानिस्तान	१७	१६५ औं

'भन्दाखेरि नमीठो लाग्ला, देश हाँक्ने- चाहे पदाधिकारी, कर्मचारी वा कानुन बनाउनेदेखि न्याय निरूपण गर्नेसम्म जोसुकै हुन्, सत्य कुरा के हो भने, राज्य संयन्त्र बिचौलियाको कब्जामा छ,' एक पूर्वसचिव भन्छन्, 'उनीहरूलाई सुधार चाहिएकै छैन, राजस्व कम उठे पनि, विकास खर्च नभए पनि, खरिद पारदर्शी नभए पनि, कुनै फरक पर्दैन, दोहन गर्नेले गर्न पाएकै छन्, स्वार्थका नियुक्ति गरिएकै छन्, के फरक पर्छ र ? असर पर्ने भनेको देशको प्रतिष्ठामा मात्रै हो।'

सुशासन कायम गर्न राज्यले चालेका कदमको कार्यान्वयन, भ्रष्टाचारमा संलग्न राजनीतिक र प्रशासनिक व्यक्तिमाथिको कारबाही, स्वार्थको द्वन्द्व रोकथाम तथा नियन्त्रण, आयात-निर्यातमा पारदर्शिताजस्ता विषयमा ट्रान्सपरेन्सीले विभिन्न ६ वटा अन्तर्राष्ट्रिय संस्था विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्सम्यान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट र भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्टबाट गरिएको मापनका आधारमा मुलुकको स्तर कायम गर्ने गरेको छ।

क्षेत्रगत स्तर मापनमा आबद्ध ६ वटै संस्थाको मूल्यांकनमा नेपाल अति भ्रष्टाचार हुने सूचीमा समेटिएको हो। विश्व बैंकले सरकारका निर्णय, स्रोतसाधनको प्रयोगलगायत कामकारबाही एवं कर्मचारीमा जवाफदेहिता, नागरिकलाई राज्यको सूचनामा पहुँच र निहित स्वार्थ भएका सीमित व्यक्तिको राज्य सञ्चालनमा पकडजस्ता विषयमा सर्वेक्षण गरेको थियो। यसमा नेपाललाई विश्व बैंकले सयमा ३९ अंक दिएको छ।

वर्ल्ड इकोनोमिक फोरमले आयात-निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, सार्वजनिक ठेक्का र न्यायिक निर्णयमा भएका भ्रष्टाचारबारे सर्वेक्षण गरेकामा नेपालले ३० अंक मात्रै पाएको छ।

सूचकांकअनुसार डेनमार्क ७ वर्षदेखि लगातार ९० अंक प्राप्त गरी सुशासन कायम गर्ने मुलुकको पहिलो नम्बरमा अडिएको छ। यो मापनले सबैभन्दा कम भ्रष्टाचार हुने देशमा डेनमार्क देखिएको हो। सबैभन्दा बढी भ्रष्टाचार हुने देशमा दक्षिण सुडान छ। दक्षिण सुडानले सयमा ८ अंक मात्र पाएको छ। **बाँकी पृष्ठ ९**

भित्र

जासुसी आरोपमा युक्रेनमा पक्राउ, १० महिना जेल बसेर स्वदेश फिर्ता

जसपा नेपालले भूमिसम्बन्धी बाहेकका ५ अध्यादेश स्विकार्ने संकेत

विश्वविद्यालयको कानुन शिक्षासम्बन्धी अधिकार बार काउन्सिललाई दिने कानुन बन्दै

गजब छ बा ! अविन

सदाचारको बारेमा हल्का बोल्छु... तपँ'रू अप्ठ्यारो नमान्नु होला है !

राहदानी खरिद प्रक्रिया विवादमा, बोलपत्र बुझाउने म्याद थप

सुरुमा ४५ दिनको समय राखेर बोलपत्र आह्वान, दोस्रो पटक ३० दिन थपियो, संशोधित सर्तअनुसार कागजात जुटाउन समय नपुग्ने गुनासो आएपछि फेरि १० दिन समय

राजेश मिश्र (काठमाडौं)

विद्युतीय राहदानी खरिद प्रक्रियामा प्रश्न उठिरहेका बेला राहदानी विभागले बोलपत्र पेस गर्ने म्याद फेरि थपेको छ। पहिलो पटक ४५ दिनको समय दिएर बोलपत्र आह्वान गरेको विभागले दोस्रो पटक ३० दिन थपेको थियो। दोस्रो पटक तोकिएको म्याद मंगलबार सकिँदै थियो। फेरि म्याद थपपछि इच्छुक कम्पनीले फागुन ९ सम्म बोलपत्र बुझाउन सक्नेछन्।

विभागले विद्युतीय राहदानीको ६४ लाख प्रति खाली पुस्तिका खरिदका लागि मंसिर १३ मा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो। पुरानै फ्रान्सेली कम्पनी आइडेमियालाई ठेक्का दिने योजनासहित सर्त तोकिएको भन्दै प्रश्न उठेपछि विभागले सर्त संशोधन गर्नुका साथै ३० दिनको म्याद थप गरेको थियो। त्यसपछि संशोधित प्रावधानअनुसार आवश्यक कागजात जम्मा गर्न समय नपुग्ने गुनासो केही कम्पनीले गरेका थिए। 'अब १० दिन समय थप्दा प्रतिस्पर्धा बढ्छ, केही गुनासाको पनि सम्बोधन हुन्छ, विश्वास गरेका छौं,' विभागका महानिर्देशक तीर्थराज अर्यालले भने, 'प्रतिस्पर्धा बढ्दा राज्यलाई पनि लाभ हुन्छ।'

> पुरानै कम्पनीलाई ठेक्का दिने गरी सर्त राखेर बोलपत्र आह्वान गरिएको दाबीसहित विभिन्न निकायमा उजुरी परेको छ

विभागले आगामी ५ वर्षलाई पुग्ने गरी विद्युतीय राहदानी खरिद गर्न लागेको हो। त्यसका लागि १२ अर्ब रुपैयाँ छुट्याइएको छ। राहदानी खरिदका लागि विभागले पाँच वर्षपछि बोलपत्र आह्वान गरेर प्रक्रिया अघि बढाएको हो। तर प्रक्रियाप्रति प्रश्न उठाएर विभिन्न निकायमा उजुरी परेका छन्। यसअघि २०७६ मा पनि राहदानी खरिद प्रक्रिया विवादमा परेको थियो।

बोलपत्र आह्वानका लागि पहिलो पटक जारी सूचनामा राखिएका सर्तमा आपत्ति जनाउँदै विभिन्न कम्पनीका प्रतिनिधिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, प्रधानमन्त्री कार्यालय, परराष्ट्र मन्त्रालय, प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा उजुरी दिएका थिए। उजुरीकर्ताले सूचनामा राखिएका सर्त पहिलेदेखि नेपालमा राहदानीको आपूर्ति गर्दै आएको आइडेमिया कम्पनीलाई सहयोग पुग्ने खालका राखिएको आरोप लगाएका थिए। विभागले भने त्यसलाई निराधार भन्दै आएको छ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले हस्तक्षेप गरेपछि भने विभागले बोलपत्रमा राखेका केही सर्त पनि संशोधन गरेको थियो। बोलपत्रको सूचनामा रहेका केही प्रावधान विभागले माघ ७ मा संशोधन गरेको हो। संशोधित सूचनामा तीन वटासम्म कम्पनीले संयुक्त रूपमा (जोइन्ट भेन्चर) आवेदन हाल्न पाउने व्यवस्था गरिएको छ। प्याकेज १ (तथ्यांक व्यवस्थापन, प्रशोधन र राहदानी वितरणसम्बन्धी प्रणाली स्थापना) र प्याकेज २ (राहदानीको खाली पुस्तिका खरिद र त्यसको वैयक्तिक विवरणसम्बन्धी विषय) मा एउटै कम्पनीलाई प्राथमिकता दिने सर्त पनि संशोधन गरिएको छ। दुवै प्याकेजको ठेक्का फरक-फरक कम्पनीले पाउन सक्ने प्रावधान राखिएको हो। **बाँकी पृष्ठ ८**

एकै जिल्लाबाट एक वर्षमा १० करोडको छुर्पी र घिउ

वार्षिक ४५ हजार २ सय केजी घिउ र ५५ हजार ५ सय केजी छुर्पी काठमाडौं निर्यात

अनिश तिवारी (सिन्धुपाल्चोक)

बाह्रबिसे नगरपालिका-५ भन्ज्याङ खर्कका प्रेमबहादुर तामाङले चौरीपालन गरेको १५ वर्ष पुग्यो। उनले गोठमा खाँबोभरि छुर्पी झुन्ड्याएका छन्। डेक्चीमा दूध र ठेकीमा मोही राखेका छन्। लेकको गोठमा ५० चौरी र केही याक छन्। ४७ वर्षीय तामाङले छुर्पी, चिज र घिउ बेचेर वर्षमा पाँचदेखि आठ लाखसम्म कमाउने गरेका छन्।

तस्बिर : अनिश तिवारी/कान्तिपुर

सिन्धुपाल्चोकको बाह्रबिसे-५ भन्ज्याङ खर्कमा संकलित छुर्पी काठमाडौं लैजानुअघि अवलोकन गर्दै नगरका पशु शाखाका कर्मचारी।

बाह्रबिसेको घुम्ती, भन्ज्याङ, उरमेन्दो, लासे, खनक्पा खर्क, पलाँती ज्याङदाङ खर्क चौरीपालनका लागि कहलिएका ठाउँ हुन्। जुगलको अन्तिम गाउँ मानिने तेगाका ४३ वर्षीय धर्के शेर्पाले पनि ३० वटा चौरी पालेका छन्। 'लेकमा चौरी पाल्न सजिलो छैन, तर कमाइ राम्रै छ,' १० वर्षदेखि चौरी पाल्दै आएका उनले भने। वार्षिक छुर्पी र घिउ बेचेर ६ लाखसम्म कमाउने उनले बताए। **बाँकी पृष्ठ ९**



युक्रेनमा शेर स्याङ्बो शेर्पा र फुर्वा शेर्पा (बीचमा युक्रेनी सैनिकको दायाँबायाँ) लाई रिहा गर्ने क्रममा अधिकारीहरू । उनीहरूलाई रिहा गरिदिन आग्रह गर्दै शेरकी श्रीमती डिमाले परराष्ट्र मन्त्रालयलाई लेखेको पत्र र रिहाबारे जर्मनीस्थित नेपाली दूतावासले जारी गरेको सूचना (तल) ।

जासुसी आरोपमा युक्रेनमा पक्राउ

१० महिना जेल बसेर स्वदेश फिर्ता

मासिक ७ सय डलर तलबको रोजगारी र भाषा सिक्न पाइने आश्वासनमा एजेन्टलाई ७-७ लाख बुझाएर शेर स्याङ्बो र फुर्वा युक्रेन पुगेका थिए

होम कार्की (काठमाडौं)

रुससँग युद्ध लडिरहेको युक्रेनको जेलमा १० महिना बिताएर २५ माघमा काठमाडौं आइपुगेका शेर स्याङ्बो शेर्पा अहिले कोठाभित्र बस्नै सक्दैनन् । भित्र छिर्नासाथ तुरुन्तै बाहिर निस्किहाल्छन् । जतिखेर पनि घरको छततिरै गएर टोलाइरहन्छन् । 'उहाँलाई कोठाभित्र बस्न नै डर लाग्न थाल्यो । आत्तिइहाल्ने हुनुभएछ । गाउँतिर खुल्ला छ । उता गए पहिलेजस्तो भएर फर्कनु हुन्छ होला भनेर शनिबार पठाइदिएँ,' श्रीमती डिमाले भनिन्, 'उहाँ अहिले डिप्रेसनमा जानुभएजस्तो छ ।'

शेर स्याङ्बोको घर दोलखाको बिगु गाउँपालिका-७ मा छ । बसबाट ओर्लिएर झन्डै एक दिन हिँडेपछि मात्रै गाउँको घरमा पुग्ने डिमाले सुनाइन् । 'गाउँमा ८५ वर्षीय बुबाआमा हुनुहुन्छ । डाँडाकाँडा छ,' उनले भनिन्, 'गाउँको हावापानीले उहाँलाई फ्रेस बनाउँछ होला ।' शेर स्याङ्बोसँगै आएका फुर्वा शेर्पा अझ गहिरो रूपमा डिप्रेसनमा गएको डिमाको बुझाइ छ । 'मेरो श्रीमान्लाई भन्दा बढी कठिन फुर्वालाई भएछ । फुर्वालाई पनि आफन्तले आफ्नो गाउँ लालीगुराँस-७ तेह्रथुम लगिसकेका छन्,' डिमाले भनिन् । दुवैलाई समस्या देखिनुको मुख्य कारण थियो- दुई महिनाको कठोर बन्दी जीवन ।

गत १७ मेमा भारतीय एजुकेसन कन्सल्टेन्सीमार्फत शेर स्याङ्बो र फुर्वा युक्रेन पुगेका थिए । एजेन्टले मासिक ७ सय डलर तलबको रोजगारी र भाषा सिक्न पाइने भन्दै पठाएका थिए । यसका लागि ७/७ लाख रुपैयाँ खर्च भयो । 'युक्रेन जाऊँ कि नजाऊँ भन्ने दोधारमा हुनुहुन्थ्यो । युद्धग्रस्त देशमा कस्तो हुने हो भनेर चिन्ता गर्नुहुन्थ्यो । भारतबाट कन्सल्टेन्सीले धेरै पटक फोन गरिरहयो । एजेन्टले केही हुँदैन, सबै गइरहेका छन् । युक्रेनका तीन/चारवटा राज्यमा मात्रै युद्ध छ । तिमीहरू जाने ठाउँमा युद्ध छैन भनेर सम्झायो,' डिमाले भनिन्, 'खै, हामीलाई युक्रेन फापेन ।'

> युक्रेन जाऊँ कि नजाऊँ भन्ने दोधारमा हुनुहुन्थ्यो । भारतबाट कन्सल्टेन्सीले धेरै पटक फोन गरिरह्यो । एजेन्टले केही हुँदैन, सबै गइरहेका छन् । युक्रेनका तीन/चार वटा राज्यमा मात्रै युद्ध छ । तिमीहरू जाने ठाउँमा युद्ध छैन भनेर सम्झायो, खै, हामीलाई युक्रेन फापेन
>
> **डिमा स्याङ्बो शेर्पा**
> शेरकी श्रीमती

उनीहरू युक्रेनसँग सीमा जोडिएको देश मोल्डोभाबाट सडक मार्ग हुँदै युक्रेनको राजधानी किभ पुगेका थिए । उनीहरूको साथमा तीन महिनाअगाडि नै जारी भएको भिसा थियो । त्यो म्याद किभ बसेको साता दिनमै अर्थात् २३ मेमा सकियो । भिसा नवीकरण गर्न उनीहरू ४५ दिनअगाडि नै किभ पुगिसक्नुपर्थ्यो । होस्टलबाट बाहिर निस्केर घुम्ने क्रममा सेनाको जाँचमा दुवै जना पक्राउ परिहाले । 'हामीले जाँचमा राहदानी देखायौं । भिसा सकिइसकेको थियो । समाएर हामीलाई डिटेन्सन सेन्टरमा हाल्यो,' पक्राउ परेको दोस्रो दिनमा नै डिमाले खबर पाएकी थिइन् । त्यसपछि दुई महिनासम्म सम्पर्कविहीन भए ।

सुरुमा युक्रेनी प्रहरीले उनीहरू जासुसी गर्न आएको हुन सक्ने भन्दै अनुसन्धान अगाडि बढायो । त्यतिखेर युक्रेनलाई नेपाली नागरिक रुसी सेनामा भर्ती भई आफूसँग लडिरहेको सूचना प्राप्त भइसकेको थियो । रुसी सेनामा भर्ती भएका ७ नेपालीलाई युक्रेनले युद्धबन्दीको हैसियतमा नियन्त्रणमा राखेको छ ।

शेर स्याङ्बो र फुर्वालाई अँध्यारो कोठामा राखेर अनुसन्धान अघि बढायो । 'त्यो कोठा निकै सानो थियो । युक्रेनी प्रहरीले बारम्बार सोधपुछ गर्न मात्रै बाहिर ल्याउने गरेको थियो,' श्रीमान्को भनाइ उद्धृत गर्दै डिमाले सुनाइन्, 'त्यो दुई महिना कठोर नै थियो ।' त्यो दुई महिना कुन हदसम्म कठोर थियो ? जासुसी पत्ता लगाउन कस्तो-कस्तो अनुसन्धानका तरिका अपनाइयो ? कुटपिट भयो कि भएन भन्ने जस्ता पूरा विवरण डिमासँग छैनन् । यसबारे स्याङ्बो र फुर्वा आफैंले धेरै कुरा बाहिर बताएका छैनन् । तर, उनीहरूको मानसिक स्वास्थ्य अवस्थाले त्यतिखेरको अवस्था पक्कै सहज नरहेको देखाउँछ ।

अदालतले स्याङ्बो र फुर्वा जासुसी गर्न नआएको फैसला सुनाएपछि मात्रै प्रहरीले डिटेन्सन सेन्टर (घरफिर्ती केन्द्र) मा पठायो । स्याङ्बोले यसबारे डिमालाई जानकारी दिँदै फोनमा भनेका थिए, 'नेपाल सरकारले मात्रै युक्रेनबाट हामीलाई निकाल्न सक्छ रे, तिमीले सरकारलाई भन्नुपर्‍यो ।' गत ८ साउनमा कन्सुलर विभागमा पुगेर डिमाले युक्रेनबाट उद्धार गरिपाउँ भन्दै निवेदन दिइन् । उनीहरूको अवस्थाबारे २५ साउनमा मात्रै युक्रेन मामिला हेर्ने जर्मनीको बर्लिनस्थित नेपाली दूतावासले जानकारी पायो । दूतावासले दुवै जनालाई नेपाल पठाइदिन युक्रेनको कन्सुलर विभाग, मोल्डोभा दूतावासलाई पत्र लेखेको थियो ।

दुई जनालाई कुन देशबाट नेपाल फिर्ता गर्ने विषय जटिल बनिदियो । किनभने, २४ फेब्रुअरी २०२२ देखि युक्रेनका सबै अन्तर्राष्ट्रिय विमानस्थलमा सैन्य उडानबाहेकका आवागमन बन्द छ । अर्कोतर्फ २०२३ जनवरीको तेस्रो सातादेखि युक्रेनसँग सिमाना जोडिएका मुलुकले युक्रेनमा रहेका नेपाली लगायतका नागरिकले आफ्नो देशमा प्रवेश गर्न खोज्ने विदेशीलाई प्रवेशाज्ञा (भिसा) जारी नगर्ने निर्णय गरेको थियो ।

'गैरकानुनी रूपमा युक्रेन प्रवेश गर्ने कुनै पनि नेपालीलाई त्यहाँबाट युक्रेनसँग सिमाना जोडिएका मुलुकमा जान सम्बन्धित मुलुकको युक्रेनस्थित दूतावास वा सिमानामा रहेका अध्यागमन कार्यालयले प्रवेशाज्ञा जारी नगर्ने,' १० फागुन २०७९ मै नेपाली दूतावासद्वारा जारी विज्ञप्तिमा भनिएको थियो, 'युक्रेनमा हाल अन्तर्राष्ट्रिय उडानसमेत स्थगित भएको सन्दर्भमा नेपाली दूतावासबाट यात्रा अनुमतिपत्र जारी भई त्यहाँबाट बहिर्गमन हुन सक्ने अवस्था छैन ।'

नेपाली दूतावाससामु उनीहरू दुई जनालाई मोल्डोभाबाट नेपाल फर्काउन सक्ने मात्रै विकल्प थियो । 'उनीहरू मोल्डोभाको विमानस्थलबाट युक्रेन पुगेका थिए । त्यसकारण हाम्रो पहिलो रोजाइ नै मोल्डोभा थियो । मोल्डोभाले नै ट्रान्जिट भिसा दिनुपर्छ भन्ने सर्त राख्यौं,' दूतावासका उपप्रमुख सागर फुयालले कान्तिपुरसँग भने, 'त्यसबमोजिम नै सम्बिन्धत निकायसँग पहलकदमी बढायौं ।'

युद्धग्रस्त मुलुकसँग कूटनीतिक-पत्राचारको पहलले मात्रै उद्धार कार्य सम्भव थिएन । त्यसो त युद्ध लडिरहेको देशको प्रशासन पनि सामान्य थिएन । दूतावासले उद्धारका लागि एकपछि अर्को संयन्त्रको पहिचान र परिचालन गर्न थाल्यो । २०२४ अगस्टमा आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आईओएम) लाई सहजीकरण गरिदिन भन्दै दूतावासले पत्र लेख्यो । युक्रेनको सीमा सुरक्षा फौजलाई आग्रह गरियो । युक्रेनको डिपार्टमेन्ट अफ जनरल फर कन्सुलर सर्भिसका कन्सुलर मिनिस्टरसँग कैयौं पटक फोन संवाद भयो ।

रुसको राजधानी मस्कोस्थित मोल्डोभाको दूतावासलाई पत्राचार भयो । जर्मनीको बर्लिनस्थित मोल्डोभाको दूतावाससँग पत्राचारका साथै फोन संवाद भयो । कतैबाट केही जोर चलेन । दूतावासले सिधै मोल्डोभाको गृह मन्त्रालयलाई पत्र पठाएर ट्रान्जिट भिसा दिन आग्रह गर्‍यो । यसबीचमा नवनियुक्त राजदूत डा. शैल रूपाखेती पुगेपछि उद्धार प्रक्रियालाई थप अगाडि बढाउन सहज भयो ।

युक्रेनको सीमा सुरक्षा फौजले उद्धारको सहजीकरण गर्न युक्रेनका लागि श्रीलंकाको अवैतानिक वाणिज्यदूत क्रिरिल कावानेटसँग दूतावासको सम्बन्ध जोडिदियो । कावानेट नेपालबारे जानकार थिए । उनले ७ औं पटक नेपाल भ्रमण गरिसकेका थिए । जेलमा गएर भेट्नेदेखि मोल्डोभासम्मको भिसा उपलब्ध गराउन उनले आफ्नो प्रयत्न जारी राखे । 'किभ आसपासमा कतिखेर कहाँ के हुन्छ, थाहा हुँदैन । यस्तो अवस्थामा क्रिरिलले छिटो उद्धार गर्न सम्भव भएसम्म सबै प्रयास जारी राखे,' फुयालले भने । यही प्रयत्नले २३ माघमा सार्थकता पाएको हो ।

मोल्डोभाद्वारा जारी गरिएको ट्रान्जिट भिसा र गैरआवासीय नेपाली संघले उपलब्ध गराएको हवाई टिकट बोकेर क्रिरिल स्याङ्वो र फुर्वालाई छुटाउन किभस्थित एमसीसी डिटेन्सन सेन्टरमा पुगेका थिए । क्रिरिल उनीहरूलाई लिएर आफैं किभबाट करिब ५ सय ७५ किमि टाढा रहेको मोल्डोभाको राजधानी चिसिनाउस्थित अन्तर्राष्ट्रिय विमानस्थल पुर्‍याउन पुगे । त्यहाँबाट स्थानीय समय १ बजे उडेका उनीहरू टर्की विमानस्थलबाट दिल्ली हुँदै शुक्रबार (२५ माघमा) त्रिभुवन विमानस्थल आइपुगेका हुन् ।

'मेरो श्रीमान् सकुशल आइपुग्नु नै मेरा लागि सौभाग्य हो । ऋण लागेर केही छैन । छोरामान्छेले कमाइहाल्छ । अबको तीन महिना ऋणको कुनै कुरा गर्दिनँ,' डिमाले भनिन्, 'मेरो श्रीमान् डिप्रेसनबाट शतप्रतिशत बाहिर निस्किनुहोस् । यत्ति भए मलाई पुग्छ ।'



मिति : २०८१/०४/०८

श्री परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग
कन्सुलर तथा कानूनी परामर्श शाखा
त्रिपुरेश्वर, काठमाडौं ।

विषय : उद्धार गरि फिर्ता हुन

जिल्ला दोलखा गा.पा./न.पा. बिगु वडा नं. ६ को श्री शेर स्याङ्बो शेर्पा राहदानी नं. PA001427 वैदेशिक रोजगारी/अध्ययन भाषा को लागि युक्रेन देशमा गएकोमा [illegible]

Yevropeyska Street, V. Martynivske, Vozesensk district Mykolaiv region, 56525 Ukrain [illegible]

कम्पनीको नाम ठेगाना : MCC: 1 Yevropeyska Street, V. Martynivs Vozesensk district Mykolaiv region 5652

संकेत, कन.का.CSC.183.080413 मिति : २०८१.०४.०८
श्री नेपाली राजदूतावास/महावाणिज्यदूतावास/स्थायी नियोग विस्तृत व्यहोरा निवेदनबाट अवगत गर्नुभई आवश्यक कारवाही गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

कानून/कन्सुलर अधिकृत

नाम : डिमा शेर्पा
नाता : श्रीमति



नेपाली राजदूतावास
Embassy of Nepal
Berlin, Germany

अत्यन्त जरुरी सूचना

अध्यागमन कानून उल्लंघनका कारण २०२४ को मे महिनादेखि युक्रेनमा जेलमा रहेका दुई नेपाली नागरिकहरूलाई यस राजदूतावासको अथक र निरन्तर प्रयासमा युक्रेनको परराष्ट्र मन्त्रालय, किभस्थित International Organization for Migration (IOM), Border Security Guards, Ukraine, किभस्थित मोल्डोभाको राजदूतावास र युक्रेनका लागि श्रीलंकाका अवैतनिक वाणिज्यदूतको सहयोग लिएर युक्रेनबाट उद्धार गरी आज, ०६ फेब्रुअरी २०२५ मोल्डोभाको Chisinau बाट नेपाल फर्काइएको छ। नेपाल फर्कनका लागि आवश्यक हवाईजहाजको टिकटको प्रबन्ध गैरआवासीय नेपाली संघको मुख्यालयले गरेको थियो।

विषम परिस्थितिमा रहेको मुलुक युक्रेनमा कुनै पनि प्रयोजनको लागि वा कुनै प्रकारको प्रलोभनमा परी नजान यस राजदूतावासले २०७९ फागुन १० (२२ फेब्रुअरी २०२३) का दिन सूचना समेत जारी गरिसकेको अवस्थामा पनि मानव तस्करहरूको प्रलोभनमा परि अझै पनि छिटपुट रूपमा नेपाली नागरिकहरू युक्रेन आएको पाइएको छ।

सन् २०२३ को जनवरी तेस्रो हप्तादेखि युक्रेनसँग सिमाना जोडिएका मुलुकहरूले युक्रेनमा रहेका नेपाल लगायतका मुलुकहरूबाट आफ्नो देशमा प्रवेश गर्न खोज्ने विदेशीहरूलाई प्रवेशाज्ञा (Visa) जारी नगर्ने निर्णय गरेको समेत यस राजदूतावासबाट जारी गरिएको सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराइएको भएतापनि प्रलोभनमा परी वा स्वेच्छाले युक्रेन आउनुका पछाडि युक्रेनको विद्यमान जटिल अवस्थाबाट फाइदा लिँदै युरोपका अन्य मुलुक प्रवेश गरी पलायन हुन सकिन्छ भन्ने मनसाय रहेको पाइएको छ।

कुनै पनि तरिकाबाट युक्रेन प्रवेश गरी विपदमा परेको अवस्थामा उद्धार गर्न अत्यन्त कठीन हुने भएकोले यो वा त्यो बहानामा युक्रेन प्रवेश नगर्न यस राजदूतावास सबै नेपाली नागरिकलाई पुनः अनुरोध गर्दछ।

नेपाली राजदूतावास
बर्लिन, जर्मनी ।
मिति २०८१ माघ २४ (०६ फेब्रुअरी २०२५)

आजको राशिफल

प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

मेष – कुनै कुरालाई समयकै भरमा छोड्नु उचित हुनेछ । निर्णयात्मक कार्य गर्दा नहतारिएकै राम्रो होला । झिनामसिना कुराबाट तर्किन सके मन शान्त रहला ।

वृष – व्यक्तिगत काममा सफलता मिल्नेछ । प्रायः सबै काम तपाईं अनुकूल नै हुनेछन् । कुनै कुरामा आकस्मिक लाभ हुन सक्छ ।

मिथुन – आफ्नो कार्यक्षेत्रमा सक्रिय रहन खोजिनेछ । समयानुसारका सबै काममा उपस्थित हुन खोजिनेछ । आफ्नो खुसीका लागि पनि केही समय छुट्याइनेछ ।

कर्कट – समय आफू अनुकूल बन्दा मन प्रसन्न रहनेछ । कुनै कुराको आकस्मिक लाभ हुन सक्छ । समयसन्दर्भ विचारेर आफूलाई प्रस्तुत गर्न खोजिनेछ ।

सिंह – कामको प्राथमिकतामा ध्यान दिइनेछ । कसैका कुरामा खासै वास्ता गरिनेछैन । जेजसो गर्दा मन खुसी हुन्छ उसरी नै काम गरिनेछ ।

कन्या – समसामयिक कामका लागि कुनै कुराको जोहो हुन सक्छ । कुनै कुराको पूर्णताले मन ढुक्क रहनेछ । भावी कामकुराका बारे मनले योजना बुन्न थाल्नेछ ।

तुला – समय आफू अनुकूल बन्दै जानेछ । काम गर्दा सहज अनुभव होला । व्यक्तिगत खुसी विचार्दै आफूलाई केही समय दिइनेछ ।

वृश्चिक – बेलैमा काम सकी स्वतन्त्र हुन खोजिनेछ । मनको बोझ हट्न गई तनावमा कमी आउनेछ । आफ्ना कामकुराका लागि पनि समय दिन पाइनेछ ।

धनु – विविध कुराले गर्दा मनमा कुरा खेल्न सक्छ । मनको बोझलाई हलुको पार्न मन लालायित रहला । मन मिल्ने इष्टसित कुरा व्यक्त गरिनेछ ।

मकर – विविध कुराले व्यस्त रहनुपर्ला । प्राथमिकताका कुरामा झुकाव बढ्नेछ । अनुकूल परिस्थिति विचारेर आफ्नो अभिव्यक्ति दिन खोजिनेछ ।

कुम्भ – समयसन्दर्भ विचारेर आफूलाई प्रस्तुत गरिनेछ । सबैतिरबाट अपेक्षित सहयोग पाइनेछ । आफ्ना कामका निम्ति केही समय बाहिर निस्किनुपर्ला ।

मीन – पारिवारिक खुसी विचारी काम गर्न खोजिनेछ । सकेसम्म आफ्ना लागि पनि समय छुट्याइनेछ । कुनै काम स्थगित गर्नुपर्ने हुन सक्छ ।

वर्गीकृत डिस्प्ले

Trishakti Cable Industries Pvt. Ltd. | Vacancy
SR. SALES OFFICER
Experience 5 years in related field
recruitment@hydrosolutions.com.np
Contact: 9802376885

जग्गा बिक्रीमा
काभ्रेपलाञ्चोक-३, महेन्द्रज्योति बनेपा
जम्मा क्षेत्रफल ४-१०-१-२
Contact: 9841512560

आवश्यकता
एक प्रतिष्ठित सहकारी संस्था काठमाडौं टेकुको लागि विभिन्न पदका कर्मचारी आवश्यकता भएकोले इच्छुक उम्मेदवारहरूले सम्पर्क गर्नुहोला ।

पद	संख्या	तलब
व्यवस्थापक	१	६०,०००
अनुभव: ५ वर्ष काम गरेको (Qualification: Bachelors Pass)		
मार्केटिङ सुपरभाइजर	२	२५,०००
रिसेप्सनिष्ट	२	२३,०००
मार्केटिङ	५	१५,०००

Please mail your CV @ vacancyteku@gmail.com
सम्पर्क: ०१-५३६६३४७, ५३६६३४८

Vacancy
A reputed school at Kalanki has vacancies for the following posts:
1. Science Teacher for (Grade 5 to 7) -1
2. Mathematics Teacher for (Grade 5 to 7) -1
3. Montessori Teacher -1
Requirement:
- Minimum 3 Years experience
- Fluent English Communication Skill
- Child centered teaching Skill
- Attractive Salary
Only experienced and qualified teachers are requested to submit their online application with latest CV and PP size photo at translatorsnepal@gmail.com

वर्गीकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

नानीमैयाँ दाहालको 'घडी'

नानीमैयाँको जित उनको लोकप्रियता, एजेन्डा, संघर्ष वा सपनाको अनुमोदन थिएन तर यसले सन्देश दिएको थियो- कुनै व्यवस्था कट्टर र निरंकुश हुँदै गयो भने, नानीमैयाँजस्ता व्यक्तिले व्यवस्थाको ऐना देखाइदिन्छन्

किशोर दहाल (काठमाडौं)

दलविहीन पञ्चायत प्रणालीमा राष्ट्रिय व्यवस्थापिकाका रूपमा 'राष्ट्रिय पञ्चायत' थियो। २०१९ सालमा जारी संविधानको तेस्रो संशोधनले सो सभामा जनताबाट निर्वाचित १ सय १२ र राजाबाट मनोनीत २८ सदस्य रहने व्यवस्था गरेको थियो। निर्वाचनका लागि ३८ जिल्लामा एक र ३७ जिल्लामा दुई क्षेत्र तय गरिएको थियो। दुई निर्वाचन क्षेत्र भएका जिल्लामा सबैभन्दा बढी मत ल्याउने दुई उम्मेदवार विजयी हुन्थे। काठमाडौं त्यस्तै जिल्ला थियो।

जनमत संग्रहको एक वर्षपछि २०३८ वैशाख २७ मा भएको राष्ट्रिय पञ्चायतको निर्वाचनमा काठमाडौंबाट उम्मेदवार बनेकी थिइन्- नानीमैयाँ दाहाल। उनको चुनाव चिह्न घडी थियो। उनीसँगै तत्कालीन मन्त्री जोगमेहर श्रेष्ठ साइकल चुनाव चिह्न लिएर उठेका थिए। निर्वाचनमा नानीमैयाँ ६५ हजार ७ सय ७७ र श्रेष्ठ २९ हजार ७ सय ४१ मत पाएर विजयी भए। अर्थात् नानीमैयाँले बहालवाला मन्त्रीभन्दा दोब्बर मत प्राप्त गरिन्।

त्यसअघि र पछि पनि नेपालमा थुप्रै निर्वाचन भइसकेका छन्। उक्त निर्वाचन र परिणामको भने सदाबहार चर्चा हुने गर्छ। विजयी उम्मेदवारका रूपमा नानीमैयाँ स्वयंको चर्चा र चित्रण हुनु त स्वाभाविक नै छ तर काठमाडौंका मतदाताले बेलाबखत गर्ने अनौठो छनोटको सदाबहार प्रसंग बनेर उनको जित स्थापित भएको छ। त्यसैले काठमाडौंलाई व्यंग्य गर्ने गरिएको छ, 'नानीमैयाँ दाहाललाई जिताउने ठाउँ।'

त्यति बेला नानीमैयाँले पाएको 'घडी' चुनाव चिह्न एउटा प्राविधिक विषय मात्रै थियो। दीर्घकालमा भने त्यस समयलाई बुझाउने एउटा बलियो बिम्बका रूपमा समेत स्थापित भयो।

जनमत संग्रहमा पञ्चायत पक्षकै जित भएपछि बहुदलवादीमा रिस कायमै थियो। उनीहरू रिस रचनात्मक र शान्तिपूर्ण ढंगले अभिव्यक्त गर्ने सन्दर्भ खोजिरहेका हुन्थे। यसै मेसोमा आइपुगेको थियो- राष्ट्रिय पञ्चायतको निर्वाचन।

पहिल्यै गाउँ पञ्चायतको उपप्रधान भइसकेको भए पनि नानीमैयाँ मूलतः गैरराजनीतिक व्यक्तिजस्ती थिइन्। जानकारहरू भन्छन्- नानीमैयाँको स्वभाव अनौठो थियो। उनी हक्की थिइन्। लडाकु स्वभावकी थिइन्। मन्त्रीदेखि प्रहरीसम्म, जोसुकैसँग आफ्नो सवाल प्रस्टसँग राख्थिन्, उस्तै परे हातपातमै उत्रिन्थिन्। कार्यालयमा गएर टेबलको सिसा फुटाल्थिन्।

नानीमैयाँको उम्मेदवारीलाई पञ्चायतप्रति असन्तुष्ट व्यक्ति, समूह र पार्टीले अवसरका रूपमा लिएका थिए। त्यो यस अर्थमा कि, पञ्चायत कतिसम्म जीर्ण व्यवस्था भइसक्यो भने यहाँ नानीमैयाँजस्ता व्यक्तिले पनि जित्न सक्छन् भन्ने स्थापित गर्न सहज हुने उनीहरूको ठम्याइ थियो। अर्कातर्फ, पञ्चायतअन्तर्गतका निर्वाचनको औचित्य छैन, बरु निरर्थक उपक्रम मात्रै हो भनेर सन्देश दिन सहज हुन सक्थ्यो।

पञ्चायतविरोधीले नानीमैयाँलाई जिताउने अभियान थाले। खासगरी भूमिगत पार्टीसँग जोडिएका काठमाडौंमा अध्ययनरत विद्यार्थीले सहयोग गरे, प्रचारमा लागे। यसका निम्ति प्रतिबन्धित दलका नेताहरूले 'हरियो बत्ती' बालिदिएका थिए।

'जो पूर्ण रूपमा आउटसाइडर हो, जो त्यति बेलाको सोपानतन्त्रमा कतै पनि छैन। यस्तै व्यक्तिलाई राष्ट्रिय पञ्चायतमा पठाउनुपर्छ, यस्तै व्यक्तिले बरु 'जहाजमा प्वाल' पार्छन् भन्ने किसिमको सोचले काम गऱ्यो,' त्यतिबेला विद्यार्थी रहेका र नानीमैयाँलाई सघाएका लेखक तथा विश्लेषक सीके लालले भने।

> **कुनै पनि व्यक्तिको राजनीतिमा उदय वा चुनावी जितमा दृश्य/अदृश्य प्राविधिक कारण हुन सक्छ तर टिक्नका लागि आफ्नै सैद्धान्तिक र वैचारिक शक्ति चाहिन्छ, नानीमैयाँमा यो पक्षको अभाव थियो**

नानीमैयाँको जितका लागि पञ्चायतभित्रको उदारवादी र अनुदारवादी खेमाको संघर्ष पनि सहायक बन्यो। जनमत संग्रहपछि तथाकथित उदारवादी हाबी हुन्छन् भन्ने डरमा थिए अनुदारवादी। 'उदारवादी पञ्चलाई यिनैले ठीक पार्छिन् भन्ने सोच अनुदारवादीमा थियो। व्यवस्थालाई नै उल्ट्याउने पात्र पनि हुन सक्छिन् भन्ने सोच बहुदलवादीमा थियो। दुवैको सहयोग उनलाई प्राप्त भयो,' लाल भन्छन्।

स्पष्ट छ, नानीमैयाँको जित उनको लोकप्रियता, एजेन्डा, संघर्ष वा सपनाको अनुमोदन थिएन। निर्वाचनमै होमिएको भए पनि उनी त्यसका लागि परिचित थिइनन्। यस प्रसंगले दिने सन्देश पर्याप्त छ- कुनै पनि व्यवस्था कट्टर र निरंकुश हुँदै गयो भने, समाजको चेतनशील समूह जोडिन नसक्ने गरी बन्देज लाग्यो भने, आममानिसको संलग्नताभन्दा एक वर्गको हालीमुहाली गर्न संयन्त्र बन्यो भने त्यहाँ नानीमैयाँजस्ता व्यक्तिले व्यवस्थाको ऐना देखाइदिन्छन्।

काठमाडौंलगायतका सहरका मतदाताले अनौठो निर्णय लिनुको अतिरिक्त कारण पनि छ, जो अन्य निर्वाचनमा पनि पुनरावृत्त हुने गरेको छ। 'सहरी क्षेत्रमा स्वतन्त्र आय भएका व्यक्तिहरू हुन्छन्। सानोतिनो आफ्नै काम गर्ने, व्यवसाय गर्ने र विद्यार्थीलाई सत्ताको खेलसँग धेरै मतलब हुँदैन। उनीहरूले आफ्नो रिस विद्रोही र 'प्याडिकल' जस्तो लाग्ने उम्मेदवारमार्फत प्रकट गर्छन्,' लालको भनाइ छ, 'त्यस्ता उम्मेदवारले खासै केही गर्दैनन् भन्नेचाहिँ थाहा हुन्छ। तर यथास्थितिलाई एक पटक हल्लाउँछन् भनेर आत्मरति लिने सोच हुन्छ।'

नानीमैयाँको जित र त्यसपछि उनको राजनीतिक उपस्थितिलाई व्याख्या गर्न सकिने अर्को पक्ष पनि छ। त्यो हो- कुनै पनि व्यक्तिको राजनीतिमा उदय वा चुनावी जितमा दृश्य/अदृश्य प्राविधिक कारण हुन सक्छ तर टिक्नका लागि आफ्नै सैद्धान्तिक र वैचारिक शक्ति चाहिन्छ। नानीमैयाँमा यो पक्षको अभाव थियो।

राष्ट्रिय पञ्चायतमा पुग्नुअघि नानीमैयाँ मान्छेकै मुद्दा बोकेर सडकमा हिँड्थिन्। प्रहरी तथा सरकारी कर्मचारीबाट सहयोग नपाएका व्यक्ति तथा समूह उनीसामु पुग्थे, उनी सम्बन्धित निकायमा गएर टेबल ठोक्थिन्।

राष्ट्रिय पञ्चायतमा उनीसँगै सदस्य रहेका बुद्धिमान तामाङ नानीमैयाँ आएपछि कर्मचारीले हत्तपत्त काम गरिदिने गरेको सम्झिन्छन्। 'मन्त्रालयमा उनी आउने भएपछि कर्मचारी सचेत हुन्थे,' उनले भने। तामाङ सम्झिन्छन्, 'लोकेन्द्रबहादुर चन्दविरुद्ध अविश्वासको प्रस्ताव राख्दा सुरुमा ४६ जनाले हस्ताक्षर गरेका थियौं। पछि धेरैले फिर्ता लिए। नानीमैयाँ भने तयार भइनन्। हस्ताक्षर फिर्ता नलिएका ३५ जनालाई महान्यायाधिवक्ता तथा राष्ट्रिय पञ्चायत अध्यक्षले बोलाएर प्रश्न गरे। त्यहाँ नानीमैयाँले आफ्नो हस्ताक्षरको बचाउमा यसरी कड्केर बोलिन् कि मेरो कान गुन्जिएको अहिले पनि सम्झन्छु।'

व्यवस्थाविरोधी वा त्यति बेला हालीमुहाली गरिरहेको वर्गप्रति असन्तुष्ट मतदाताले नानीमैयाँलाई जिताइदिएका थिए। यही ढंगले बेलाबखत कमजोर, विवादित वा व्यवस्थाकै विरोधीले पनि चुनाव जित्न सक्छन् तर सधैं त्यस्तो हुँदैन। बरु चाँडो उदाउने शक्ति चाँडै सेलाउँछ। नानीमैयाँको हकमा पनि त्यही भयो। उनी २०४३ को राष्ट्रिय पञ्चायत निर्वाचनमा पराजित भइन्। २०४६ सालमा चलेको जनआन्दोलनमा उनी बहुदलको पक्षमा उभिइन्।बहुदलपछि २०५१ र २०५६ मा पनि उनी काठमाडौं-१ बाट प्रतिस्पर्धी बनेकी थिइन्। तर क्रमशः ७० र ८६ मत मात्रै पाइन्।

नानीमैयाँ २०३८ को राष्ट्रिय पञ्चायत निर्वाचन जित्दा केवल ३२ वर्षकी युवा थिइन्। ४३ वर्षअघि राजनीतिमा संलग्न हुने विषय महिलाका निम्ति चुनौतीपूर्ण नै थियो। जनताबाट प्रत्यक्ष निर्वाचित १ सय १२ जनाको सूचीमा नानीमैयाँ र भद्रकुमारी घले मात्रै महिला देखिन्छन्। त्यसैले पनि नानीमैयाँको जितको अतिरिक्त अर्थ थियो।

जसपा नेपालले भूमिसम्बन्धी बाहेकका ५ अध्यादेश स्विकार्ने संकेत

भूमिसम्बन्धी अध्यादेशको विपक्षमा मतदान गर्न आफ्ना सांसदलाई जसपा नेपालको 'ह्विप'

जयसिंह महरा (काठमाडौं)

जसपा नेपालले 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश' अस्वीकार गर्ने निर्णय गरेको छ। अरू ५ अध्यादेश भने प्रतिस्थापन विधेयकमार्फत संशोधन गर्ने सर्तमा स्वीकार गर्ने निर्णय जसपा नेपालको संसदीय दल बैठकले गरेको छ।

आफैंले समर्थन गरेको सरकारको नियतमा प्रश्न उठाउँदै मंगलबार जसपा नेपालले भूमिसम्बन्धी अध्यादेश स्वीकार नगर्ने निर्णय लिएको हो। जसपा नेपालका प्रथम उपाध्यक्ष तथा अध्यादेश अध्ययन कार्यदलका संयोजक राजकिशोर यादवले भूमिसम्बन्धी अध्यादेश दीर्घकालीन रूपमा मुलुकको हितमा नरहेको बताए। 'यो अध्यादेश भूमाफिया र केही बिचौलियालाई जग्गा बाँड्ने नियतका साथ ल्याइएको हाम्रो ठहर छ, यसले मुलुकलाई ठूलो क्षति पुऱ्याउँछ। त्यसैले भूमिसम्बन्धी अध्योदश स्वीकार गर्न सकिँदैन,' उनले भने।

भूमिसम्बन्धी अध्यादेश माघ २ मा जारी गर्नुअघि सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी, सहकारीसम्बन्धी, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही ऐनलाई संशोधन गर्ने, निजीकरण (पहिलो संशोधन) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश ल्याएको थियो। भूमिसम्बन्धीबाहेकका ५ अध्यादेशका पक्षमा मतदान गर्न सकिने जसपा नेपालको भनाइ छ।

'हामी सिद्धान्ततः अध्यादेश ल्याउने कुराको पक्षपोषण गर्दैनौं। सरकारले आवश्यक भनेर ल्याइसकेपछि यसको बढावा नहुने गरी या भविष्यमा यस्ता कार्य नदोहोरिने गरी जान्छौं,' प्रथम उपाध्यक्ष यादवले भने, 'बाँकी ५ अध्यादेशमा हाम्रा केही अहसमति छन्, सरकारसँग वार्ता भयो र असहमति स्वीकार हुने भयो भने पक्षमा मतदान गर्न सकिन्छ।' अन्य ५ अध्यादेशमा रहेका असन्तुष्टिलाई प्रतिस्थापन विधेयकमार्फत सम्बोधन गर्न सरकार तयार हुनुपर्ने जसपा नेपालको भनाइ छ। भूमि अध्यादेश भने गलत नियतका साथ ल्याइएकाले खारेज हुनुपर्ने अडान उसले राख्ने भएको छ।

सरकारले ल्याएको अध्यादेश संघीय संसद्का दुवै सदनबाट पारित गर्नुपर्ने संवैधानिक प्रावधान छ। राष्ट्रिय सभामा निर्णायक सांसद संख्या रहेको जसपा नेपालको निर्णय कुरेर नै सरकारले अध्यादेश 'स्वीकृत गरियोस्' भन्ने प्रस्ताव अघि बढाएको थिएन। निर्णय लिन ढिला भइरहँदा जसपा नेपालमाथि भने अध्यादेशलाई देखाएर सत्ताको सौदाबाजी गरिरहेको लाग्न थालेको थियो। 'विविध प्रकारका प्रचारबाजी हुँदै गर्दा हाम्रो अडान र मुद्दालाई विषयान्तर गर्ने कुप्रयास र षड्यन्त्र भयो भन्ने ठानेका छौं। यी सबैलाई चिर्ने गरी हामी निष्कर्षमा पुगेका छौं,' जसपा नेपालका प्रथम उपाध्यक्ष यादवले भने।

> **भूमिसम्बन्धी अध्यादेश पारित भए केही भ्रष्टाचारी, कमिसन खोर, बिचौलिया दलाल, सरकारनजिक रहेका व्यक्ति, भूमाफियालाई नै अत्यधिक लाभ हुनेछ, तराई/मधेश मरुभूमीकरण हुनेछ**
>
> ● **उपेन्द्र यादव**
> अध्यक्ष, जसपा नेपाल

> **सत्ता पक्षमा रहेर पनि अध्यादेश अस्वीकार गर्ने पक्षमा उभिनु अपरिपक्व निर्णय हो, जसपा नेपालको निर्णयकै कारण अध्यादेश स्वीकृत हुँदैन भन्ने होइन, अन्य विकल्प पनि छन्**
>
> ● **अजयकुमार चौरसिया**
> कानुनमन्त्री

जसपा नेपालको संसदीय दलले भूमिसम्बन्धी अध्यादेश 'स्वीकृत गरियोस्' भन्ने प्रस्तावको विपक्षमा मतदान गर्नका लागि प्रतिनिधिसभा र राष्ट्रिय सभामा रहेका सांसदलाई 'ह्विप' लगाउने निर्णय पनि गरेको छ। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले विभिन्न बहानामा विभिन्न व्यक्तिलाई जग्गाको परिमाणको सीमा तथा क्षेत्रसमेत नतोकी बिक्रीवितरण गर्न अध्यादेश ल्याइएको बताएका छन्। उनले विज्ञप्ति जारी गर्दै उक्त अध्यादेशप्रति गम्भीर असहमति र विरोध रहेको उल्लेख गरेका छन्। 'राष्ट्रिय वन जंगल अतिक्रमण गरी, फँडानी गरी अवैध रूपमा बसोबास गर्ने व्यक्तिहरूलाई बाँड्नेलगायतका कार्यबाट वन विनाश भई पर्यावरण र जैविक विविधता नष्ट हुन सक्छ,' यादवले विज्ञप्तिमा भनेका छन्, 'आन्तरिक बसाइँसराइ तथा आप्रवासनमा अत्यधिक वृद्धिका कारण भविष्यमा आन्तरिक द्वन्द्वको सिर्जना भई मुलुकलाई नै छिन्नभिन्न पार्ने खेल हुने सम्भावना छ।' अध्यादेशकै कारण तराई/मधेश मरुभूमि बन्ने अध्यक्ष यादवको भनाइ छ।

अध्यादेशका सम्बन्धमा जसपा नेपालले निर्णय गरेपछि मंगलबार साँझ सत्ता गठबन्धनको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक बालुवाटारमा बसेको थियो। बैठकमा अध्यादेशका सम्बन्धमा तीनवटा विकल्पमा छलफल भएको एक नेताले जानकारी दिए। उनका अनुसार सबै अध्यादेशलाई हाल यथावत् राख्ने, जस्ताको तस्तै स्वीकृतिका लागि संसदीय प्रक्रियामा लैजाने वा अध्यादेश फिर्ता गर्ने भन्ने विकल्पमा छलफल भएको थियो।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले ६ वटै अध्यादेश संसद्बाट स्वीकृत भई संविधानले तय गरेको ६० दिनको सीमाभित्र प्रतिस्थापन विधेयक प्रमाणीकरण भइसक्ने दाबी गरेका छन्। जसपा नेपाल सत्ता पक्षमै रहेर पनि अध्यादेश अस्वीकार गर्ने पक्षमा उभिनु अपरिपक्व निर्णय भएको उनको भनाइ छ। 'उहाँहरू सत्ता पक्ष हो। अन्य अध्यादेशमा समर्थन गर्ने अनि भूमि अध्यादेश अस्वीकार गर्ने भन्ने सुनिएको छ। जसपा नेपालको निर्णयकै कारण अध्यादेश स्वीकृत हुँदैन भन्ने होइन। अन्य विकल्प पनि छन्, सरकारले अरू पार्टीसँग पनि कुरा गरिरहेको छ,' मन्त्री चौरसियाले भने, 'उहाँहरूले सार्वजनिक खपतका लागि निर्णय गर्नुभएको हो। यसमा थप प्रतिक्रिया छैन।'

विश्वविद्यालयको कानुन शिक्षासम्बन्धी अधिकार बार काउन्सिललाई दिने कानुन बन्दै

जयसिंह महरा (काठमाडौं)

कानुन पठनपाठन गराउने विश्वविद्यालयले नेपाल कानुन व्यवसायी परिषद् (बार काउन्सिल) ले तोकेका विषय, अवधि र व्यावहारिक तथा कानुनी शिक्षाको मापदण्ड मान्नुपर्ने व्यवस्थासहितको विधेयक राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिबाट पारित हुन लागेको छ।

समितिले अन्तिम रूप दिन लागेको विधेयकमा बार काउन्सिलले तोकेका विषय, शैक्षिक अवधि र अन्य मापदण्ड नमान्ने विश्वविद्यालयका विद्यार्थीलाई अधिवक्ताको लाइसेन्स परीक्षामा सहभागी नगराइने व्यवस्था राखिएको छ। सरकारले ल्याएको 'नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक' लाई संसदीय समितिले केही संशोधन गरेर पारित गर्न लागेको हो। त्यसमा वश्वविद्यालयको कानुनी शिक्षाको मापदण्ड तय गर्ने अधिकार बार काउन्सिलमा रहने व्यवस्था गर्ने भनिएको छ। विधायन व्यवस्थापन समितिबाट पारित गर्न लागिएको विधेयकमा भनिएको छ, 'परिषद्ले शैक्षिक अवधि, व्यावहारिक तथा कानुनी शिक्षा र कानुन व्यवसायी परीक्षामा सहभागी हुनका लागि न्यूनतम रूपमा अध्ययन गर्नुपर्ने विषयहरू शैक्षिक संस्थाको पाठ्यक्रममा समावेश गर्ने सम्बन्धमा सम्बन्धित शैक्षिक संस्थाको समन्वय र परामर्शमा आवश्यक मापदण्ड निर्धारण गर्नेछ र त्यसको जानकारी सम्बन्धित शैक्षिक संस्थालाई दिनुपर्नेछ।'

मापदण्ड नमाने कारबाही हुने व्यवस्था पनि गरिँदै छ। 'मापदण्ड अनुरूप अध्ययन नगरेका व्यक्तिलाई कानुन व्यवसायी परीक्षामा सहभागी गराउनुअघि परिषद्ले निश्चित अवधिको पाठ्यक्रम निर्धारण गरी प्रशिक्षणको व्यवस्था मिलाउन सक्नेछ,' विधेयकमा छ, 'परिषद्ले निर्धारण गरेको मापदण्डबमोजिम अध्ययन नगरेको वा प्रशिक्षणमा सहभागी नभएको व्यक्तिलाई कानुन व्यवसायी परीक्षामा सहभागी हुन परिषद्ले रोक लगाउन सक्नेछ।'

> **परिषद्ले तोकेका विषय, शैक्षिक अवधि र अन्य मापदण्ड नमान्ने विश्वविद्यालयका विद्यार्थीलाई अधिवक्ताको लाइसेन्स परीक्षामा सहभागी नगराउने व्यवस्था विधेयकमा**

अधिवक्ताको परीक्षा लिने काउन्सिलले शैक्षिक संस्थामाथि हस्तक्षेप गर्ने कानुनी व्यवस्था गर्न लागिएकामा सरोकारवालाले भने प्रश्न उठाएका छन्। विश्वविद्यालयले वकिल बनाउनका लागि मात्रै कानुन शिक्षा अध्यापन नगराउने विषय बार काउन्सिलले बुझ्नुपर्ने अधिवक्ता ओमप्रकाश अर्याल बताउँछन्। सरकारी अधिकारी, न्यायाधीश, न्यायालयका अधिकारी, शैक्षिक क्षेत्रमा नै काम गर्नेले पनि कानुन शिक्षा पढ्ने गरेको उल्लेख गर्दै उनले विश्वविद्यालयहरूको पाठ्यक्रम र कति वर्ष पढाउने भन्ने सीमा काउन्सिलले लगाउनु सही नभएको तर्क गरे। 'त्यस्तो व्यवस्था विश्वविद्यालयको प्राज्ञिक स्वायत्ततविरुद्ध हुन्छ। त्यसो हो भने त इन्जिनियरिङ, मेडिकल लगायतका काउन्सिलले पनि पाठ्यक्रम बनाए भइहाल्यो। पेसागत परिषद्ले प्राज्ञिक संस्था विश्वविद्यालयमाथि पाठ्यक्रम थोपर्न मिल्दैन,' अर्यालले भने, 'बार काउन्सिलमा शतप्रतिशत राजीतिक व्यक्ति हुन्छन्।' बार काउन्सिल कानुन व्यवसायीको वृत्तिविकास, अनुशासनको कारबाही, लाइसेन्स परीक्षालगायतका कार्यक्षेत्रमा नै सीमित रहनुपर्ने अर्यालको धारणा छ।

बार काउन्सिलका पदेन उपाध्यक्षसमेत रहेका नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले भने अधिवक्ता बन्ने मापदण्ड विश्वविद्यालयमा लगाउन खोजेको बताए। 'विश्वविद्यालयको स्वायत्तता नियन्त्रण गर्न खोजिएको होइन, गुणस्तर मापनका लगि मार्गप्रशस्त गर्ने हो। ती विश्वविद्यालयमा पढेकाहरू अधिवक्ता हुने हो भने बार काउन्सिलले मापदण्ड लगाउँछ,' उनले भने, 'अधिवक्ता हुने होइन भने जुनसुकै पढ्दा पनि हुन्छ।'

खुला विश्वविद्यालयको व्यवस्थापन तथा कानुन संकायका डिन एवं प्राध्यापक अरहण स्थापितले विश्वविद्यालयको पाठ्यक्रम र पाठ्य अवधि तोक्ने अधिकार खोस्ने कानुन बन्नु अन्तर्राष्ट्रिय मान्यताविपरीत हुने बताए। विश्वविद्यालयहरूले दिएको सुझावविपरीत सरकारले बार काउन्सिललाई अधिकार दिन लागेको उनको भनाइ छ।

काठमाडौं विश्वविद्यालय ल फ्याकल्टीका एसोसिएट डिन शिव गिरीले आफूहरूलाई छलफलमा नै नबोलाई संसदीय समितिले कानुन बनाउन लागेको बताए। समितिले परिषद्का पदाधिकारीलाई छलफलमा बोलाए पनि सरोकारवाला विश्वविद्यालयका अधिकारीलाई बोलाएको थिएन।

सम्पादकीय

फाइल खोल्ने चेतावनी, संवैधानिक निकायप्रति बेइमानी

पदबाट बाहिरिएका नेताहरूको एउटै भाषा हुन थालेको छ- 'हामीले फाइल खोल्न लागेका थियौं, त्यसैले हामीलाई निकालियो ।' अझ अगाडि बढेर कतिपयले भन्दै आएका छन्- 'फेरि पदमा पुगियो भने फाइल खोलिन्छ ।' यस्ता भाषणमा प्रयोग हुने 'फाइल' विकास निर्माणका बाधा फुकाउन होइन, विरोधीलाई ठेगान लगाउन हो भन्ने भाषण र सन्दर्भबाटै पनि प्रस्ट हुन्छ । शासनमा बढेको बेथितिले निराश हाम्रो समाजका कतिपय समूहलाई 'फाइल खोल्ने' भाषणले उत्तेजित पनि बनाउँछ । तर, वास्तविकता के हो भने भ्रष्टाचारको फाइल खोल्ने, अनुसन्धान गर्ने र दण्डित गर्ने काम कुनै नेता वा सरकारको हुँदै होइन । यसका लागि त स्थापित विधि र निकाय छन्, जसमा सरकारको कुनै दबाब र प्रभाव हुनुहुँदैन । तर पनि 'म फाइल खोल्छु, सबलाई ठीक लगाउँछु' भनेर कसैले भन्छ भने त्यो सत्ताको मोलमोलाइ हो, अथवा संवैधानिक निकायको केही होइनन् मानसिकता हो । जुनसुकै मानसिकता र उद्देश्यले अभिव्यक्त हुने यस्ता धम्कीलाई कानुनी राजमा निरुत्साहित गर्नुपर्छ । भ्रष्टाचार निवारण गर्ने स्थापित नीति, विधि र संस्थालाई नै बलियो बनाउनुपर्छ । समाजलाई दिग्भ्रमित र विधिलाई अवमूल्यन गर्ने यो शृंखला बन्द हुनुपर्छ ।

संविधान र कानुनविपरीतका कार्य गर्नेमाथि नियमन गर्ने, नियन्त्रण गर्ने, अनुसन्धान गर्ने, मुद्दा दायर गर्ने, फैसला गर्ने र कार्यान्वयन गर्ने जस्ता जिम्मेवारी बोकेका दर्जनभन्दा बढी निकाय राज्यसँग छन् । जस्तो कि, भ्रष्टाचारबारे अनुसन्धान गर्ने तथा मुद्दा दायर गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग छ । सार्वजनिक खरिदबिक्रीको थिति/बेथितिको अनुगमन गर्न राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद अनुगमन कार्यालय छन् । राजस्व चुहावट तथा छली सम्बन्धमा छानबिन तथा मुद्दा दायर गर्न राजस्व अनुसन्धान विभाग छ । त्यस्तै, नेपाल राष्ट्र बैंकले बैंकिङ क्षेत्रलाई नियमन गर्छ । समाज कल्याण परिषद्ले गैरसरकारी संस्थाको अनुगमन गर्छ । सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी र अन्य विनाशका हातहतियार विस्तारमा सहयोग गर्ने कुनै पनि प्रकारका गैरकानुनी कमाइ र योगदानका विरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गर्छ । यीलगायतका अन्य निकायले उजुरी वा आफ्नो विश्लेषण/अनुगमन/नियमनका आधारमा प्राप्त हुने जानकारीमार्फत अनुसन्धान गर्छन् । अदालतले त्यसको न्यायिक परीक्षण गर्छ । दोषीले सजाय पाउँछ । निर्दोषले सफाइ पाउँछन् । फाइल खोल्ने वा बन्द गर्ने वैधानिक बाटो यही हो ।

कुनै पनि अनुसन्धानकर्मी निकायले मन्त्री, प्रधानमन्त्रीको प्रभावमा होइन, कानुनी प्रबन्धका आधारमा आफ्नो जिम्मेवारी पूरा गर्ने हो । तर पूर्वप्रधानमन्त्री तथा मन्त्रीले फाइल खोल्दै थिएँ भनेर दोहोऱ्याउने अभिव्यक्तिबाट उनीहरू अनुसन्धानकर्मी निकायलाई आफ्नो औंलामा नचाउँथे, दुरुपयोग गर्थे, प्रतिशोधमा प्रयोग गर्थे र अहिले त्यो काम अरू कसैले गरेको छ भन्ने बुझिन्छ । उनीहरूले भाषणमा जे भनिरहेका छन्, त्यसो गरेकै थिए भने गैरकानुनी हो । त्यसबाट उनीहरूले सम्बन्धित निकायको काममाथि दबाब सिर्जना गरेको वा परिभाषित कामलाई प्रभावित गरेको भन्ने प्रस्ट हुन्छ । सम्बन्धित निकायलाई कानुनले तोकेको काम गर्न नदिई हस्तक्षेप र आग्रह/पूर्वाग्रहको अस्त्र बनाएका थिए भन्ने बुझिन्छ ।

सुशासन र कानुनी राज्य स्थापनाका लागि प्रयत्नशील हुने हो भने सरकारी पदाधिकारीहरूले स्थापित सम्बन्धित निकायलाई तोकिएको क्षेत्राधिकारमा काम गर्न दिनुपर्छ । उनीहरूलाई सबल र क्षमतावान् बनाउनुपर्छ । जनशक्ति र प्राविधिक व्यवस्थापन गरिदिनुपर्छ । अनुसन्धान भइरहेको विषयमा तटस्थ बस्दा नै सहज र प्रभावकारी अनुसन्धान हुन सक्छ । जब अनुसन्धानमा नेता सक्रिय हुन्छन्, तब तथ्य ओझेलमा पर्छ ।

त्यसो त हाम्रा नेताहरूले राजनीतिक नेतृत्वलाई नै अनावश्यक शक्तिशाली बनाउने नियत राखेको देखिन्छ । २०७४ सालमा केपी शर्मा ओली प्रधानमन्त्री भएपछि उनले आफूमा थप शक्तिकेन्द्रित गर्न राष्ट्रिय अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग जस्ता निकायलाई सिधै प्रधानमन्त्री मातहत ल्याएका थिए । ओलीको यो कदमको उनका तत्कालीन सहयोगी पुष्पकमल दाहाल र प्रतिपक्षी नेता शेरबहादुर देउवाले विरोध गरेका थिए । तर, त्यसपछि प्रधानमन्त्री भएका देउवा र दाहालले यिनै निकायलाई प्रधानमन्त्री मातहत राख्ने प्रबन्धलाई नै आफ्नो अधिकार माने । त्यसैले फर्किएर ओली प्रधानमन्त्री हुँदा पनि संवेदनशील जिम्मेवारी भएका यी निकाय सिधै प्रधानमन्त्री मातहत छन् । देउवा र दाहालले अहिले त्यसको विरोध गर्न नसक्लान्, तर उनीहरू यो विषयमा मौन बसे पनि सुशासनका लागि भने यो हानिकारक प्रबन्ध हो । जिम्मेवार निकायले आफैं स्वतन्त्र रूपमा कार्यसम्पादन गर्न पाउने प्रबन्ध हुनुपर्छ, प्रधानमन्त्रीमा शक्तिकेन्द्रित गर्ने हो भने सत्तामा बस्नेले दुरुपयोग गर्ने र प्रतिपक्षमा जाने छटपटाउने अवस्था हुन्छ । कानुनी शासनमा यस्तो अभ्यास अस्वीकार्य छ, त्यसैले संसद्ले पनि यो विषयमा बहस चलाउनुपर्छ ।

अध्यादेश ल्याउने अधिकारमाथि व्याख्या गर

अध्यादेशमा राष्ट्रप्रमुखको पनि महत्त्वपूर्ण भूमिका हुन्छ, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिस इन्कार गर्न सक्नु हुन्न तर जारी गर्न हतारिन हुने थिएन, राष्ट्रपतिको पनि कमजोरी देखियो

बलराम केसी

संविधानलाई 'बिल अफ द पिपल' भनिन्छ । 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता यो संविधान जारी गर्दछौं' भन्ने प्रस्तावनाबाट बुझिन्छ । अमेरिका र भारतको संविधानको प्रस्तावनामा पनि 'वि-द-पिपल' बाट सुरु गरेर 'एडप्ट' बाट अन्त्य भएको छ । प्रस्तावनालाई भारतको सर्वोच्च अदालतले १९९३ को 'रघुनाथ राव' को मुद्दामा 'संविधान निर्माताहरूको मन खोल्ने साँचो भन्ने' व्याख्या भएको छ ।

संविधान निर्जीव हुन्छ । क्रियाशील गराउने राज्यका तीन अंगका पदाधिकारीहरूले हो । 'न्यायपालिका र व्यवस्थापिका' बाट संविधान उल्लंघन हुँदैन । उल्लंघन कार्यपालिकाबाट हुन्छ । पछिल्लो उल्लंघनको उदाहरण अध्यादेश जारी गरेर संसद्को अधिवेशन बोलाउनु हो । राज्यका अन्य दुई अंगको अधिकार कटाएर बाँकी अधिकार सरकारको हुन्छ । व्यापक अधिकारले गर्दा प्रजातान्त्रिक संस्कार भएन भने 'पावर करप्टस्' विकास हुन्छ जुन केपी शर्मा ओली नेतृत्वको सरकारमा भएको छ । धारा १ को उपधारा (२) मा संविधान उल्लंघन गर्न हुँदैन भनेर लेखिएको काम लागेन ।

संविधानमा कुनै देशको एकाधिकार हुँदैन । अरू देशले पनि सार्न सक्छन् । 'फुटनोट' ले देखाइरहनु पर्दैन । त्यसले जति पछिल्लो संविधान उति सुधारिएको हुन्छ । संविधान राम्रो बनेको कारण यही हो । 'कानुनी शासन र लोकतान्त्रिक मूल्य र मान्यता' नेपालको लक्ष्य हुने भनेको संसद् छलेर 'अध्यादेश जारी गर्न हुँदैन' भन्ने संविधान निर्माताको आशय हो ।

संविधान 'प्रगतिशील र अग्रगामी' छ । नेता पनि संविधान जस्तै 'प्रगतिशील र अग्रगामी' हुनुपर्ने हो । तर संविधान र नेताबीचको 'केमिस्ट्री' मिलेन । नेता संविधान नमान्ने र असक्षम परे । अग्रगामी संविधान तर त्यसअनुकूलका नेता नभएकाले देश अस्तव्यस्त भयो ।

अध्यादेशको बचाउमा प्रधानमन्त्रीले संसद्मा बोलेको देख्दा उहाँ दलको विधान र देशको संविधानमा फरक देख्नु हुन्न जस्तो लाग्छ । प्रश्न, प्रतिप्रश्न गर्न नपाउने संसद्मा धारा ११४ को ३ शब्द मात्र टिपेर बोलेको देख्दा अध्यादेशबारे उहाँको बुझाइ कति तल्लोस्तरको रहेछ भन्ने देखिन्छ । संविधानसभामा प्रधानमन्त्री जस्तै अरू ६ सय सदस्य भइदिएको भए संविधान ऊँट हुने रहेछ ।

अमेरिकामा दोस्रो विश्वयुद्धपछिका त्यहाँका सेनाका कमान्डर ड्वाइट आइजन हावर सन् १९५३ मा राष्ट्रपति बन्नुभयो । अमेरिकी संविधान राम्ररी बुझेर सरकार चलाउनुभयो । हलिउडका कलाकार 'रोनाल्ड रेगन' गभर्नर र राष्ट्रपति हुनुभयो । कलाकार पृष्ठभूमिका भए पनि संविधान राम्ररी बुझ्नुभयो र चलाउनुभयो । मलेसियाका प्रधानमन्त्री मोहमद महाथीर चिकित्सक पृष्ठभूमिको भए पनि संविधान राम्ररी बुझ्नुभयो र देश चलाउनुभयो । भारतमा पाइलट पृष्ठभूमिका राजीव गान्धी प्रधानमन्त्री बन्नुभयो । संविधान राम्ररी बुझेर देश चलाउनुभयो । गैरराजनीतिक व्यक्तिले संविधान बुझेर देश चलाएका धेरै उदाहरण छन् । हाम्रो प्रधानमन्त्रीलाई के भएको हो कुन्नि ?

ओली सरकारले संविधानलाई प्रयोगशाला बनाएको छ । कहिले संसद् अन्त्य गरेर अध्यादेश जारी गर्छ । कहिले अध्यादेश जारी गरेर संसद् बोलाउँछ । संसद्का अधिवेशन वर्षमा दुई पटक बस्छन् । संसद् अन्त्य भएको बेलामा 'तत्काल नै केही गरिहाल्नुपर्ने' परिस्थिति सिर्जना भयो तर 'कानुन बनेको रहेनछ' भने प्रधानमन्त्रीले संसद् छल्दैन भन्ने विश्वासमा 'अध्यादेश जारी गरेर काम चलाउनु' प्रधानमन्त्रीलाई विशेष अधिकार दिएको हो । तर प्रधानमन्त्रीले संविधान उल्लंघनका साथै संविधानका संस्थापक पिताहरूको पनि विश्वासघात गर्नुभयो । प्रधानमन्त्रीको बुझाइ 'बैंकको सेफको ताला फोरेर पैसा लिए चोरी हुने, ताला लगाएको रहेनछ सेफ खुला रहेछ भने चोरी नहुने' भन्ने खालको पो रहेछ ।

ओली सरकारले ३० वर्षको पञ्चायतकालमा जारी नभएको अध्यादेश दस वर्षमा जारी गऱ्यो । २०३० सालमा हवाईजहाज अपहरण भयो । सरकार पञ्चायतको थियो, हवाई अपहरण कानुन थिएन तर पनि अध्यादेश जारी गरेन । मुलुकी ऐन चोरीको महलको व्यवस्थाअनुसार हवाई डकैती भनेर मुद्दा चलायो । तर आज गणतान्त्रिक प्रधानमन्त्रीले अध्यादेश संसद्मा छलफल नै नगराई द्रुतगतिमा पारित गर्ने अर्को चाल चाल्दै छन् ।

प्रजातन्त्रको डीएनए र इमानदारिता हुने प्रधानमन्त्रीले संसद् बोलाउँछ पर्खन्छ, विधेयक तयार गर्छ, पेस गर्छ छलफल गराउँछ र बहुमतबाट पास गराउँछ । अनि कानुन लागू गराउँछ, अपूरो तर्क गरेर अध्यादेश जारी गर्दैन । हाले जारी अध्यादेशमा 'तत्काल केही गर्न आवश्यक' पर्ने कुनै 'तत्त्व देखिँदैन' । प्रधानमन्त्रीले संसद्को अधिवेशन आउँदै छ पर्खन समय थिएन भनेर झूट्टा बोल्न मिल्छ ? पेस भएपछि संसद्ले इन्कार गरे पनि अध्यादेशअन्तर्गत गरिएको सबै कार्य वैध हुन्छ । बदर हुँदैन । हतारमा अध्यादेश जारी गर्नुको मतलब 'लाभ' भन्ने बुझ्न सकिन्छ । भूमिसम्बन्धी ऐनको अघिल्लो संशोधन गिरीबन्धुका लागि रहेछ भन्ने थाहा भयो । हालैको अध्यादेश पनि अर्को गिरीबन्धुका लागि पक्कै होला । भारतको सर्वोच्च अदालतले संसद् छलेर अध्यादेश जारी गरेकाले 'वाधवाविरुद्ध स्टेट अफ विहार' एआईआर १९८७ को मुद्दामा 'जुन कुरा प्रत्यक्ष गर्न हुँदैन त्यही कुरा अप्रत्यक्ष पनि गर्न हुँदैन' भन्ने व्याख्या गरेको छ । प्रधानमन्त्रीबाट प्रत्यक्ष गर्न नहुने काम अप्रत्यक्ष गरियो । संविधान पालना गर्ने शपथ खाएपछि शपथ तोड्न नहुनेमा प्रधानमन्त्रीले अध्यादेश जारी गरेर धारा १ को उपधारा (२) समेत उल्लंघन गर्नुभयो ।

भारतको संविधानका मस्यौदाकार डा.अम्बेडकरले संविधान राम्रो भएर हुँदैन नेता खराब परे भने राम्रो संविधान पनि ध्वस्त हुन्छ । नेता राम्रो पऱ्यो भने नराम्रो संविधान पनि राम्रोसँग काम गर्न सक्छ । संविधानको सफलता र असफलता नेतामा भर पर्छ भन्ने कुरा नेपालमा प्रमाणित भएको छ । संविधान लागू भएको १० वर्ष भयो । जनताले अस्थिरता, भ्रष्टाचार, लुटतन्त्र संसद् विघटन, भ्यु टावर, बेरोजगारी र अध्यादेशहरू पाए । संविधानवाद पाएनन् ।

अमेरिकी राष्ट्रपति केनेडीले एक सम्बोधनमा 'अमेरिकी जनतालाई अमेरिकाले तपाईंलाई के दिन सक्छ नसोध्नुहोस् बरु भन्नुहोस् तपाईंहरू अमेरिकालाई के दिन सक्नुहुन्छ' भन्नुभएको थियो । आजका हाम्रा गणतान्त्रिक नेता 'जनतालाई देशलाई के दिन सक्छौ भने होइन देशबाट के कसरी लुट्न सकिन्छ लुट' भन्ने सन्देश दिइरहेका छन् । गिरीबन्धु काण्ड जस्ता घोटाला, भ्रष्टाचार, भागबन्डाको नियुक्ति, प्राकृतिक स्रोतहरू वनजंगल खोलानालामा लुट प्रमाण हो । आज नेपालमा डा.अम्बेडकरको भनाइ साँचो साबित भएको छ ।

अध्यादेशमा सरकारमाथि ३ अंगबाट नियन्त्रण हुन्छ । विपक्षी, राष्ट्रपति र अदालत । विपक्षीलाई दबाइयो । सातबुँदे सहमतिको एउटा लक्ष्य पूरा भयो । विपक्षी नाम मात्रको बनाइयो । संसद्लाई राष्ट्रिय पञ्चायत बनाइयो, दुई नेता महापञ्च बने । अध्यादेश जारी गरेर संसद् बोलाउने वा संसद् बन्द गरेर अध्यादेश जारी गर्ने संसदीय परम्परा विकास गरियो । सरकारबिना लगामको घोडा बनेको छ । सरकारले घोटाला गऱ्यो भने कांग्रेस समर्थन गर्छ । अब कांग्रेसको घोटालामा एमालेले समर्थन गर्ने बचन दिइसक्यो । अध्यादेश द्रुतमार्गबाट पारित गराउन एक जुट भएर समर्थन गर्न कांग्रेस-एमालेले आदेश दिइसके । संसद्मा हुने अविश्वासको प्रस्तावलाई सातबुँदे सम्झौताले निलम्बन गरेसरह भइसक्यो । प्रधानमन्त्री यसलाई गणतन्त्रको ठूलो उपलब्धि मान्छन् ।

अध्यादेशमा राष्ट्रप्रमुखको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिस इन्कार गर्न सक्नु हुन्न तर जारी गर्न हतार गर्न हुने थिएन । राष्ट्रपतिले अध्यादेश 'तत्काल केही गर्नुपर्ने' खालको देखिनँ, फिर्ता लिनुहोस्, संसद् आह्वान गर्नुहोस् म तुरुन्त अधिवेशन बोलाइदिन्छु भन्न सक्नुपर्दथ्यो । राष्ट्रपतिको पनि कमजोरी देखियो ।

> सरकारले अध्यादेश जारी गरेर संसद्को अधिवेशन बोलाएको घटनालाई सर्वोच्च अदालतले 'सो-मोटो नोटिस' मा लिएर सरकार, नेपाल बार, सर्वोच्च बार, महान्यायाधिवक्ता र एमिकस क्युरी बोलाएर सुनुवाइ गर्नुपर्छ ।

सशक्त र सक्रिय न्यायपालिकाले मालारदी गर्ने सरकारलाई रोक्न र स्ट्रिक्चरमार्फत दण्ड दिन सक्छ । मनलाग्दी गर्ने सरकार संसद्मा विपक्षीसँग डराउँछ भने कानुन र संविधान उल्लंघनमा अदालतदेखि डराउँछ । धारा १३३ (१), (२) तथा धारा १३७ छाडा सरकारलाई नियन्त्रण गर्ने धारा हो । १८०३ को अमेरिकाको सर्वोच्च अदालतको 'मार्वेरी' को मुद्दा, १९७३ को भारतको सर्वोच्च अदालतको 'केसवानन्द भारती' को मुद्दा, 'वाधवा' को मुद्दाहरू मनलाग्दी सरकारलाई नियन्त्रण गर्ने मुद्दाहरू हुन् । १८०३ को अमेरिकी सर्वोच्च अदालतको मुद्दाले विश्वभर नै संविधानसँग बाझिने कानुन बनाउन रोक लाग्यो । केसवानन्द भारतीको मुद्दाले संविधान मनपरी संशोधन गर्न रोक लाग्यो भने वाधवाको मुद्दाले संसद् बन्द गरेर अध्यादेश जारी गर्न रोक लाग्यो । हाम्रै पनि गत वर्षको सर्वोच्च अदालतको फैसलाको कारण संसद् विघटनमा रोक लाग्यो ।

छाडा र बलियो सरकारसँग भिड्न सबै देशका सर्वोच्च अदालतलाई संविधानले शक्ति दिएको हुन्छ । सरकारको मुद्दा हरायो भने न्यायाधीशलाई अवकाश दिने, बढुवा रोक्ने, महाभियोग लगाउने वा अन्य निकाय र पदाधिकारीहरूको तलबलगायतको सुविधा बढाउने तर न्यायाधीशहरूको सुविधा र तलब नबढाएर निरुत्साहित गरेर राजीनामा गर्न बाध्य पार्न सक्छ भनेर न्यायाधीशहरूको सम्पूर्ण सुविधा संविधानद्वारा नै निश्चित गर्नुका साथै न्यायाधीशहरूको सेवा सर्तको हितविरुद्ध हुने गरी ऐन संशोधन गर्न नपाइने धारा १३०(४) र न्यायाधीशहरूको तलब र सुविधा संसद्मा छलफल नहुने व्यवस्था गरिन्छ ।

धारा १३१(ख) मा अवकाशको उमेर ६५ वर्ष निश्चित छ । धारा ११८(ख) अनुसार सर्वोच्च अदालतको न्यायाधीशको पारिश्रमिकलगायतका सुविधा सञ्चित कोषमा व्ययभार हुन्छ । हटाउनुपर्दा संसद्को दुई तिहाइ बहुमत आवश्यक पर्ने व्यवस्था धारा १३१(ग) मा छ । सञ्चित कोषको व्ययभारले गर्दा सरकार रिसाए पनि सर्वोच्च अदालतको न्यायाधीशको पारिश्रमिक र अदलतको प्रशासनिक खर्च रोकेर अदालत बन्द गराउन नसक्ने व्यवस्था पनि धारा ११८(च) छ । अमेरिकामा कंग्रेसले बजेट रोक्दा सरकार बन्द हुन सक्छ । सर्वोच्च अदालतका न्यायाधीशहरूको अवकाशपछिको पेन्सन सुविधा बहालवाला सचिवको हाराहारीमा छ । न्यायपालिकालाई नेपाली जनता, नागरिक समाज, बार र मिडियाको पूर्ण समर्थन छ । यी सुविधा र समर्थन सम्भावित न्यायपालिकाविरुद्ध सरकार खनिन सक्ने चुनौतीविरुद्धको प्रत्याभूति हो ।

सरकार स्वेच्छाचारी भएको संविधान उल्लंघनको मुद्दाहरू सर्वोच्च अदालतले चाँडै छिनिदिए हुन्थ्यो भन्ने नेपाली जनता र समाजको अपेक्षा हुन्छ । तर अपेक्षा पूरा भएन । मुद्दा दर्ता गर्ने हदम्याद तोकिन्छ तर फैसला गरिसक्नुपर्ने तोकिँदैन । सर्वोच्च अदालतमा धारा १३३ (१) र (२) तथा धारा १३७ को सम्बन्धमा हदम्याद तोकिएको छैन । प्रक्रिया पूरा गरेपछि फैसला गरिन्छ भन्ने मान्यताले फैसला गर्ने हदम्याद नतोकिएको हो । सर्वोच्च अदालत नागरिकहरूको मौलिक हकको अभिभावकका साथै संविधानको संरक्षकसमेत हो ।

अध्यादेश आतंकबाट कानुनी शासन रहँदैन । ४ वर्ष अगाडि तत्कालीन सरकारले अध्यादेश आतंकका आधारमा गरिएको नियुक्तविरुद्धको मुद्दा पालो आउन सकेन । व्याख्याको गाम्भीर्यता हेर्दा उक्त निवेदनमा आजको दिनसम्म अध्यादेशको व्याख्या भइसक्नुपर्ने थियो । भइदिएको भए आज अध्यादेश जारी गरेकामा विवाद गरिरहनुपर्ने थिएन ।

०६२ सालको रिट नं.००७८ का निवेदक राजुप्रसाद चापागाईंको मुद्दामा ३ सदस्यीय विशेष इजलासको बहुमतले रिट खारेज गरेर सरकारलाई संसद् छलेर अध्यादेश जारी गर्न हुने वातावरणका लागि बल मिल्यो । उक्त मुद्दामै १ सदस्यले संसद् छलेर अध्यादेश जारी गर्न पाइँदैन भन्ने अल्पमत लेख्यो । यो फैसला ०६२ साल चैत १० गते राजाको शासनकालको हो । बृहत् इजलासले उक्त फैसलासमेत जानकारीमा लिनुपऱ्यो । सर्वोच्च अदालत संविधानको रक्षक हो । अध्यादेशको सम्बन्धमा सर्वोच्च अदालतले 'सो-मोटो नोटिस' लिन पऱ्यो । 'सो-मोटो नोटिस' लिनु' न्यायिक सक्रियता हो । गम्भीर विषयमा 'सो-मोटो नोटिस' लिनु भारतको सर्वोच्च अदालतमा सामान्य छ ।

धारा १३३(२) आफैं र १३३ (२) मा परेको 'उपयुक्त आदेश, उचित उपचार र असाधारण अधिकार' र 'सार्वजानिक हक वा सरोकारको विवादमा समावेश संवैधानिक प्रश्न' यी शब्द 'न्यायिक सक्रियता' हुनपर्ने शब्दहरू हुन् । केही महिनाअगाडि मात्र भारतको कोलकताको मेडिकल कलेजको एक महिला डाक्टरको बलात्कारमा सर्वोच्च अदालतले 'सो-मोटो' जानकारी लियो र सरकारलाई आदेश गऱ्यो ।

अन्त्यमा नेपालमा 'अध्यादेश आतंक र संविधान उल्लंघन' रोक्न सरकारले अध्यादेश जारी गरेर संसद्को अधिवेशन बोलाएको घटनालाई सर्वोच्च अदालतले 'सो-मोटो नोटिस' मा लिएर सरकार, बार, सर्वोच्च बार, महान्यायाधिवक्ता र एमिकस क्युरी बोलाएर सुनुवाइ गर्नुपर्छ । संविधान, संविधानवाद, कानुनी शासन र बृहत् सार्वजनिक हितको रक्षा हुन्छ । सरकारको अध्यादेश जारी गर्ने अधिकारको व्याख्या हुन्छ । विश्व न्याय जगत्मा सर्वोच्च अदालत विश्वकै सक्रिय सर्वोच्च अदालत मानिन्छ । सर्वोच्च अदालतप्रति आस्था बढ्छ ।

सम्पादकलाई चिठी

शेखरलाई सुजाताको समर्थनको अर्थ

सोमबार एक सार्वजनिक समारोहमा कांग्रेस नेता सुजाता कोइरालाले कांग्रेसको भावी सभापति र प्रधानमन्त्रीमा शेखर कोइराला उपयुक्त पात्र भएको बताइन् । आफ्नो सम्पूर्ण समर्थन शेखरलाई रहने उनको उद्घोषपछि कांग्रेस वृत्तमा तरंग छाएको छ । यसले कोइराला परिवारभित्रकै अर्का सदस्य शशांक कोइरालालाई भने ठूलै झट्का लागेको हुनुपर्छ । शशांकले आउने महाधिवेशनमा सुजातालगायत सभापति शेरबहादुर देउवाले आफूलाई मात्र समर्थन गर्नेछन् भन्ने भ्रम पालेर बसेका छन् । त्यही भएर उनले गएको महाधिवेशनमा शेखरको सट्टा देउवालाई भित्री रूपमा सहयोग गरेका थिए । शशांक मात्र होइन सुजातासमेत देउवालाई सघाउन पुगेकी थिइन् ।

सुजाताको समर्थन शेखरलाई भए पनि यसले तात्त्विक फरक पर्ने देखिन्न । किनकि महाधिवेशन प्रतिनिधिहरू उनको पकडमा खास छैनन् । तथापि तीन कोइरालामध्ये दुई कोइराला एकातिर हुँदा शशांकभन्दा शेखर वजनदार भने पक्कै बन्न पुगेका छन् । जसले गर्दा भावी सभापतिका लागि भित्रभित्रै महत्त्वाकांक्षा बोकिरहेका गगन थापा, पूर्णबहादुर खड्काहरूलाई चुनौती दिने देखिन्छ । गगन पनि देउवाको साथ पाइएला कि भनेर हिजोआज देउवा र प्रधानमन्त्री केपी शर्मा ओलीलाई समेत खुसी पार्न लागेका छन् । त्यही भएर हुनुपर्छ सरकार सञ्चालनको संयन्त्रमा बस्ने, अध्यादेशको समर्थन गर्ने, भाटभटेनीबाट ओलीले लिएको अवैध दानको विरोध नगर्ने प्रवृत्ति उनमा पछिल्लो समय देखिएको छ । जबकि अर्का महामन्त्री विश्वप्रकाश शर्माले उक्त दानको खुलेर विरोध गरेका थिए । यसर्थ आउँदो महाधिवेशनमा शेखरले विश्वप्रकाशलाई महामन्त्रीका रूपमा आफ्नो गुटमा राखी चुनाव लडेमा शेखर नै भावी सभापति बन्ने बलियो आधार तयार हुने अड्कल हुन थालेको छ ।

लोकतन्त्रको हिमायती ठान्ने कांग्रेसले लोकतन्त्रको मर्मविपरीतका कुरामा समेत ओलीका हरेक कदमलाई समर्थन गरिरहेको छ । जसका पछाडि देउवाको सत्ता स्वार्थ र कुर्सी मोहबाहेक अरू केही छैन । देउवालाई ओली रिसाएमा आफू पुनः प्रधानमन्त्री हुन नसकुँला कि भन्ने भय छ । त्यो स्वार्थका अगाडि ओलीले लोकतन्त्रको जतिसुकै हुर्मत लिए पनि उनी मौन छन् । आवरणमा देउवा लोकतन्त्रको कुरा निकै गर्छन् तर आफ्नै सहयोगले बनेको सरकारले संसद्लाई बन्धक बनाएर जतिसुकै अलोकतान्त्रिक काम गरे पनि मौन समर्थन गरिरहन्छन् । अध्यादेश ल्याउँदा देउवाले कांग्रेसको विषयगत विभागमा कुनै छलफल नगरेको शेखरले कान्तिपुरको अन्तर्वार्तामै बताइसकेका छन् । यस्त विविध कारण देउवा त बदनाम भएकै छन्, गगन-विश्वप्रकाश जस्ता आसलाग्दा युवा नेताको लोकतान्त्रिक चरित्रमा प्रश्न उठाइदिएको छ ।

– गोपाल देवकोटा, *गोकर्णेश्वर, काठमाडौं*

अध्यादेशमा रुमल्लिएको सरकार

अस्थिर राजनीतिबाट निकास खोज्न नेपालका ठूला राजनीतिक दल मिलेर यो सरकार बनेको थियो । तर, यस बखत अध्यादेशको भारले थिचिन पुगेको छ । सरकार आफूले ल्याएका ६ वटा अध्यादेशमध्ये भूमिसम्बन्धी अध्यादेशले अहिले विवादमा तानिएको छ । सरकारकै सहयात्रामा रहेका दलबाट पनि यसका विरुद्ध बहस भइरहेको छ । भूमिसम्बन्धी अध्यादेशबाट सरकार व्यक्तिगत, दलगतसँगै कतै भूमाफियाको स्वार्थमा अल्झिन त पुगेन ? स्वार्थको जगमा यो अध्यादेश पेस भएको सबैको बुझाइ रहेको छ । सरकारबाहिर बसेर सरकारलाई सहयोग गरिरहेको जसपा पनि यो अध्यादेशको विपक्षमा उभिने संकेत गरिरहेको छ । यदि जसपा आफ्नो अडानमा कायम रहे यो अध्यादेश फेल हुने निश्चित छ । अहिलेको सदनको अंकगणित त्यही नै छ भने यही अध्यादेशको मोहमा सरकारले जसपालाई कसै गरी रिझाउनुपर्ने देखिन्छ ।

सधैं दलगत स्वार्थमा टिकेको नेपाली राजनीति फेरि एकपटक अर्को परीक्षामा उभिन पुगेको छ । हेरौं, केही दिनका राजनीतिक घटनाले यो अध्यादेशको टुंगो लगाउने नै छ । तर साँच्चै यो अध्यादेश सरकारमा रहेका राजनैतिक दलले भनेजस्तो छ त ? सत्ताबाहिर रहेका दलले भनेजस्तो चाहिँ छ त ? कहिलेदेखि नेताहरूले आमजनता र देशका पक्षमा आफ्ना विचार स्वतन्त्र रूपमा राख्लान् ? कहिलेदेखि जनताका पक्षमा काम गर्लान् ? भूमि अध्यादेश भूमिहीन नागरिकका लागि भन्दा पनि माफिया र शक्ति केन्द्रकै पक्षमा भएको बुझ्न नेपाली नागरिकका लागि असहज भने छैन ।

– रामकृष्ण बराल, *जोरपाटी, काठमाडौं*

न्यायमा धनी-गरिबबीच असमानता

नेपालको न्याय प्रणालीमा असमानताको गहिरो खाडल छ । ३० हजार धरौटी रकम तिर्न नसक्ने गरिबलाई जेलको अन्धकारमा थुन्नु भनेको असमानता र अन्यायको पर्याय हो । यसले देखाउँछ कि राज्यको कानुनी निकायले सम्पन्न र निर्धनबीचको भेदभावलाई कानुनी रूपमै थप बल दिएको छ । अदालतको निर्णय मात्र होइन, समग्र सरकारी संरचनाको पनि कष्टकर असमानता स्पष्ट देखिन्छ, जहाँ सामान्य नागरिकको आवाजले न्याय प्राप्त गर्न सक्दैन भने प्रभावशाली र धनी व्यक्ति सजिलै थुनामुक्त हुन्छन् ।

कसैले ३० हजार धरौटी रकम तिर्न नसकेका कारण जेलको कठोरता भोग्नुपरेको छ भने के यसले हाम्रो समाजको असमानतालाई उजागर गर्दैन ? हामी समाजमा केवल पैसा भएका व्यक्तिहरूकै पक्षधर बनिरहेका छौं ? हामीले आमनागरिकका अधिकार र

कानुनी हकलाई किन अस्वीकार गरेका छौं ? यो घटनाले हामीलाई सोध्न बाध्य बनाउँछ कि आखिर हाम्रो समाजका सबै नागरिकका लागि समान अवसर र न्यायको मापदण्ड के हो ? यदि एउटा नागरिकलाई कमजोर आर्थिक स्थिति भएका कारण सजाय दिइन्छ भने त्यो समाजका लागि लाजको कुरा हो । समाजको संरचना बदल्न, हाम्रा कानुनी निकायलाई सत्य र न्यायका आधारमा काम गर्न उक्साउनु हामी सबैको जिम्मेवारी हो । कुनै पनि नागरिकमाथि कानुनी अधिकारमा कुनै भेदभाव हुनुहुन्न । यस असमानताको अन्त्य गर्न हामीले सशक्त आवाज उठाउनुपर्छ, जसले गरिब र असल नागरिकलाई न्याय दिलाउँछ । यदि हामी सबैको अधिकार समान हुनुपर्छ भने राज्यका निकायले पनि असमानता र अन्यायका खिलाफ कडा कदम चाल्नुपर्ने आवश्यकता छ ।

– सन्तोष सिम्खडा, *टोकियो जापान*

प्रदेश संरचनाका ९ वर्ष र सफलताका सर्त

खिमलाल देवकोटा



प्रदेशले सुरुवाती चरणमा लिएको दिशा सही थियो । निर्वाचनपछि शासनसत्ताको समीकरणमा अदलबदल लगायतका कारण प्रदेशप्रति नागरिकको भरोसा गिर्दो छ । त्यसैले, सबभन्दा पहिला राजनीतिक दल सुधिन जरुरी छ । प्रदेश असफल भयो भने सिंगो शासन व्यवस्था असफल हुन्छ । प्रदेशका गुनासा सम्बोधन र सहज रूपमा काम गर्ने वातावरण बनाउनु नै अहिलेको अहम् सवाल हो ।

यही साता प्रदेश सरकार सञ्चालनको ७ वर्ष पूरा हुँदै छ । २०७२ असोज ३ मा जारी भएको संविधानको विधिवत् कार्यान्वयन २०७४ को तीनै तहको निर्वाचनपश्चात् भएको हो । २०७४ मंसिरमा प्रतिनिधिसभाको निर्वाचन भएको थियो । प्रतिनिधिसभाको चुनावसँगै प्रदेशसभाको चुनाव पनि भएको थियो ।

तीन तहको संरचनापश्चात् पहिलो पटक संघीय सरकार २०७४ फागुन ३ मा बन्यो । वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नेकपा माओवादी केन्द्रको समर्थनमा प्रधानमन्त्री भएका थिए । एमाले र माओवादी केन्द्रले वाम गठबन्धनका रूपमा निर्वाचनमा सहकार्य गरेका थिए । दुवै पार्टीको एकतापछि २०७५ जेठ ३ मा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भयो । पार्टी एकतापछि ओली सरकार बहुमत पार्टीको सरकारका रूपमा परिणत भयो ।

प्रतिनिधिसभा निर्वाचनले संघीय सरकार बनेजस्तै प्रदेशसभाको निर्वाचनले प्रदेश सरकार बने । मधेश प्रदेशबाहेक प्रदेशमा नेकपा नेतृत्वको सरकार बन्यो । प्रदेश सरकारको नेतृत्व गर्दै कोशी प्रदेशमा शेरधन राई (२०७४ फागुन २), मधेशमा लालबाबु राउत (२०७४ फागुन ३), बागमतीमा डोरमणि पौडेल (२०७४ माघ २८), गण्डकीमा पृथ्वीसुब्बा गुरुङ (२०७४ फागुन ४), लुम्बिनीमा शंकर पोखरेल (२०७४ फागुन ३), कर्णालीमा महेन्द्रबहादुर शाही (२०७४ फागुन ४) र सुदूरपश्चिममा त्रिलोचन भट्ट (२०७४ फागुन ३) मुख्यमन्त्रीमा निर्वाचित भएका थिए । मधेशमा जनता समाजवादी पार्टी (तत्कालीन समाजवादी फोरम) र लोकतान्त्रिक समाजवादी पार्टी (तत्कालीन राष्ट्रिय जनता पार्टी) को संयुक्त सरकार बनेको थियो । प्रदेश संसद्बाट मुख्यमन्त्री नियुक्ति गर्ने नयाँ अभ्यासको प्रारम्भ भयो ।

संघीयताको पर्यायका रूपमा चिनिने प्रदेश तह अस्तित्वमा आएपछि सबैका लागि कौतुहलता रह्यो । पुरानो राज्य संरचनामा रजगज गर्नेहरूले प्रदेश संरचनाको विरोध गर्न थाले । विरोधको स्वर अहिले पनि यथावत् छ ।

मुलुकले कुन परिस्थितिमा संघीय शासन प्रणाली अवलम्बन गऱ्यो, संघीयतामा प्रवेशपश्चात् के कस्ता उपलब्धि भए, प्रदेशले अहिलेसम्म हासिल गरेका उपलब्धिहरू के हुन्, अपेक्षित रूपमा प्रदेशले किन काम गर्न सकिरहेका छैनन्, समस्याको गाँठो कहाँ छ ? यस्ता विषयमा जति बहस हुनुपर्थ्यो, त्यो हुन सकिरहेको छैन ।

प्रदेशका लागि सुरुवाती समय चुनौतीपूर्ण थियो । कर्मचारी, कानुन, कार्यालय, वित्तीय स्रोत र साधन शून्यबाट थालनी गर्नुपर्ने स्थिति थियो । कानुन तर्जुमा, बजेट निर्माण, प्रदेश सरकार तथा प्रदेश संसद्को बैठक सञ्चालन प्रदेशका लागि नयाँ अभ्यास थियो । प्रदेशलाई राम्रोसँग गाइड गर्ने कुनै संस्थागत संरचना र निकाय थिएनन् । बरु उल्टै अधिकांश संघीय संरचना र निकायले प्रदेशलाई सहयोगभन्दा असहयोग नै गरे ।

विधिवत् रूपमा प्रदेश अस्तित्वमा आएपछि स्थायी राजधानी र प्रदेशको नामकरण गर्ने काम पनि सम्पन्न भयो । यो काम संविधानसभाले पनि नसकेर प्रदेशसभालाई सुम्पेको थियो । पहिलो संविधानसभाको विघटन नै प्रदेशको संख्या र नामकरणमा सहमति नहुँदा भएको थियो ।

सुरुवाती चरणबाट प्रदेशले केही राम्रा कामको थालनी पनि गरे । कोशीले गरिबका छोराछोरीलाई एमबीबीएस पढ्न बिनाधितो सुलभ ऋणको व्यवस्था गरेको थियो । मधेशले मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान र छोरी शिक्षा मुद्दती योजना सञ्चालनमा ल्याएको थियो । छोरी बिमाको रकम वृद्धि गरी तीन लाख पुऱ्याएको थियो । बागमतीले एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरेको थियो । गण्डकीले मनाङ, मुस्ताङ, म्याग्दी र गोरखामा ६ वटा नमुना विद्यालय निर्माण गर्ने कार्य अगाडि बढाएको थियो । लुम्बिनीले सामुदायिक विद्यालयमा अध्ययनरत मुक्त कमैया, कमलरी, मुस्लिम तथा दलित समुदायका छात्रालाई मासिक एक हजारका दरले छात्रवृत्ति व्यवस्था गरेको थियो । कर्णालीले छोरी-बुहारी प्राविधिक उच्च शिक्षा, दलित, अपांग, जेहेनदार उच्च शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । यसैगरी सुदूरपश्चिमले सानै छु म बढ्न देऊ, बाल विवाह होइन पढ्न देऊ भन्ने लगायतका कार्यक्रम चलायो । प्रदेशले सुरु गरेका कतिपय यस्ता कार्यक्रमले अहिले पनि निरन्तरता पाएका छन् ।

कोशी प्रदेश मुख्यमन्त्री कार्यालयले दिएको जानकारीअनुसार प्रदेश सरकार गठनयता ४०३.२० किमि सडकको ट्राचाक खुला, १३९०.५८ किमि सडक ग्राभेल, ६०८.२७ किमि कालोपत्र, ९३ वटा पक्की पुल निर्माण भएका छन् । यस अवधिमा सुदूरपश्चिमले ५५० किमि सडक कालोपत्र, १२३० किमि ग्राभेल, १६१० किमि नयाँ ट्राचाक र ३२ वटा नयाँ पुल बनाएको छ । प्रदेशले के गरे भन्नेहरूका लागि यो विवरण नै काफी छैन र ?

संविधानले स्थानीय तहका कर्मचारीको व्यवस्थापन प्रदेश कानुनबमोजिम हुने उल्लेख गरेको छ । २०७६ माघमा कोशीको लोक सेवा आयोग गठन भएपछि अहिलेसम्म स्थानीय सरकारी सेवाका लागि ४०४३ पद संख्यामा विज्ञापन गरी २११४ जना पदपूर्तिका लागि सिफारिस गरिएको छ । कर्मचारीहरू अहिले पालिकामा कार्यरत छन् । प्रदेश लोक सेवा आयोग जति सक्रिय हुन्छन्, त्यति नै स्थानीय तहका कर्मचारीको समस्या समाधान हुन्छ । तर, संघीय निजामती सेवा कानुनको अभावमा प्रदेश लोक सेवा आयोगले पनि अपेक्षित काम गर्न सकेका छैनन् । संघीय सरकारले अहिलेसम्म प्रदेशलाई प्रहरीको अधिकार हस्तान्तरण गरेको छैन । तर, कोशीले ९७ वटा प्रहरी कार्यालय बनाइदिएको छ । धनकुटाको भेडेटारमा सार्वजनिक निजी साझेदारी मोडलमा २० करोडको लागतमा स्काई वाक निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याएको छ । यो परियोजनाको अवलोकन गर्न दिनमा न्यूनतम ३०० देखि अधिकतम ११०० जनासम्म पयर्टक आउने र यसले भेडेटारको व्यापारमा १५ प्रतिशतले अभिवृद्धि गराएको कोशी प्रदेश लगानी प्राधिकरणका कार्यकारी निर्देशक सरोज कोइरालाको भनाइ छ ।

प्रतिनिधिसभा बैठकमा जनमोर्चाका नेता चित्रबहादुर केसीले प्रदेशले के काम गरे, कति सडक बनाए, काम नगर्ने प्रदेश किन चाहियो भन्ने आशयको भाषण गरेका थिए । उनको प्रश्नको जवाफ त माथि नै आइसकेको छ । तर, केसी र उनी लगायतले बुझ्न के जरुरी छ भने साविक एकात्मक व्यवस्थाको विकेन्द्रीकरण र निक्षेपणको अभ्यास सफल भएको भए सायद परिवर्तनका लागि नेपालमा १० वर्षे माओवादी युद्ध, मधेश, आदिवासी जनजातिलगायतका आन्दोलन हुने थिएनन् । तत्कालीन अवस्थामा विकेन्द्रीकरणको अभ्यास गर्दा कृषि प्रसार र पशु सेवा, आधारभूत स्वास्थ्य, प्राथमिक शिक्षा, स्थानीय पूर्वाधार विकास, महिला विकास, घरेलु तथा साना उद्योग, वाणिज्य, जनस्वास्थ्य, सहकारी, सामुदायिक तथा स्थानीय वन जस्ता कार्य पूर्णरूपमा स्थानीय निकायमा निक्षेपणका लागि कानुन तर्जुमा गरिएको थियो । तर लागू भएन । तत्कालीन स्थानीय निकायको समानान्तर संरचनाका रूपमा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि, वनलगायतका विषयगत कार्यालय जिल्ला/सदरमुकाममा रहे । जिम्मेवारी, स्रोत र साधनको बाँडफाँट र विनियोजनमा दोहोरोपना भयो । नागरिकले छिटो र छरितो सेवा पाएनन् । राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग भयो । उपल्लो दर्जाका कर्मचारीले काठमाडौं छाड्न चाहेनन् । कर्मचारीहरू मुस्किलले सदरमुकाम पुगे पनि गाउँमा झर्न मानेनन् । विकास काठमाडौं र ठूला सहरकेन्द्रित भए । राज्यको स्रोत र साधनको वितरण समानुपातिक, समावेशी र न्यायोचित हुन सकेन ।

१० वर्षे माओवादी सशस्त्र आन्दोलनताका माओवादीले जातीय रूपमा नेपाललाई विभाजन गरी राज्यको पुनःसंरचना गर्नुपर्छ भन्ने मत राखेको थियो । त्यसैबीच २०६५ मा भएको मधेश आन्दोलनका कारण संघीयताको माग अगाडि आयो । अन्तरिम संविधानको चौथो संशोधनले संघीयतालाई स्वीकार गऱ्यो । संशोधनले राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन प्रणालीसहितको अग्रगामी पुनःसंरचना गरिनेछ भन्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।

अन्तरिम संविधानको संशोधनले नेपाललाई औपचारिक रूपमा संघीयतामा प्रवेश गराए पनि यसको अपनत्व लिने काम भने २०७२ को संविधानले गरेको हो । यो संविधान मूलतः संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता र कानुनी शासन गरी पाँचवटा खाँबो/खुट्टाको जगमा उभिएको छ । यसमध्ये कुनै खुट्टा झिक्ने वा भाँच्ने कार्यले संविधानको मौलिकता समाप्त हुन्छ । संघीयता मूल खाँबो हो । मूल खाँबो नै भाँच्चियो भने संविधान चल्न सक्दैन, रहँदैन । संघीयता भनेको प्रदेश संरचनाको गठन मात्र होइन, संघीय इकाइबीच अधिकारको बाँडफाँट हो । राज्यको संरचनामा आमूल परिवर्तन हो ।

संघीयताका कारण उपलब्धि भएका छन् । सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग निर्वाचित जनप्रतिनिधिले गरेका छन् । लैंगिक समानता र समावेशी तथा सहभागितामूलक प्रतिनिधित्वको सुनिश्चितता छ । गाउँ/नगरसभादेखि संघीय संसद्सम्मका हरेक निकायमा कम्तीमा एकतिहाइ महिला प्रतिनिधित्व छ । सिंहदरबारको संगठन संरचनामा परिवर्तन आएको छ । करिब एक लाख निजामती कर्मचारीमा आधाभन्दा वढी प्रदेश र स्थानीय तहमा समायोजन भएका छन् । मुस्किलले सदरमुकामसम्म जाने कर्मचारी गाउँ-गाउँ पुगेका छन् । २० वर्षसम्म हुन नसकेको स्थानीयको चुनाव संघीयताकै कारण सम्भव भएको हो । नेपाल सरकार र स्थानीय सकारले मात्र समस्याको समाधान दिन्थे भने माओवादी, मधेशलगायतका आन्दोलन हुँदैनथे होला ।

साविकमा पाँचवटा विकास क्षेत्रमा क्षेत्रीय कार्यालय थिए । सचिवको दरबन्दी थियो । तर सचिव बस्दै नबस्ने/जाँदै नजाने अवस्था थियो । सहसचिवहरू पनि जान मान्दैनथे । अहिले सयभन्दा बढी सचिव/सहसचिवहरू प्रदेशमा छन् । उच्च पदस्थ कर्मचारी तल जानु भनेको जनताको घरदैलोसम्म सेवा पुग्नु हो । यदि संघीयता नआएको भए यो सम्भव थिएन । संघीयतामा केन्द्रको संरचना घट्नु हो, तल बढ्नु हो । यो भनेको प्रतिएकाइ सेवामा बढोत्तरी हुनु हो । तर अपेक्षित रूपमा केन्द्रको संगठन संरचना जसरी कम हुनुपर्थ्यो, हुन सकेको छैन । संघीय तहमा १० वटाभन्दा बढी मन्त्रालय चाहिँदैन । कर्मचारीको संख्या पनि अधिक छ । संविधानले प्रदेशलाई विकासको वाहक मानेको छ । तर, विकासे मन्त्रालय संघमा नै राखेर प्रदेश र स्थानीय तहको कार्यक्षेत्र मिच्ने काम भएको छ । साना-साना योजनामा बजेट छिरोल्ने काम भएको छ ।

संघीयताले दिएका उपलब्धिको चर्चा गर्दा, मुस्किलले ३० लाखको बजेट पनि बनाउन नसक्ने स्थानीय तहले अहिले एक अर्बभन्दा बढीको बजेट बनाउने हैसियतमा छन् । यसैगरी शून्य आन्तरिक कर राजस्वबाट काम प्रारम्भ गरेका प्रदेश ५० अर्ब बराबरको कर राजस्व परिचालन गर्न सक्ने अवस्थामा छन् । सातवटै प्रदेशले एक-एक अर्बबाट बजेट सुरु गरेका थिए । हाल सबै प्रदेशको कुल बजेट २ सय ७९ अर्ब छ । आन्तरिक स्रोत र बजेटको साइज बढ्नु भनेको विकास निर्माण र सेवा प्रवाहमा पनि गुणात्मक फड्को मार्नु हो । केन्द्रीकृत राज्यको स्रोत संघीयताका कारण संवैधानिक रूपमै विकेन्द्रीकृत छ ।

हिजो द्वन्द्वको समयमा मानिस आफ्नो थातथलो छाडेर सहर पसे । राज्यका अधिकांश अंग गाउँसम्म जान हिम्मत गर्न सक्ने अवस्थामा थिएनन् । मधेश आन्दोलनका समयमा पनि कैयौं पहाडी मूलका नागरिक विस्थापित भएका थिए । ग्रामीण क्षेत्र सुनसान थियो । गाउँका जमिन बाँझा भए । तर संघीयतासँगै मुलुकमा शान्ति छाएको छ । मानिस आफ्नो थातथलो फर्केका छन् । शिक्षा, स्वास्थ्य, कृषिलगायत पूर्वाधार विकासमा परिवर्तन आएको छ । स्थानीय बासिन्दा आत्मनिर्भर भएका छन् । अहिले सानोतिनो काम र समस्याका पोको बोकेर मानिसलाई सदरमुकाम र राजधानी धाउनुपर्ने स्थिति हटेको छ । गाउँका समस्या पालिका र प्रदेश सरकारतिर तेर्सिएको छ । दुई/चार लाखका योजना माग्न योजना आयोग र अर्थ मन्त्रालयमा भीडभाड हुन्थ्यो । अहिले यसको अन्त्य भएको छ । संविधानले वित्तीय संघीयताको सुनिश्चितता गरेको छ ।

मुलुकको शासन सत्तामा परिवर्तन नभएको भए स्थानीय तहमा जनप्रतिनिधिविहीनको स्थिति अहिले पनि हुने थियो । संघीयतालाई निरपेक्ष रूपमा हेर्न हुँदैन । यदि मुलुकमा संघीयता र गणतन्त्र नआएको भए स्थानीय तह हिजोकै अवस्थामा हुने थिए । संविधानको मूल खाँबो संघीयता भएकाले यससँगै जोडिएर प्रदेश संरचना बनेको हो । स्थानीय तह अधिकारसम्पन्न भएका हुन् । प्रदेशबिनाको संघीयता दुनियाँको कुनै पनि मुलुकमा छैन । बरु, अधिकांश संघीय मुलुकका स्थानीय तह प्रदेश मातहत छन् । प्रदेश कानुनअनुसार चल्छन् ।

संविधान र शासन व्यवस्था राम्रो भएर मात्र हुँदैन । नेतृत्वकर्ताहरू खराब भए भने समस्या पैदा हुन्छ । संघीयताको विकल्प केन्द्रीयता वा राजतन्त्र हुन सक्दैन । यसको विकल्प सुधारसहितको संघीयता नै हो । सबै खालका शासन व्यवस्थाको अनुभवसहित नेपाल संघीयतमा प्रवेश गरेको हो । असल अभिभावकत्व नभएका कारण संघीयताले अपेक्षित परिणाम दिन नसकेको सत्य हो । कर्मचारी व्यवस्थापन, कानुन र संस्थागत संरचनाको निर्माण, क्षमता अभिवृद्धि, वित्तीय स्रोत साधनको वैज्ञानिक बाँडफाँट र प्रयोगलगायतका क्षेत्रमा समन्वयात्मक किसिमले अगाडि बढ्नुपर्छ ।

आर्थिक सर्वेक्षणअनुसार संघ, प्रदेश र स्थानीय तहको कुल खर्चमा प्रदेश तहको खर्च ९.८० प्रतिशत मात्र छ । सय रुपैयाँमा प्रदेशको खर्च १० रुपैयाँ पनि छैन । तर, कर्मचारी व्यवस्थापन, प्रहरी समायोजन, निजामती कानुनको तर्जुमा, संस्थागत संरचना निर्माण र हस्तान्तरण, भूमिको उपयोगजस्ता प्रदेश तह सञ्चालनका कठिनाइबारे चर्चा हुँदैन । यी समस्या पहिलो कार्यकालका मुख्यमन्त्रीदेखिकै हुन् । अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय समस्या समाधान समितिलगायतका अन्तरतह समन्वयकारी निकायका बैठकमा पटकपटक चर्चा हुँदा पनि समस्याको समाधान हुन सकेको छैन ।

सुरुवाती चरणमा प्रदेशले लिएको दिशा सही थियो । पछि नेकपा विभाजन, निर्वाचनपछि शासनसत्ताको समीकरणमा अदलबदललगायतका कारण प्रदेशप्रति नागरिकको भरोसा गिर्दो अवस्थामा छ । यस्तो अवस्थाको सिर्जना गराउने प्रमुख राजनीतिक दलहरू नै हुन् । त्यसैले सबभन्दा पहिला राजनीतिक दल सुधिन जरुरी छ । संविधानको आशय र भावनाअनुसार प्रदेशले सहज रूपमा काम गर्न पाउनुपर्छ । प्रदेश असफल भयो भने सिंगो शासन व्यवस्था नै असफल हुन्छ । प्रदेशका गुनासा सम्बोधन गर्ने र सहज रूपमा काम गर्ने वातावरण निर्माण गराउनु नै अहिलेको अहम् सवाल हो । तर, प्रदेशले पनि नागरिकका अपेक्षाअनुसार आफूलाई रूपान्तरण गर्न त्यत्तिकै जरुरी छ ।

प्रदेश संरचनाको सफलताका लागि प्रहरी समायोजन, अन्तरप्रदेशलगायत अन्तरतह समन्वयकारी संस्थाको क्रियाशीलता, संघीय इकाइबीच कार्यक्षेत्रमा देखिएको दोहोरोपनाको अन्त्य हुनुपर्छ । नीति निर्माण र कानुन तर्जुमाबीच तादत्म्य, अधिकार र कार्यबोझका आधारमा संस्थागत संरचना निर्माण जरुरी छ । वित्तीय संघीयताको सही कार्यान्वयन, निजामती कानुनलगायत अत्यावश्यक कानुन तर्जुमालगायत मुख्यमन्त्रीहरूले राष्ट्रिय समन्वय परिषद्मा पेस गरेका लिखित सुझावको कार्यान्वयन जरुरी छ ।

कानुनले नचिनेका 'सौतेनी बाउ'

सविता विमली

ऐनको परिभाषामा विवाहिता महिलाको परिवारमा सासू, ससुरा छन् तर विवाहिता पुरुषको परिवारमा सासू, ससुरा छैनन् । बाबुले विवाह गरेकी महिलालाई परिवारको परिभाषामा अटाउँदा आमाले विवाह गरेको पुरुष सोही परिभाषामा किन अट्न सकेन ?

जतिबेला देश थिएन, राजनीति थिएन, संविधान, कानुन थिएन तर मानिस थिए । परिवार, नातेदार थिए । यसको परिभाषा त धेरैपछि मात्र गर्न थालिएको हो । हाम्रा कानुनले परिवार र नातेदारलाई कसरी परिभाषित गरेका छन् त ?

बालबालिकासम्बन्धी ऐन २०७५ मा 'परिवार' भन्नाले बालबालिकाका बाबुआमा, एकासगोलका दाजुभाइ, दिदी, बहिनी, हजुरबुवा वा हजुरआमा सम्झनुपर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ भनिएको छ । भूमिसम्बन्धी ऐन, २०२१ ले कुनै व्यक्तिका सम्बन्धमा परिवार भन्नाले सो व्यक्ति र निजको देहायको अवस्थाका नातेदारसम्मलाई सम्झनुपर्छ । अंश छुट्टिएको वा नछुट्टिए पनि पति वा पत्नी, बाबु वा आमा जीवित छउन्जेल अंश छुट्टिएको वा नछुट्टिएको भए पनि १६ वर्ष उमेर नपुगेका छोरा, बाबु वा आमा जीवित छउन्जेल १६ वर्ष उमेर नपुगेकी अविवाहिता छोरी भनी परिभाषित गरेको पाइन्छ । यस्तै, सहकारी ऐन, २०७४ ले पनि परिवारको परिभाषा गरेको छ । यसमा पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नुपर्ने दाजु, भाउजू, भाइ, बुहारी र दिदी, बहिनीलाई परिवार भनिएको छ । तर अंशबन्डा गरी वा मानो छुट्टिई आआफ्नो पेसा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन भन्ने उल्लेख छ ।

सैनिक सेवा नियमावली, २०६९ अनुसार परिवार भन्नाले सैनिक व्यक्तिसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झिनुपर्छ । सो शब्दले विवाहिता महिला सैनिक व्यक्तिको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ भनिएको छ । प्रहरी नियमावली, २०७१ अनुसार प्रहरी परिवार भन्नाले प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ । सो शब्दले पुरुष र अविवाहित महिला प्रहरी कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिला प्रहरी कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

मुलुकी देवानी संहिता, २०७४ को भाग ३ मा पारिवारिक कानुनसम्बन्धी व्यवस्था गरिएको छ । यसमा विवाह, विवाह परिणाम, सम्बन्धविच्छेद, आमा, बाबु तथा छोराछोरीको सम्बन्ध, मातृक तथा पैत्रिक अख्तियारी, संरक्षकत्व, माथवर, धर्मपुत्र तथा धर्मपुत्री, अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री, अंशबन्डा, अपुतालीसम्बन्धी व्यवस्था छन् । निजामती सेवा ऐन, २०४९ ले परिवार भन्नाले निजामती कर्मचारीसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ भनेको छ । पुरुष र अविवाहित महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू-ससुरालाई समेत परिवार जनाउँछ । लोक सेवा आयोग नियमावली, २०७९ मा नजिकको नातेदार भन्नाले कुनै व्यक्तिको बाबु, आमा, सासू, ससुरा, पति, पत्नी, छोरा-बुहारी, छोरी-ज्वाईं, दाजु-भाउजू, भाइ-बुहारी, दिदी-भिनाजु बहिनी-ज्वाइँ, जेठाजु-जेठानी, देवर-देवरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुवा-ठूलीआमा, सानीआमा-सानोबुवा, भतिजा, भतिजी, भान्जा, भान्जी, मामा-माइजू, फुपू-फुपाजु, जेठान, जेठी सासू, साला, साली, साढु दाइ, साढु भाइ र तिनका छोराछोरी सम्झिनुपर्छ ।

यी परिभाषाले पुरुषलाई पुरुष मात्र होइन बाबु, छोरा, दाजु, भाइ, ससुरा, हजुरबुवा (बाजे), धर्मपुत्र मानेको छ भने महिलालाई आमा, सौतेनी आमा, छोरी, दिदी, बहिनी, सासू, हजुरआमा (बज्यै), धर्मपुत्री मानेको छ । यो परिभाषाअनुसार बाबुहरूको मात्र दोस्रो विवाह हुन्छ, आमाहरूको हुँदैन ! आमाहरूले विवाह गरे पनि त्यो विवाहलाई कानुनले चिनेन । चिन्थ्यो भने सौतेनी आमा परिवारको सदस्य हुँदा सौतेनी बाबुलाई परिवारको सदस्य मानिन्थ्यो । तर किन बाबुले विवाह गरेकी महिलालाई परिवारको परिभाषामा अटाउँदा आमाले विवाह गरेको पुरुष सोही परिभाषामा अट्न सकेन ?

कतिपय सौतेनी बाबुले जैविक बाबुको भन्दा बढी प्रेम र जिम्मेवारीका साथ सन्तान हुर्काएका छन् । आखिर किन अहिलेसम्म उनीहरू ओझेलमा परे ? यसको एउटै कारण हो, उनीहरूका अगाडि पुरुष वा बाबु होइन महिला वा आमा आउँछे । महिलाबाट सुरु भएको नातालाई किन कानुनले चिन्दैन ? विधायक/कर्मचारीहरू के सोच्छन् र कस्तो कानुन बनाउँछन् भन्ने बुझ्न माथि उल्लिखित परिभाषा हेरे पुग्छ । ऐनका परिभाषामा विवाहिता महिलाका परिवारमा सासू, ससुरा छन् तर विवाहिता पुरुषको परिवारमा सासू, ससुरा छैनन् ।

प्रदेशहरूले पनि आफू मातहतका इकाइका लागि आवश्यक कानुन बनाउँदै आएका छन् । बागमती प्रदेश सरकारले बनाएको प्रदेश निजामती सेवा ऐन, २०७९ मा परिवार भन्नाले निजामती कर्मचारीसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविववाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ भनिएको छ । यसले पुरुष र अविवाहित महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू-ससुरालाई समेत जनाउने उल्लेख छ । अन्य प्रदेश सरकारले बनाएका निजामती सेवा ऐनमा समेत यही प्रावधान छ । कोशी प्रदेश सरकारले बनाएको प्रदेश निजामती सेवा ऐन, २०७९ मा भने परिवार भन्नाले कर्मचारीसँग बस्ने तथा निजले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु वा सौतेनी बाबु वा धर्म बाबु, आमा वा सौतेनी आमा वा धर्म आमा, बाजे, बज्यै तथा सासू, ससुरालाई समेत जनाउँछ भनिएको छ ।

निजामती सेवा ऐन, २०७९ मा कोशी प्रदेशले मात्र परिवारलाई फरक किसिमले परिभाषित गरेको छ । यसमा पहिलो पटक सौतेनी बाबुलाई परिवारको परिभाषामा समेटिएको छ । महिलाको हकमा मात्र नभनेर बाजे, बज्यै, सासू, ससुरा मात्र भनिएको छ । कोशी लोक सेवा आयोगकी आयुक्त सजना दाहालका अनुसार यसले महिला वा पुरुष दुवैका बाजे, बज्यै तथा सासू र ससुरालाई समेट्छ ।

उल्लिखित कानुनमा कर्मचारीको परिभाषामा सम्बन्धित सेवामा बहाल रहेको व्यक्ति मात्र भनिएको छ । महिला/पुरुष/विवाहित/अविवाहित भनिएको छैन । तर परिवारको परिभाषामा आएर भने महिला/पुरुष/विवाहित/अविवाहित भनेर खिचलो झिकिएको छ ।

महिला कर्मचारीको हकमा एक किसिमको र पुरुष कर्मचारीको हकमा अर्को परिभाषा गरिनु संविधान र प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ । हजुरबुवा-हजुरआमा, बाबुका आमाबुवा मात्र हुँदैनन् आमाका आमाबुवा पनि हुन्छन् । आमाका आमाबुवालाई पनि हजुरबुवा-हजुरआमाको परिभाषाले समेट्नुपर्छ । यदि सासू, ससुरासँग बसेकी बुहारीले जसरी सासू, ससुराको उपचार गर्ने कानुन छ, त्यसैगरी ज्वाइँले पनि सासू, ससुराको उपचार गर्नुपर्छ । यसका लागि ऐनमा आवश्यक परिवर्तन हुन जरुरी छ ।

संघीय निजामती सेवा ऐन विधेयक २०८० मा परिवार भन्नाले निजामती कर्मचारीसँग बस्ने वा निजले पालनपोषण गर्नुपर्ने निजको पति, पत्नी, छोरा, छोरी, बाबु र आमा सम्झनुपर्छ भन्ने छ । यसले विवाहित कर्मचारीको हकमा निजसँग बस्ने वा निजले पालनपोषण गर्नुपर्ने निजको सासू, ससुरालाई समेत जनाउँछ भनिएको छ । कानुनले अहिलेसम्म विवाहित पुरुषका सासू, ससुरालाई नचिनेको अवस्थामा अब विवाहित कर्मचारीका हकमा भनेर महिला वा पुरुष नजनाइएको कारण यसको आशय महिला वा पुरुषका सासू, ससुरा भन्ने नै हो । यो पनि ठूलो परिवर्तन हो । यद्यपि दोस्रो विवाह गरेकी आमाको पतिलाई यो विधेयकले अझै चिनेको छैन । सासू, ससुरामा विभेद नगर्ने गरी आउन लागेको कानुनले अझै आमाबाट सुरु हुने नातालाई चिन्न आनाकानी गरिरहेको छ ।

संघीय निजामती सेवा ऐन विधेयक २०८० छलफलको चरणमा छ । विवाहित पुरुषको परिवारमा सासू, ससुरा, हजुरबुवा, हजुरआमा भनिरहँदा आमाका बाबुआमा तथा सौतेलो बाबुलाई अब पनि कानुनले नचिनेर बस्न मिल्छ ?

- विमली अधिवक्ता हुन् ।

दिल्लीको मुख्यमन्त्रीमा अझै अन्योल

प्रवेश बर्मा, स्मृति इरानी, मनोज तिवारीदेखि बाँसुरी स्वराजसम्म प्रतिस्पर्धामा

नयाँदिल्ली (एजेन्सी)– दिल्ली विधानसभा चुनावमा भारतीय जनता पार्टी (भाजपा) ७० मध्ये ४८ सिट जितेर २७ वर्षपछि पुनः सत्तामा फर्किएको छ। निर्वाचन नतिजा सार्वजनिक भएको ४ दिन बितिसक्दा पनि नयाँदिल्लीले नयाँ मुख्यमन्त्री भने पाइसकेको छैन।

भाजपाले नयाँ सरकार गठनको तयारी थाले पनि मुख्यमन्त्रीको नाम घोषणा गरिसकेको छैन। हिन्दुस्तान टाइम्सले एक भाजपा नेतालाई उद्धृत गर्दै प्रधानमन्त्री नरेन्द्र मोदी अमेरिका भ्रमण सकेर फर्केपछि मात्रै शपथग्रहण समारोह तय हुने उल्लेख गरेको छ। मोदी १५ फेब्रुअरीमा भ्रमण सकेर स्वदेश फर्किने कार्यक्रम छ।

भाजपाले कसलाई मुख्यमन्त्री बनाउनेछ भन्ने विषयमा अड्कलबाजी भइरहे पनि निश्चिय भइसकेको देखिन्न। भाजपाका केही नेताले नयाँ मुख्यमन्त्री निर्वाचित भाजपा विधायकमध्येबाट चयन हुनुपर्ने बताइरहेका छन्। नयाँ मुख्यमन्त्री महिला, सिंह वा 'पूर्वाञ्चली' हुन सक्ने सम्भावना रहेको अड्कलबाजी छ। एकथरीले भने पूर्वमुख्यमन्त्री तथा आम आदमी पार्टी (आप) का संस्थापक अरविन्द केजरीवाललाई पराजित गर्ने प्रवेश बर्मादेखि रमेश बिधुरी, भाजपा सांसद मनोज तिवारीदेखि कपिल मिश्रसम्मको नामबारे अड्कलबाजी गरिरहेका छन्।

भाजपाको महिला विभागकी उपप्रमुख रेखा गुप्ता, आपका सौरभ भारद्वाजलाई चुनावमा हराउने शिखा रोयदेखि पूर्वमन्त्री स्मृति इरानी र सुष्मा स्वराजकी छोरी बाँसुरी स्वराजसम्मका नाम मुख्यमन्त्री हुनेको चर्चामा छ। अधिकांश भारतीय सञ्चारमाध्यमले भाजपाले महिला वा जातीय समीकरण मिलाउने हिसाबले मुख्यमन्त्रीको चयन गर्ने सम्भावना बढी रहेको औंल्याएका छन्।

इन्डियन एक्सप्रेसले भाजपा नेतृत्वले आरएसएसको सिफारिसमा जो पर्छ, उही नै मुख्यमन्त्री बन्ने उल्लेख गरेको छ। हिन्दुस्तान टाइम्सले भने मुख्यमन्त्रीको विषयमा दलभित्र छलफल तीव्र बनिरहेको जनाएको छ। यस पटक भाजपाले आफ्ना नवनिर्वाचित विधायकमध्ये महिला उम्मेदवारलाई मुख्यमन्त्री चयन गर्न सक्ने सम्भावना रहेको हिन्दुस्तान टाइम्सको समाचारमा उल्लेख छ।

उक्त समाचारमा भाजपाका एक वरिष्ठ नेतालाई उद्धृत गर्दै शिख नेता वा महिलामध्येबाट एक जना छनोट हुने सम्भावना रहेको लेखिएको छ। मध्यप्रदेश, राजस्थान र ओडिसाका अघिल्ला चुनावमा भाजपा नेतृत्वले ठूला घोषणा गर्नुअघि आफ्ना रणनीति गोप्य राख्ने प्रवृत्ति यसपालाको दिल्ली विधानसभा चुनावपछि पनि कायम देखिएको छ।

पेरिस एआई सम्मेलनको प्रस्तावमा हस्ताक्षर गर्न अमेरिका र बेलायतले गरे अस्वीकार

अमेरिकी उपराष्ट्रपति भान्सले एआई क्षेत्रमा अहिले व्याप्त अधिक नियमनका प्रयासको आलोचना गरे, उनले एआईको विकासमा बाधा पुऱ्याउन सक्ने भन्दै प्रस्तावमा हस्ताक्षर गर्न अस्वीकार गरे

सजना बराल (काठमाडौं)

एपी, रासस

अमेरिका, भारत, युरोपेली संघ, फ्रान्स, चीनलगायत देशका उच्च नेतृत्वको सहभागितामा फ्रान्सको राजधानी पेरिसमा भएको 'विश्व एआई सम्मेलन' मंगलबार सम्पन्न भएको छ। दुईदिने सम्मेलनमा ८० देशका सरकारी प्रतिनिधिसँगै एआई क्षेत्रका अग्रणी कम्पनी, डेभलपर, विज्ञलगायत सहभागी थिए। सम्मेलनको प्रस्तावना समेटिएको संयुक्त विज्ञप्तिमा अमेरिका र बेलायतले हस्ताक्षर गर्न अस्वीकार गरे भने युरोपेली संघले एआई नियमनमा अलि उदार हुने संकेत दिएको छ।

फ्रान्सका राष्ट्रपति इम्यानुअल म्याक्रोंले अध्यक्षता गरेको सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी सहअध्यक्षका रूपमा उपस्थित थिए। अमेरिकी उपराष्ट्रपति जेडी भान्स, चिनियाँ उपप्रधानमन्त्री झाङ जियोकिङ, युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डर लेयेनलगायतले वक्ताका रूपमा सहभागिता जनाएका थिए। सम्मेलनमा समावेशी र दिगो एआई विकासको प्रवर्द्धन गर्ने विषयमा तयार गरिएको घोषणापत्रमा अमेरिकी उपराष्ट्रपति भान्स र बेलायतको प्रतिनिधित्व गरेका विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव पिटर कायलले हस्ताक्षर गरेनन्। भान्सले एआई नियमनमा युरोपेली संघ कठोर भएको र यसले नवप्रवर्तनलाई प्रभाव पार्ने अभिव्यक्तिसमेत दिए।

फेब्रुअरी १० र ११ मा आयोजित पेरिस एआई सम्मेलनले विश्वका विभिन्न राजनीतिक, व्यावसायिक र प्राविधिक नेतृत्वलाई एकसाथ ल्याएको थियो। एआई नियमनका लागि विश्वव्यापी मापदण्ड स्थापित गर्ने उद्देश्य राखिएको यो सम्मेलनमा एआईको नैतिक, दिगो र समावेशी प्रयोग र विकासको दृष्टिकोणमा जोड दिइएको थियो। सम्मेलनको प्रमुख आकर्षणमध्ये एक युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डर लेयेनको मन्तव्य थियो। उनले युरोपलाई एआईसम्बन्धी नवीनतम विकासमा अग्रसर बनाउनुपर्ने आवश्यकता औंल्याइन्।

'हामी चाहन्छौं, युरोप एआईको क्षेत्रमा अगाडि बढोस्,' उनले भनिन्, 'ता कि हामीले एआईलाई हाम्रो दैनिक जीवन र प्रयोगको अभिन्न हिस्सा बनाउन सकौं।' युरोपमा एआई लगानीका लागि २ सय अर्ब युरो परिचालन गर्ने योजना पनि उनले सार्वजनिक गरिन्। यो लगानीलाई 'सर्न' भनिने युरोपेली आणविक एजेन्सीजस्तै चारवटा एआई गिगाफ्याक्ट्री स्थापना गर्न प्रयोग गरिने उनको भनाइ थियो।

अमेरिकी उपराष्ट्रपति भान्सले एआई क्षेत्रमा अहिले व्याप्त अधिक नियमनका प्रयासको आलोचना गरे। त्यसले एआईको विकासमा बाधा पुऱ्याउन सक्ने उनको धारणा थियो। एआई प्रणालीलाई वैचारिक पूर्वाग्रहबाट मुक्त राख्नुपर्नेमा जोड दिँदै भान्सले भने, 'एआई क्षेत्रमा अहिले भइरहेको विकास औद्योगिक क्रान्ति वा स्टिम इन्जिनको विकास जत्तिकै महत्त्वपूर्ण समय हो। हाम्रो प्रयास अमेरिकामा विकास भएका एआई प्रविधि र प्लाटफर्महरू कुनै पनि विचारधाराका पूर्वाग्रहबाट मुक्त राख्नेमा केन्द्रित हुनेछ।' उनले प्राविधिक रूपमा अमेरिका सधैं अगाडि रहने र त्यसका लागि युरोपेलीलगायत सरकारहरूसँग मिलेर काम गर्ने प्रस्ट पारे।

कार्यक्रममा सक्रिय सहभागिता जनाएका भारतीय प्रधानमन्त्री मोदीले एआईको परिवर्तनकारी क्षमता र सम्भावित जोखिमबारे चर्चा गरेका थिए। 'हामी एआई युगको सुरुवातमा छौं, जहाँ प्रविधिले हाम्रो अर्थतन्त्र र समाजलाई पुनः परिभाषित गर्दै लगेको छ,' उनले भने, 'यसको उच्चतम फाइदा उठाउन हामीले पारदर्शी र धेरैभन्दा धेरै ओपन-सोर्स प्रणालीहरू विकास गर्न जरुरी छ।' निष्पक्ष र लोकतान्त्रिक एआईको आवश्यकता औंल्याउँदै यसका लागि विश्वव्यापी सहकार्य जरुरी भइसकेको मोदीको निष्कर्ष थियो।

सम्मेलनमा एआईले रोजगारी, गोपनीयता र सामाजिक सुरक्षामा पार्ने प्रभावबारे पनि गहन छलफल भएका थिए। एआईको व्यापक निगरानी र एल्गोरिदमिक वायस (पूर्वाग्रह) जस्ता सम्भावित दुरुपयोगका विषयमा चर्चा भएको थियो। सो क्रममा एम्नेस्टी इन्टरनेसनलले मौलिक अधिकारहरूको रक्षा गर्न प्रतिबद्धताको आवश्यकता रहेको उल्लेख गर्दै एल्गोरिदमको दुरुपयोगका जोखिमहरूबारे प्रकाश पारेको थियो। सम्मेलनमा एआईको नकारात्मक मात्रै नभएर सकारात्मक पक्षमा समेत पर्याप्त बहस भएको थियो। एआईले आर्थिक वृद्धि र नवीनतम सोच विकासमा थपेको सम्भावनाबारे विज्ञहरूले बोलेका थिए। यसै क्रममा सम्मेलन आयोजक फ्रान्सले एआई क्षेत्रमा १०९ अर्ब युरोको निजी लगानी घोषणा गऱ्यो। यसलाई डेटा सेन्टर र एआई प्रविधि पूर्वाधार विकासमा लागनी गर्न प्राथमिकता दिइएको छ। यो लगानीले रोजगारी सिर्जना गर्ने र फ्रान्सलाई विश्वव्यापी एआई क्षेत्रमा एक प्रमुख खेलाडीका रूपमा स्थापित गर्ने अपेक्षा फ्रान्सेली नेतृत्वको थियो।

सम्मेलनले भू-राजनीतिक तनावहरूलाई पनि उजागर गरेको पाइयो। विशेष गरी अमेरिका, चीन र युरोपबीच चिसिँदै गएको राजनीतिक सम्बन्धको असरको संकेत सम्मेलनमा देखियो। अमेरिकाले सम्मेलनका प्रस्तावनाहरू समेटिएको संयुक्त विज्ञप्तिमा हस्ताक्षर नगर्नुलाई एआई नियमनबारे विभिन्न देशका फरक दृष्टिकोण र त्यसमा रहेको असहमतिका रूपमा व्याख्या गरिएको छ।

सम्मेलनकै आकर्षणका रूपमा चर्चित चिनियाँ प्रविधि कम्पनी डिपसिकले आफ्नो एआई प्रविधिका प्रगतिहरूबारे प्रस्तुति दिएको थियो। डिपसिकले एआई क्षेत्रमा बढ्दो प्रतिस्पर्धालाई थप चर्काएको र अमेरिकी कम्पनीको एकलौटी प्रभावमा चुनौती दिएको संकेत दिएको थियो। सम्मेलनका लागि मेट्रो स्टेसन बन्द गर्ने र सुरक्षालाई ध्यान दिँदै आवतजावतमा निगरानी गरिएकामा फ्रान्सेलीहरूले आलोचनासमेत गरे।

सम्मेलनको अध्यक्षता गरेका फ्रान्सका राष्ट्रपति म्याक्रोंले एआईको विकास र विस्तारमा फ्रान्सको प्रतिबद्धता पुनः प्रकट गर्दै फ्रान्स एआई विकासको दौडमा फर्किएको घोषणा गरे। आफूसँग भएको हरित र नवीकरणीय ऊर्जाका स्रोतहरूले एआई विकास सहज बनाउने उनको दावी थियो। 'हामीले एआईको विकास अघि बढाउँदा त्यसले मानव जगत्को सेवा गरोस् र हाम्रा मूल्य-मान्यताको सम्मान गरोस् भन्नेमा ध्यान दिन जरुरी छ,' म्याक्रोंले भने। एआईको विकास र नियमनका लागि अमेरिका, चीनलगायत विश्वव्यापी सहकार्य आवश्यक रहेकामा उनले जोड दिए।

यसअघि सन् २०२३ मा पहिलो पटक बेलायतमा र गत वर्ष दक्षिण कोरियाको सोलमा एआई सम्मेलन भएको थियो। यस पटक चिनियाँ एआई मोडल डिपसिकको व्यापक लोकप्रियतासँगै सूचना प्रविधि क्षेत्रमा ठूलो परिवर्तनका बीच यो सम्मेलन आयोजना भएकाले यसप्रति धेरैको चासो रह्यो। पहिलो पटक एआई सम्मेलनमा भाग लिएका भारतीय प्रधानमन्त्री मोदीले आगामी सम्मेलन भारतमा गर्ने प्रस्ताव राखेका छन्। सम्मेलनलाई सम्बोधन गर्दै मोदीले एआई फाउन्डेसन र सस्टेनेबल एआई काउन्सिल स्थापना गर्ने विषयको स्वागत पनि गरे।

पेरिस एआई सम्मेलनले आमप्रयोगकर्ताहरूलाई एआईमा स्वतन्त्र, सुरक्षित र भरपर्दो पहुँच प्रदान गर्ने, वातावरणमैत्री एआई विकास गर्ने र प्रभावकारी एवं समावेशी एआईको सुनिश्चितता गर्दै यसको विश्वव्यापी नियमन प्रयासमा जोड दिने लक्ष्य राखेको थियो। एएफपीका अनुसार पेरिसको १२५ वर्ष पुरानो ओपुलेन्ट ग्रान्ड प्यालेसमा भएको सम्मेलनमा एआई क्षेत्रको वर्तमान अवस्थादेखि भविष्यका लक्ष्यबारे छलफल भएका थिए।

एजेन्सीको सहयोगमा

हार्दिक समवेदना

जन्म: १९९१/१२/१३
स्वर्गारोहण: २०८१/१०/१८

स्व. गंगा माया थापा

यस कान्तिपुर टेलिभिजन नेटवर्कको सेक्यूरिटी गार्डमा कार्यरत सहकर्मी गुञ्ज बहादुर थापाकी ममतामयी माता गंगा माया गापाको असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

KANTIPUR HD

कान्तिपुर टेलिभिजन नेटवर्क लि., परिवार

हमासले बन्धक रिहाइ रोक्ने बताएपछि ट्रम्पले दिए अल्टिमेटम

वासिङ्टन/जेरुसलेम (एजेन्सी)- प्यालेस्टिनी समूह हमासले बन्धकको रिहाइ रोक्ने बताएपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आक्रोशित बनेका छन्। इजरायलले थुनामा रहेका थप प्यालेस्टिनी बन्दी रिहा गर्ने गरी शनिबार हमासले गाजामा बन्धक बनाइएका ३ जना इजरायलीलाई मुक्त गर्ने योजना थियो। तर इजरायलले युद्धविराम सम्झौता उल्लंघन गरेको बताउँदै हमासले बन्धक रिहाइ स्थगित गरेको जनाएको हो।

त्यसपछि रुस्ट ट्रम्पले शनिबार दिउँसो १२ बजेसम्म हमासले सबै बन्धक रिहा नगरे युद्धविराम अन्त्यको घोषणा गर्ने चेतावनी दिएका हुन्। उनले बन्धक रिहा नगरिए युद्धविराम अन्त्य गरेर हमासलाई निमिट्यान्न पार्ने चेतावनी दिएको सीएनएनले जनाएको छ। 'मेरो विचारमा शनिबार १२ बजेसम्म उनीहरू सबै फर्कनुपर्छ। किस्ता किस्तामा गरेर होइन,' ट्रम्पले भनेका छन्, 'मैले मेरो विचार राखेको हुँ। इजरायलले यसलाई सच्याउन पनि सक्छ।'

हमासको नियन्त्रणमा अझै ७६ जना छन्। तीमध्ये ७३ जनालाई हमासले ७ अक्टोबर २०२३ मा इजरायलमा गरेको आक्रमणसँगै बन्धक बनाएर लगेको थियो। ७३ मध्ये एक नेपाली विपिन जोशी छन्। कञ्चनपुरका जोशी 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत कृषिसम्बन्धी अध्ययनका लागि इजरायल पुगेका थिए। ३ जना भने एक दशकअघिदेखि नै हमासको नियन्त्रणमा छन्।

इजरायली रक्षामन्त्री इजरायल कात्सले बन्धकको रिहाइ रोक्नु युद्धविरामको पूर्ण उल्लंघन भएको बताएका छन्। उनले सेनालाई सतर्क अवस्थामा रहनसमेत निर्देशन दिएका छन्। 'गाजामा सम्भावित जुनसुकै अवस्था र समुदायको सुरक्षाका लागि उच्च सतर्कतामा रहन आदेश दिएको उनको भनाइ छ। 'हामी ७ अक्टोबरको वास्तविकता फर्कन दिने छैनौं,' उनले भनेका छन्।

> **बन्धक रिहा नगरिए युद्धविराम अन्त्य गरेर प्यालेस्टिनी समूह हमासलाई निमिट्यान्न पार्ने चेतावनी**

तर इजरायले युद्धविराम सम्झौताअनुसार आफ्नो दायित्व पूरा गरेको खण्डमा भने शनिबार हुने बन्दी आदानप्रदानको ढोका खुला रहने हमासले जनाएको छ। समाचार संस्था एएफपीका अनुसार हमास प्रवक्ता अबु ओबेदाले इजरायलले विस्थापित प्यालेस्टिनीलाई उत्तरी गाजामा फिर्ता गर्न ढिलाइ गरेको, स्थानीयमाथि गोली चलाएको र सहमतिअनुसार मानवीय सहायता वितरणमा अनुमति नदिएको आरोप लगाएका छन्।

हमास र इजरायलबीच १९ जनवरीदेखि युद्धविराम सुरु भएको थियो। त्यसयता १६ इजरायली र ५ जना थाई बन्धक रिहा भएका छन्। त्यसको बदलामा इजरायली जेलमा रहेका ५ सय ६६ जना प्यालेस्टिनी बन्दीहरूलाई रिहा गरिएको छ।

तीन चरणको युद्धविरामको पहिलो चरणमा हमासले बन्धक बनाएका ३३ जनालाई रिहा गर्ने सहमति भएको थियो। त्यसको बदलामा इजरायलले १९ सय प्यालेस्टिनीलाई रिहा गर्ने सम्झौतामा उल्लेख छ। इजरायली प्रधानमन्त्रीको कार्यालयका अनुसार ३३ मध्ये ८ जनाको मृत्यु भइसकेको छ।

युद्धविराम सम्झौतामा दोस्रो चरणका लागि पहिलो चरण सुरु भएको १६ दिनपछि वार्ता हुने उल्लेख छ। तर वार्ता भने सुरु हुन सकेको छैन। युद्धविरामको दोस्रो चरणमा बाँकी बन्धकहरू रिहा गरिने तथा गाजाबाट इजरायली फौज पूर्ण रूपमा फिर्ता हुने उल्लेख छ। तेस्रो चरणमा गाजाको पुनर्निर्माणको योजना समेटिएको छ।

वर्गीकृत विज्ञापन

घर जग्गा

बारा जिल्ला निजगढ बडहर्वामा आकर्षक घडेरीहरू सस्तो मुल्यमा बिक्रि ९७०२०४५०२२, ९८४९७०२४०५

धुम्वाराहीमा नयाघर, विशालनगरमा जग्गाबिक्रिमा, 9841420589

दहचोकमा प्रतिआना २१-२२लाखको घडेरीबिक्रिमा ९८५११६०२२८, ९८६११७५४००

ईमाडोलमा भुकम्प प्रतिरोधात्मक चारतल्ले घर तुरुन्त बिक्रीमा:- ९७४२८२७१०९

५४ लाखमा नयांपाटीमा ०-३-०-०, ९८०३०४५०१८

ललितपुरमा घरजग्गा खरीद बिक्रिमा, 9849737955

काठमान्डौ दहचोक सुरुङमार्ग नजिक ४-१२-०३-०० जग्गा बिक्रिमा सम्पर्क 9841767827

सम्पर्क

सबैभन्दा सस्तोमा Cashdeposit धितोफुकुवा 9841979508

सस्तोमा CASHDEPOSIT धितोफुकुवा, बैंकलोन 9851154609

Cashdeposit Statement धितोलोनचुक्ता शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८५१०४५२१८

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

ईङ्गलिस फरर जानेका कन्टिनेनटल, चाईनिज, ईण्डियन सेफ आवश्यकता, ९७६४६४४१५४

विविध विक्रीमा

कलेजअगाडीको खाजाघर बिक्रिमा ९७६३६६१२५४, ९८४१५२७८३०

निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीट्याङ्की सफाई गाडीमा १५००।- ९८४३७६८७३७

डलमंगाल जामखोल्ने सेफटीटंयाकी तान्ने 9843999386

भाडामा

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

गोदाम कोठाहरू भाडामा कालिमाटी ९८४१३०७५६७

नयाँबानेश्वर अनामनगर थापागाउँ बिजुलीबजार वरीपरी होस्टल संचालनको लागी पुन्चकोठा भएको एउटाकार पार्किङ्गगर्ने घर भाडामा चाहियो 9863794428

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिने, 9851071590

चाहियो

सेक्युरिटी गार्ड तु.अर्जेन्ट १९,०००-२३०००।- ९८२३०५३८४

ललितपुर स्थित स्कुलमा आयादिदी, हेल्पर, टिचर चाहियो 9840003417

मार्केटिङ्ग स्टाफ योग्यता एस.एल.सी.पास ९८५११५६७३८

रिसोर्टकोलागि अलराउन्डर कुक, हेल्पर, २ जना वेटर, खानबस्न सुविधा कल्बकोलागि महिला क्यासियर २ जना अर्जेन्ट चाहियो ९८५१०५९२६९

पोस्टर टास्ने पार्टटाइम काम ९७६७७३५४७८

अफिसमा तिन महिला गंगबु, 9709359571

किचेन हेल्पर आकर्षकतलब खानबस्न बसुन्धारा ९८४९४३८७३९

हेल्पर तथा मार्केटर सेल्सव्वाई आवश्यक हेल्परलाई खानबस्नको व्यवस्था ९८४००५७४२६

वेटर, हेल्पर, मसाल्ची कुलेश्वर खानबस्न सुबिधा ९८६१६६६७९१

कुकहेल्पर, वेटर, मसाल्ची 9808166650, 9706488000

क्लबमा कुक, लेडिज्क्यासियर, बारम्यान, लेडिजवेट्रेस ९८४१८७८८२६

रिसेप्सनिष्ट, कम्प्युटरअपरेटर, ग्राफिकडिजाईनर हेल्परचाहियो 9849-960614

लाजिम्पाट पसलकोलागि कर्मचारी चाहियो ९८०३०३३१२०

क्यान्टिनकोलागि कुक हेल्पर वेटर ९८६१६६६०१२

कुक, हेल्पर चाहियो जोरपाटी 9812750377

Teacher Vacancy: Boarding/Dolpa, Subject: English (lower Secondary), Salary:40,000/- (Lodging/fooding free) Contact: Principal: 9848303292

मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

भर्ना

Private SEE, +2, BA/MA 9841206019

उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१० Freedelivery

बिहावारी

२०-६५बर-वधु, नेवार, बाहुन, 9851352212- लमीबाजे

वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

रिजन एड मिडिया एण्ड मार्केटिङ्ग	पेप्सीकोला/कोटेश्वर	०१-४९९३५३१, ९८५११७८८३०
सुस्मिता क्लासिफाइड	नयाँबानेश्वर	०१-४१०४२३७, ९८५१०२११७२
सिद्धि गणेश एडभरटाइजिङ्ग	फुलबारी टोल, कपन	९८४१२८९४४७, ९८४३७८७५५६
युनिटेक आई.टी. सोलुसन	चुच्चेपाटी	९८४१३१५४४१, ०१४५८९९०२
जयबागेश्वरी कम्युनिकेशन	जयबागेश्वरी	०१-५२४१०११, ९८६३३३७२१७
हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन	जमल	४२२४१८१, ४०१२५७७
पब्लिक कन्ट्याक्ट प्वाइन्ट	कालिमाटी	४६७४८०१, ९८४१६९९३९३
न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस	लगनखेल	५५४३५८२, ९८४१८३४५३४
भ्याली कम्युनिकेशन सर्भिस	महाराजगञ्ज	०१४३७२३३०, ९८४९९६५२९३
बि. एण्ड बि. कम्यूनिकेशन	कलंकी	५२३४५३०, ९८४१०२१५२३
लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि.	गोंगबु, नयांवसपार्क	९८५१०२४३९८, ४३६४७५१
विडलिंक मिडिया	पु. बानेश्वरचोक	४४९२३०९, ९८४९९६०६१४
अनलाइन विज्ञापन सेवा	सिनामंगल	४४९१४१२, ९८५११२०१८०
पशुपति विज्ञापन सेवा	मरमिड	०१-४९९३५३१, ९८५११७८८३०
निशा बुक्स एण्ड स्टेशनरी	सेढाई स्टेशनरी	०१४३७२३३०, ९८४९९६५२९३
नेपाल मिडिया कन्सर्ल्ट	सूर्य विनायक साइबर	५२३४५३०, ९८४१०२१५२३
डि. एण्ड डि एडभरटाइजिङ्ग	भक्तपुर	५०९२६७४, ९८४१९७०८४१
स्मार्ट इन्भेष्टमेन्ट	लुभु	५५८०४०६, ५५५४३३२
प्रयास इन्टरप्राइजेज	जोरपाटी	९८५१०८९२५३, ९७४१०१७२५३
किपु बुक प्वाइन्ट	बागबजार	४२४५१०८
कान्तिपुर सञ्चार सेवा	कीर्तिपुर	४३३१७७५
मिडिया वे प्रा.लि.	कमलपोखरी	४५१४९२२, ९८४१४७८६००
न्यु टिन्स स्टेशनरी	नयाँबजार	४३८७८५५, ९८४१५१७०४५
दीप सेवा कम्पनी	सातदोबाटो	९६१७७४९१०९, ९८४१३२३८२८
	कोटेश्वर	४६०००७०
सोह्रखुट्टे चोक	९८६६४३०१५५, ९८१३६३५६०९	
कलंकी	५२३४३४२, ९८४९४७५६७५	
लगनखेल	५५३१९५७, ९८४१६२७४८९	
बसुन्धरा	९८४६१७८२२८	
सिफल	०१-४५७८१०३	
भक्तपुर	५०९२६७४, ९८४१९७०८४१	
लुभु	५५८०४०६, ५५५४३३२	
जोरपाटी	९८५१०८९२५३, ९७४१०१७२५३	
बागबजार	४२४५१०८	
कीर्तिपुर	४३३१७७५	
कमलपोखरी	४५१४९२२, ९८४१४७८६००	
नयाँबजार	४३८७८५५, ९८४१५१७०४५	
सातदोबाटो	९६१७७४९१०९, ९८४१३२३८२८	
कोटेश्वर	४६०००७०	
क्वीक कम्युनिकेशन सर्भिस	बालाजु	४९८३४५२, ४९८५४२६
गेटवे सञ्चार सेवा	सिनामंगल	९८०३७३९९८८, ९८५१०५३०७८
आर्क मिडिया	सुन्धारा	०१-५७१३९७१, ९८५१२२८२२८
अदीति विज्ञापन सेवा	कौशलटार	९८५११२२३८१
माउण्टेन एर एड	एकान्तकुना, नख्खु	५५३३७६६, ९८४९६६९४६५
लुमिनेन्ट एड एजेन्सी	कुमारीपाटी	०१-५१७१२१६, ९८५११९५५२५
सुविधा डटकम	बनस्थली	४३५२७७२, ९८४१७११५१२
सेभेन 24 प्रा.लि.	जावलाखेल, लपु	०१-५४४७७९७, ०१-५४३५९२४
मिडिया एडब	लाजिम्पाट	४००१०२५
समरमाथा श्री मिडिया	बालकुमारी	९८४१९५४००७, ०१-५१००४७०
गणेश पुस्तक	कांकडभित्ता	९८४२६३३४०६, ०२३-५६३१०९
मुनाल पुस्तक पसल	गाईघाट	९८४२८७५५५५, ०३५-४२०१२५
श्रेष्ठ बुक्स एण्ड स्टेशनरी	दमक	०२३-५८४१२५, ९८४२६२०७५७
के.डि.ए. सप्लायर्स एण्ड एड	भरतपुर	०५६-५७२१०९, ९८४५१९९३६१
चितवन एडभरटाइजिङ्ग	भरतपुर	०५६-५३१००८, ९८५५०६३४०७

* मू.अ.क. बाहेक

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

विदेशी मुद्रा

अमेरिकी डलर	१४०.२७
युरो	१४४.९५
पाउन्ड स्टर्लिङ	१७४.१५
अस्ट्रेलियन डलर	८८.१२
कतारी रियाल	३८.४७

राष्ट्र बैंकको आधारमा

सुन रू. १,७०,२००

चाँदी रू. १,९४५

अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न नेपाल–भारत सचिवस्तरीय सहमति

नयाँदिल्लीमा मंगलबार बसेको नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति बैठकले कम्पनी र सेयर संरचनाबारे जुटायो सहमति

भारतको नयाँदिल्लीमा मंगलबार भएको नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठकका प्रतिनिधि । तस्बिर : कान्तिपुर

सीमा तामाङ (काठमाडौं)

नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठकले संयुक्त कम्पनी स्थापना गरेर दोधारा (नेपाल)-बरेली (भारत) र इनरुवा (नेपाल)- पुर्णिया (भारत) अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने सहमति गरेको छ। नयाँ दिल्लीमा मंगलबार बसेको नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी) को १२ औं बैठकले कम्पनी र सेयर संरचनाबारे सहमति गरेको हो।

गत माघ ९ मा बसेको ऊर्जा सहसचिवस्तरीय संयुक्त कार्यदल (जेडब्ल्यूजी) बैठकले गरेको सहमतिलाई नै सचिवस्तरीय बैठकले अनुमोदन गरेको बैठकमा सहभागी एक अधिकारीले बताए। सहसचिवस्तरीय बैठकमा ४०० केभी दोधारा-बरेली र इनरुवा-पुर्णिया प्रसारण लाइन निर्माणका लागि दुई देशको संयुक्त कम्पनी खडा गरेर काम अघि बढाउने सहमति भएको थियो।

४०० केभी दोधारा-बरेली प्रसारण लाइनमा भारततर्फ १५० किलोमिटर र नेपालतर्फ करिब ३५ किलोमिटर दूरी हुनेछ। इनरुवा-पुर्णियामा नेपालतर्फ २५ किलोमिटर र भारततर्फ १०० किलोमिटर दूरी हुनेछ। लगानी मोडालिटी तय भएसँगै इनरुवा-पुर्णिया सन् २०२८/२९ र दोधरा-बरेली सन् २०२९/३० मा सम्पन्न गर्ने लक्ष्य राखेर निर्माण थालिने भएको छ।

सन् २०२९/३० सम्म अन्तरदेशीय प्रसारण लाइनबाट १२ हजार मेगावाट बिजुली आयात-निर्यात गर्न सकिनेछ। 'इनरुवा-पुर्णिया र लम्की-बरेली ४०० केभी प्रसारण लाइनको लगानी मोडालिटी टुंगिएको हो,' ती अधिकारीले भने, 'नेपालतर्फको प्रसारण लाइन निर्माण गर्न नेपाल विद्युत् प्राधिकरणको ५१ प्रतिशत र भारतको ग्रिड कर्पोरेसनको ४९ प्रतिशत सेयर हुनेछ। भारततर्फको प्रसारण लाइन निर्माण गर्न भने भारतीय कर्पोरेसनको ५१ प्रतिशत र प्राधिकरणको ४९ प्रतिशत सेयर हुनेछ।'

- **४०० केभी दोधारा-बरेली प्रसारण लाइनमा भारततर्फ १५० र नेपालतर्फ ३५ किलोमिटर दूरी हुने**
- **इनरुवा-पुर्णियामा नेपालतर्फ २५ र भारततर्फ १०० किलोमिटर दूरी हुने**
- **इनरुवा-पुर्णिया सन् २०२८/२९ र दोधरा-बरेली सन् २०२९/३० मा सम्पन्न गरिने**
- **अन्तरदेशीय प्रसारण लाइनबाट १२ हजार मेगावाट बिजुली आयात-निर्यात गर्न सकिने**
- **प्रसारण लाइन निर्माण गर्न नेपाल विद्युत् प्राधिकरणको ५१ र भारतको ग्रिड कर्पोरेसनको ४९ प्रतिशत सेयर रहने**
- **भारततर्फको प्रसारण लाइन निर्माण गर्न भारतीय कर्पोरेसनको ५१ र प्राधिकरणको ४९ प्रतिशत सेयर रहने**

दुई वर्षदेखि छलफल भइरहेको ४०० केभी इनरुवा-पुर्णिया र लम्की-बरेली प्रसारण लाइनको लगानी मोडालिटीबारे गत माघ ९ को सहसचिवस्तरीय बैठकमा समझदारी भएको थियो। निर्माणाधीन दोस्रो ४०० केभी अन्तरदेशीय प्रसारण लाइन बुटवल-गोरखपुरबारे समेत छलफल भएको छ। सन् २०२६ मेसम्म आफ्नातर्फको प्रसारण लाइनको काम सक्ने जानकारी गराइएको बैठकमा सहभागी अर्का अधिकारीले जनाए।

'नेपालतर्फको न्यू बुटवल सबस्टेसन निर्माण सकिएन भने अन्य वैकल्पिक उपायबाट उक्त प्रसारण लाइन सञ्चालनबारे छलफल भयो,' ती अधिकारीले भने, 'नेपालतर्फको बनेन भने २२० केभीमार्फत सञ्चालनमा ल्याइनेबारे छलफल भयो।'

नेपाल-भारतबीच १० वर्षमा १० हजार मेगावाट निर्यातका लागि दीर्घकालीन विद्युत व्यापार सम्झौता भइसकेको छ। ऊर्जा विकास मार्गचित्र तथा कार्यान्वयन योजना-२०८१ मा सन् २०३५ सम्म भारतमा १० हजार मेगावाट र बंगलादेशमा ५ हजार मेगावाट बिजुली निर्यात गर्ने लक्ष्य छ।

ऊर्जा सचिवस्तरीय बैठकले ४०० केभी निजगढ-मोतीहारी र कोहलपुर-लखनऊ प्रसारण लाइनको अध्ययन प्रतिवेदन तयार गरी सन् २०३४/०३५ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ। २२० केभी चमेलिया (नेपाल)-जलजिबी (भारत) प्रसारण लाइनको अध्ययन आगामी मार्चमा सकाउने र सन् २०२७ भित्र निर्माण सकेर सञ्चालनमा ल्याउनेसमेत सहमति भएको छ। ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनको तार (कन्डक्टर) परिवर्तन गर्नेसमेत सहमति भएको छ। तार फेरिएपछि ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइनको क्षमता दोब्बर हुनेछ।

सन २०१४ मा सम्पन्न नेपाल-भारत विद्युत् व्यापार सम्झौताअनुसार कार्यान्वयन पक्षलाई सहजीकरण, निर्देशन र प्रगतिको अनुगमन गर्न सचिवस्तरीय (जेएससी) र सहसचिवस्तरीय कार्यदल (जेडब्ल्यूजी) गठन गरिएको छ। प्रत्येक ६/६ महिनामा बैठक बस्नुपर्ने व्यवस्था रहे पनि यस पटक एक वर्षपछि मात्रै यो बैठक हुन बसेको हो। यसअघि २०८० पुस १८ मा सहसचिवस्तरीय र पुस २० मा चितवनमा ऊर्जासचिवस्तरीय बैठक बसेको थियो।

६ महिनामै राजस्व र भन्सार महानिर्देशकको सरुवा

ऋषिराम पौड्याल (काठमाडौं)

मुलुकको राजस्व संकलनमा सबैभन्दा धेरै भूमिका रहेको आन्तरिक राजस्व र भन्सार विभागका दुई महानिर्देशकलाई सरकारले पाँच महिनामै सरुवा गरेको छ। केपी शर्मा ओली नेतृत्वको सरकार गठन भएको दुई महिनापछि गत भदौमा महानिर्देशक बनेका दुवै जनालाई पद सम्हालेको ६ महिनामै सोमबारको मन्त्रिपरिषद् बैठकले सरुवा गरेको हो। अर्थ सचिव रामप्रसाद घिमिरेलाई पनि सोमबारकै बैठकले राष्ट्रपति कार्यालयमा सरुवा गरेको हो।

मन्त्रिपरिषद्ले १७ जना सहसचिव सरुवा गरेकामा राजस्वसँग सम्बन्धित महानिर्देशकलाई संघीय मामिला मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाइएको छ। हरेक सरकारको नेतृत्व फेरिनेबित्तिकै विभागका महानिर्देशक फेरिने र लामो समय काम गर्न पनि नदिने प्रवृत्ति यस पटक पनि दोहोरिएको छ। **बाँकी पृष्ठ ८**

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/१०/३० गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दाबी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

१. मकवानपुर जिल्ला, हेटौंडा उप-महानगरपालिका वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा, मकवानपुरमा मिति २०६९ साल कार्तिक महिना २३ गते ५ रोजमा दर्ता नं. ७८५५/१५६/२०६९/२०७०), स्था.व्या. तथा आन्तरिक राजश्व कार्यालय हेटौंडामा मिति २०६९/०८/१२ मा स्थायी लेखा नम्बर (PAN) ६००६१७१३२ अन्तर्गत दर्ता कायम भएको **जोन शु सेन्टर**।

२. काले मिजारको नाति, धन बहादुर सार्कीको छोरा, मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **शालिकराम मिजार** (ना.प्र.नं. ९२५, जारी मिति २०४४/१२/२८, जि.प्र.का. मकवानपुर)।

ऋणी (१) को लागी व्यक्तिगत जमानीकर्ताको विवरण

काले मिजारको नाति, धन बहादुर सार्कीको छोरा, मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **शालिकराम मिजार** (ना.प्र.नं. ९२५, जारी मिति २०४४/१२/२८, जि.प्र.का. मकवानपुर)।

ऋणी (१) र (२) को लागी संयुक्त व्यक्तिगत जमानीकर्ताको विवरण

१. धन बहादुर सार्कीको नाति, शालिकराम मिजारको छोरा, मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **अजय मिजार** (ना.प्र.नं. ३१-०१-७०-०२४८०, जारी मिति २०७०/०२/२८, जि.प्र.का. मकवानपुर)।

२. धन बहादुर सार्कीको बुहारी, शालिकराम मिजारको पत्नी, मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **मैया मिजार** (ना.प्र.नं. ४४११, जारी मिति २०६०/०२/०४, जि.प्र.का. मकवानपुर)।

३. शालिकराम मिजारको बुहारी, अजय मिजारको पत्नी, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **सुनिता मिजार** (ना.प्र.नं. ३१-०१-७५-००७२१, जारी मिति २०७५/०१/२०, जि.प्र.का. मकवानपुर)।

धितोको विवरण

१. जोन शु सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills and Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

२. **ऋणी जोन शु सेन्टर र शालिकराम मिजारको नाममा संयुक्त धितोबन्धकी कायम रहेको** मैया मिजार (ना.प्र.नं. ४४११, जारी मिति २०६०/०२/०४, जि.प्र.का. मकवानपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स. वडा नं. ५ भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ स्थित कि.नं. २९५५ को क्षेत्रफल ०-४-०-० (वि.क.धु.क.) बमोजिमको जग्गा एवं सो जग्गामा बनेको घर र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण

३. मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुरमा मिति २०७६ साल कार्तिक महिना ०३ गते प्रा.फ.र.नं. १९६४/९६०/०७६/०७७ तथा आन्तरिक राजस्व कार्यालय हेटौंडामा मिति २०७६/०७/०६ मा स्थायी लेखा नम्बर (PAN) ६१२२८९५१२ अन्तर्गत दर्ता कायम भएको **शर्मा किराना एण्ड सप्लायर्स**।

प्रोप्राईटर : साधना खनाल

४. मकवानपुर जिल्ला, भिमफेदी गा.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहि औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १५ को (१) (ख) र (२) को (ग) बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातारण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बाग्मती प्रदेश, हेटौंडा, मकवानपुरमा मिति २०७७ साल श्रावण महिना १४ गते रोज ०४ मा प्रा.फ.द.नं. १३६/९९/०७७/०७८ तथा आन्तरिक राजस्व कार्यालय हेटौंडामा मिति २०७७/०४/२६ मा स्थायी लेखा नम्बर (PAN) १००१४९९७३ अन्तर्गत दर्ता कायम भएको **शर्मा भिलेज फार्म**।

प्रोप्राईटर : जीवन तिमल्सीना

५. हिरा मणि शर्माको नाति, नवराज शर्माको छोरा, मकवानपुर जिल्ला, हेटौंडा गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **जीवन तिमल्सीना** (ना.प्र.नं. २४/४३९, जारी मिति २०५६/०६/१७, जि.प्र.का. मकवानपुर)।

ऋणी (३) (४) र (५) को लागी व्यक्तिगत जमानीकर्ताको विवरण

१. नवराज शर्माको बुहारी, जीवन तिमल्सीनाको पत्नि, तनहुं जिल्ला, सतिश्वरा गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **साधना खनाल** (ना.प्र.नं. ६४९२९, जारी मिति २०६०/०३/३१, जि.प्र.का. तनहुं)।

२. नवराज शर्माको बुहारी, ज्योती शर्माको पत्नि, पाल्पा जिल्ला, मदनपोखरा गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **विष्णु न्यौपाने** (ना.प्र.नं. १०१०२१, जारी मिति २०६०/०५/२१, जि.प्र.का. पाल्पा)।

३. ज्योती कृष्ण शर्माको नाति, हिरा मणि शर्माको छोरा, मकवानपुर जिल्ला, हेटौंडा गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **नवराज शर्मा** (ना.प्र.नं. ६९४, जारी मिति २०३३/०१/१३, जि.प्र.का. मकवानपुर)।

४. हिरा मणि शर्माको बुहारी, नवराज शर्मा तिमल्सिनाको पत्नि, मकवानपुर जिल्ला, हेटौंडा गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **सोभा तिमल्सिना** (ना.प्र.नं. १०४२४, जारी मिति २०४५/०२/१०, जि.प्र.का. मकवानपुर)।

ऋणी (३) र (४) को लागी व्यक्तिगत जमानीकर्ताको विवरण

हिरा मणि शर्माको नाति, नवराज शर्माको छोरा, मकवानपुर जिल्ला, हेटौंडा गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **जीवन तिमल्सीना** (ना.प्र.नं. २४/४३९, जारी मिति २०५६/०६/१७, जि.प्र.का. मकवानपुर)।

धितोको विवरण

१. शर्मा किराना एण्ड सप्लायर्स र शर्मा भिलेज फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills and Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

२. **ऋणी शर्मा किराना एण्ड सप्लायर्स, जीवन तिमल्सीना र शर्मा भिलेज फार्मको नाममा संयुक्त धितोबन्धकी कायम रहेको** नवराज शर्मा (ना.प्र.नं. ६९४, जारी मिति २०३३/०१/१३, जि.प्र.का. मकवानपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, साविक हेटौंडा गा.वि.स./न.पा. वडा नं. ९ भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ स्थित कि.नं. १०५७७ को क्षेत्रफल ०-०-१३.५-० (वि.क.धु.क.) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank

शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२६७६७
Website : www.siddharthabank.com

उद्योगको बिजुली काट्न सहमति मागेर आयोगलाई प्राधिकरणको पत्र

कान्तिपुर संवाददाता (काठमाडौं)

बिजुली काट्नेबाहेक अन्य दबाब दिँदा उद्योगीले बक्यौता नबुझाएको भन्दै प्राधिकरणले आयोगको सहमति मागेको हो

डेडिकेटेड तथा ट्रंकलाइन बक्यौता विवादमा नेपाल विद्युत् प्राधिकरणले बक्यौता नउठेको भन्दै ती उद्योगमा बिजुली काट्न सहमति मागेर विद्युत् नियमन आयोगलाई पत्र पठाएको छ। प्राधिकरणले बिजुली काट्नेबाहेक अन्य दबाब दिँदासमेत उद्योगीले बक्यौता नबुझाएको भन्दै सोमबार सहमति मागेर आयोगमा पत्र पठाएको हो।

आयोगले गत मंसिर ११ मा डेडिकेटेड फिडर र ट्रंकलाइनको बक्यौता महसुल असुल गर्न उद्योगको बिजुली काट्ने कारबाहीबाहेक अन्य दबाबमूलक कारबाही गर्न भन्दै प्राधिकरणलाई निर्देशन दिएको थियो।

'आयोगले भनेअनुसार उद्योगहरूलाई बक्यौता बुझाउन विभिन्न दबाब दिइरहेका छौं, दुई पटक पत्र काट्यौं,' प्राधिकरणका एक अधिकारीले भने, 'कुनै उद्योगी पैसा तिर्न आएनन्। त्यसैले ती उद्योगमा लाइन काट्न आयोगको सहमति मागेका छौं।'

प्राधिकरणको पत्र आएको जानकारी भए पनि सम्पूर्ण बेहोरा हेर्न नभ्याएको आयोगका अध्यक्ष रामप्रसाद धितालले बताए। 'प्राधिकरणबाट सोमबार नै पत्र आएको जानकारी पाएँ, त्यसमा के छ भन्ने पढ्न पाइएको छैन,' उनले भने, 'पत्र पढेपछि के-कसरी अघि बढ्ने तय हुन्छ।' **बाँकी पृष्ठ ८**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

NIC ASIA Bank. Ltd.
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact No.: +977-01-5111177/78/79
Fax No.: +977-01-51-5111180
Toll Free No.: 1660-01-77771 (NTC) 1810-21-77771 (NCELL)
Feedback: Type FB and send SMS to 34488

INVITATION FOR SEALED BIDS
FOR CENTRAL MONITORING SYSTEM (CMS) FOR ATM TERMINALS

NIC ASIA Bank Limited invites sealed Bids from interested competent Firms/Company for a comprehensive **Central Monitoring System (CMS) for** ATM terminals for the performance review and efficient monitoring and management of Bank's huge network of ATM terminals spread all across the country.

Interested Company/Firm can obtain Bid Document from Bank's General Administration & Project Management Department at Registered Office, Thapathali upon payment of non-refundable document fee of NPR 5,000.00 (NPR Five Thousand Only) in the Bank account specified below:

Bank: NIC ASIA Bank
A/C Name: Miscellaneous Income
A/C No.: 00983655241001

Eligibility Criteria:
- Bidder should have at least 3 years of company/firm registration.
- Bidder or their OEM should have experience of implementing the CMS solution for ATMs in at least 3 reputed institutions preferably in Banks and Financial Institutions.
- Bidder should have average annual turnover of at least NPR 50 Million in 2080/81.
- Bidder must have Authorization certificate for supply/delivery & implementation of CMS for ATM terminals in Nepal.

Document Requirement:
- Company/Firm Registration Certificate – Duly Notarized
- Valid copies of PAN/VAT registration certificate - Duly Notarized
- Valid copies of Tax Paid Certificate of latest Fiscal Year - Duly Notarized
- MOA and AOA - Duly Notarized
- Latest Share Register (Share Lagat) – Duly Notarized
- Latest Director Register (Sanchalak Lagat) – Duly Notarized
- Latest Company Update/Firm Renewal documents – Duly Notarized.
- Other documents as prescribed in Bid Document

Bid document must be addressed to General Administration & Projects Management Department and submitted in person within the close of business hours on 4th March 2025 in the prescribed format. Bid documents received after the deadline will not be accepted. If the last date of purchasing and/or submission falls on a public holiday, next working day shall be considered as the last date. Financial Bid opening date shall be notified to the participating bidders through email.

NIC ASIA Bank reserves the right to accept the offer wholly or partially, annul or modify the Bid process and reject all proposals without assigning any reasons whatsoever.

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

अर्थ संक्षेप

काठमाडौंको पानीपोखरीमा सिटिजन्सको नयाँ शाखा

काठमाडौं (कास)- सिटिजन्स बैंक इन्टरनेसनलले काठमाडौंको पानीपोखरीमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। मंगलबार आयोजित एक समारोहबीच बैंकका सञ्चालक समिति अध्यक्ष प्रबलजंग पाण्डेले उक्त शाखाको उद्घाटन गरे। बैंकले पानीपोखरीमा आफ्नो १९८औं शाखा विस्तार गरेको हो। यो शाखासँगै काठमाडौं उपत्यकाभित्र बैंकका ३९ शाखा पुगेको जनाइएको छ। बैंकले यस शाखामार्फत ग्राहकको वित्तीय आवश्यकता पूरा गर्न सबै रिटेल बैंकिङ सेवा प्रदान गर्ने र साना तथा मझौला व्यवसायीमाझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेको जनाएको छ।

यती एयरलाइन्सको अफर 'यतीमा जन्ती'

काठमाडौं (कास)- यती एयरलाइन्सले विवाहको लगनलाई ध्यानमा राख्दै 'यतीमा जन्ती' नामक योजना ल्याएको छ। मंगलबार योजना सार्वजनिक गर्दै यतीले विवाहमा सहभागी बेहुला-बेहुलीलाई निःशुल्क टिकट उपलब्ध गराउने बतएको छ। यतीको योनजाअनुसार जन्तीले यती एयरमार्फत यात्रा गर्दा बेहुला-बेहुलीले हवाई टिकट निःशुल्क प्राप्त गर्नेछन्। जन्ती जाने प्रत्येक सदस्यलाई ५ केजी थप ब्यागेज सुविधासमेत दिने यतीले जनाएको छ।

मर्क्योरमा 'भ्यालेन्टाइन्स डे' अफर

काठमाडौं (कास)- मर्क्योर काठमाडौं होटलले 'भ्यालेन्टलाइन्स डे' को अवसरमा अफर ल्याएको छ। काठमाडौं सुकेधारास्थित मर्क्योरले खाना र बसाइका लागि यस्तो प्याकेज ल्याएको हो। जसमा होटलका अतिथिले दिनभरि चल्ने रेस्टुरेन्ट डाइनमा बफे डिनरको आनन्द लिन सक्नेछन्। साथै लाइभ म्युजिकको साथमा पेय पदार्थको अनुभव लिन सकिने होटलले जनाएको छ। 'अ भ्यालेन्टाइन्स सेलिब्रेसन, डेलिसियस्ली योर्स' प्याकेज रहेको यसको मूल्य प्रतिजोडी ७ हजार ९९९ रुपैयाँ पर्नेछ। यसैगरी शुक्रबार रहेको 'सेलिब्रेट लभ अबोभ द सिटी लाइट्स' नामक प्याकेजको प्रतिजोडी १२ हजार ९९९ रुपैयाँ पर्नेछ। यसैगरी भ्यालेन्टाइन रुम प्याकेजमा प्रतिजोडी १७ हजार ९९९ रुपैयाँ रहेको होटलले बताएको छ।

निगमको जग्गा विवादको पेसी सरिरहँदा अनुदानको पाइप लाइन परियोजनामा ढिलाइ

विवादित जग्गाको नवौं पेसी आज, बीटुबी सम्झौता भएको ५४ महिनाभित्रै निर्माण सक्ने लक्ष्य रहे पनि पेसी सरिरहँदा परियोजनाको काम रोकियो

कान्तिपुर संवाददाता (काठमाडौं)

झापास्थित नेपाल आयल निगमको जग्गा विवादमा पेसी सरिरहँदा अनुदानको पाइप लाइन परियोजनामा ढिलाइ हुने देखिएको छ। बिजनेस टु बिजनेस (बीटुबी) सम्झौता भएको ५४ महिनाभित्रै निर्माण सक्ने लक्ष्य रहे पनि पेसी सरिरहँदा परियोजनाको काम रोकिएको छ।

निगमलाई जग्गा बिक्री गरेको व्यक्तिले (पुराना धनी छत्रबहादुर कार्की र उनकी बहिनी रिता कार्की) ले नै पुनः जग्गा हडप्ने प्रयास गरेपछि विवाद अदालतसम्म पुगेको थियो। जिल्ला अदालतको आदेशअनुसार डिजिटल म्यापिङ प्रविधिबाट जग्गा पुनः नापजाँच भइसकेको छ। जिल्ला अदालत झापाको रोहबरमा नापी कार्यालय, मालपोत कार्यालय, प्रहरी प्रशासन र निगमका कर्मचारीसहितको टोलीले डिजिटल म्यापिङ प्रविधिबाट जग्गा नापजाँच भएको थियो।

जग्गा नापजाँच टोलीले प्रतिवेदन अदालतमा पेस गरे पनि छिनोफानो हुन सकेको छैन। पेसी सरेको सय्यै हुँदा पाइप लाइन परियोजनाको काम अघि बढ्न नसकेको निगम जग्गा व्यवस्थापन समिति संयोजक प्रदीप यादवले बताए। 'गत दसैंताका बीटुबी भएको थियो,

त्यसको ५४ महिनाभित्र परियोजनाको काम सक्नुपर्छ। तर पेसी सरेको सय्यै भयो। अब बुधबार नवौं पेसी छ,' यादवले भने, 'अदातलबाट छिट्टै छिनोफानो भइदिए राम्रो हुन्थ्यो।' झापामा भारतीय आयल कर्पोरेसन (आईओसी) ले अनुदानमै परियोजना बनाइदिने सम्झौता भएको छ। यसका लागि सरकार-सरकार (जीटुजी) सम्झौता गर्न ढिलाइ भएको उनको भनाइ छ।

इन्धन भण्डारण विस्तार गर्ने योजनासहित निगमले २०७४ मा झापाको मेचीनगर नगरपालिका-१३ मा २३ बिघा ३ कठ्ठा १३ धुर जग्गा किनेको थियो। उक्त जग्गामध्ये स्थानीय छत्रबहादुर कार्की र रिता कार्कीले दुई बिघा जग्गा हडप्ने प्रयास गरेको निगमको दावी छ। झापामा खरिद गरिएको जग्गाको लालपुर्जा भए पनि फिल्डमा दुई बिघा कम भेटिएको थियो। त्यसपछि निगमले जग्गा संरक्षण तथा यकिन गर्न 'जग्गा व्यवस्थापन समिति' गठन गरेको थियो।

नापीको टोलीले गत फागुन ३० मा जग्गा नापजाँच गरी पुर्जाअनुसारकै जग्गा फिल्डमा पुऱ्याइदिएको समितिका संयोजक यादवले जनाए। नापीले अपुग भनेर निगमको स्वामित्वमा ल्याइएको दुई बिघा छत्रबहादुर कार्की र रिता कार्कीले निगमलाई बिक्री गरेको जग्गा भएको नापी कार्यालयले जनाएको छ। दुई जनाको संयुक्त कित्ताको ८ बिघामध्ये ५ बिघा निगमले किनेको थियो। तर जग्गा नापजाँच गर्दा ३ बिघा मात्रै पाएको थियो। त्यसपछि विवाद उत्पन्न भएको हो।

गत चैत ६ मा जिल्ला अदालत, झापाले निगमलाई जग्गामा कुनै संरचना नबनाउन अन्तरिम आदेश दिएको थियो। दुवै पक्षलाई अदालतमा उपस्थित गराएर साउन २९ मा बहसका लागि पेसी तोकिएको थियो। त्यसपछि भदौ दोस्रो जिल्ला अदालत, झापाले पुनः नापजाँच गर्न आदेश दिएको थियो।

जिल्ला अदालत, झापाको रोहबर र प्रहरी प्रशासन, मालपोत तथा नापी अधिकृतको समन्वयमा असोज ५ मा नापजाँच भएको थियो। जग्गाको नापजाँच गरे पनि विवाद समाधान हुन सकेन। त्यसपछि कात्तिक १० मा डिजिटल प्रविधिबाट नापचाँज भएको थियो। डिजिटल प्रविधिबाट नापचाँज गरिएको प्रतिवेदन कात्तिक १४ मा अदालतमा पेस गरियो। अदालतले कात्तिक १७ मा पेसी तोकेको थियो। त्यसयता ८ पटक पेसी तोकिए पनि सरेको सय्यै छ। अब भने बुधबार (माघ ३०) को लागि पेसी तोकिएको निगमले जनाएको छ।

राहदानी खरिद...

आवेदन गर्ने कम्पनीको प्राविधिक अनुभव ५ वर्षको र कम्तीमा ३ स्थानमा काम गरेको हुनुपर्ने सर्त संशोधन गरेर उत्पादन र सञ्चालन गरेको ३ वर्षको अनुभव हुनुपर्ने बनाइएको छ। बोलपत्रका लागि आवेदन दिन सक्ने कम्पनीको योग्यतामा रहेको वार्षिक कारोबारको सीमा पनि संशोधन गरिएको छ। इच्छुक कम्पनीहरूको सुझाव र अनुरोधबमोजिम बोलपत्रका केही प्रावधान संशोधन गरिएको र बोलपत्र पेस गर्ने म्याद पनि थपिएको विभागका महानिर्देशक अर्याललेे बताए। '१० दिन थप्दा ८५ दिन हुने भयो। यो पर्याप्त समय हो। अब समय पुगेन भन्न मिल्दैन,' उनले भने।

एक अमेरिकी कम्पनीका नेपाल प्रतिनिधिले राहदानी खरिद प्रक्रियामा भ्रष्टाचार भइरहेको भन्दै छानबिनको अनुरोधसहित प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा हालै उजुरी दिएका छन्। पहिलेदेखि राहदानी छाप्दै आएको फ्रान्सेली कम्पनी आइडेमियालाई टेन्डर दिने गरी विभागले काम गरिरहेको उनको आरोप छ। १०-१२ वर्षदेखि एउटै कम्पनीले राहदानी छापिरहेको र पुनः त्यसैलाई दिने गरी प्रक्रिया बढाइएको भन्दै उजुरी आएको समिति सभापति रामहरि खतिवडाले जानकारी दिए। 'यस विषयमा विभागसँग विवरण मागेका छौं,' उनले भने, 'कागजात आएपछि अध्ययन गरेर मात्र केही भन्न सकिन्छ।'

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) ले तोकेको मापदण्ड र प्राविधिक निर्देशनमा रही राहदानी छपाइको प्रक्रिया पूरा गरिएको विभागको दावी छ। त्यसबाहेक सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुन, सार्वजनिक खरिद अनुमगन कार्यालयले प्रकाशन गरेका कागजात, मापदण्ड तथा प्रचलित अभ्याससमेतका आधारमा खुला, स्वच्छ र पारदर्शी रूपमा बोलपत्र आह्वान गरिएको महानिर्देशक अर्याललेे बताए। 'कुनै कम्पनी विशेषलाई फाइदा हुने गरी बोलपत्रको कागजात तयार गरिएको आरोप निराधार र तथ्यहीन छ,' उनले भने, 'बिल्कुल झूट र कपोकल्पित विषय प्रचारबाजी गरिनु खेदजनक छ। यस्ता प्रचारबाजीको बहुआयामिक प्रभाव पर्छ। राहदानीको विश्वसनीयता नै कमजोर हुन पुग्छ। त्यता पनि ध्यान दिन जरुरी हुन्छ।' उनले ठेक्का प्रक्रियामा भाग लिन गम्भीर देखिएका कम्पनी र तिनका प्रतिनिधिहरू सबै विषयमा स्पष्ट रहेको दावी गरे।

नेपालले मंसिर २०७९ बाट विद्युतीय राहदानी (ई-पासपोर्ट) को वितरण सुरु गरेको हो। नेपाल ई-पासपोर्ट वितरण गर्नेमा दक्षिण एसियाकै पहिलो मुलुक हो। विभागसँग १० लाख २१ हजार ७ सय प्रति राहदानी बाँकी छ। त्यसले १० देखि १२ महिना पुग्ने अनुमान गरिएको छ। अहिले तोकिएअनुसारको समयमा सबै प्रक्रिया पूरा भयो भने पनि कम्तीमा ८ महिनापछि मात्रै नयाँ राहदानीको पहिलो खेप विभागले प्राप्त गर्ने अनुमान छ।

२०६७ मा हस्तलिखित राहदानीलाई विस्थापन गर्दै मेसिन रिडेबल पासपोर्ट (एमआरपी) मा जाँदादेखि नै खरिद प्रक्रिया विवादमा तानिँदै आएको छ। ई-पासपोर्टमा गएपछि पनि राहदानी खरिद प्रक्रियाको विवादले निरन्तरता पाइरहेको छ। सरकारले ई-पासपोर्टमा जाने निर्णय लिएपछि २०७६ भदौमा पहिलो पटक ई-पासपोर्ट खरिदका लागि बोलपत्र आह्वान गरिएको थियो। ५० लाख ई-पासपोर्ट खरिदको बोलपत्र आह्वान गरिएको थियो। पछि त्यसको संख्या घटाएर २० लाख प्रति बनाइयो।

खरिद प्रक्रिया विवादित बन्दै गएपछि बोलपत्र पेस गर्ने म्याद पटक-पटक थप गरिएको थियो। अन्ततः विभाग बोलपत्रको सूचना नै रद्द गर्नुपर्ने स्थितिमा पुगेको थियो। त्यसपछि २०७६ फागुनमा दोस्रो पटक निकालिएको अन्तर्राष्ट्रिय बोलपत्र आह्वानको सूचना पनि महिनौंपछि रद्द गरिएको थियो। तेस्रो पटकको बोलपत्र आह्वान प्रक्रियाबाट २०७७ कात्तिकमा फ्रान्सेली कम्पनी आइडेमियाले राहदानी आपूर्तिको जिम्मा पाएको थियो। त्यसअघि मेसिन रिडेबल पासपोर्टको आपूर्ति पनि त्यही कम्पनीले गर्दै आएको थियो। पछि टेन्डर प्रक्रियामा नगईकनै 'भेरिएसन' मार्फत विभागले टेन्डरको पुरानै सर्तअनुसार पटक-पटक गरी ५० लाखभन्दा बढी राहदानी त्यही कम्पनीबाट खरिद गरिसकेको छ।

६ महिनामै राजस्व...

विष्णु पौडेल अर्थमन्त्री भएपछि साविक महानिर्देशक भूपाल बरललाई आन्तरिक राजस्वबाट दुई महिनामा हटाएर वन तथा वातावरण विभाग सरुवा गरिएको थियो। उनको स्थानमा रामप्रसाद आचार्यलाई पठाइएको थियो। आचार्यलाई पनि ६ महिनामा सरुवा गरिएको छ। भन्सार विभागका साविक महानिर्देशक शोभाकन्त पौडेललाई नौ महिनामा हटाएर हरिशरण पुडासैनीलाई ल्याइएको थियो। उनलाई पनि ६ महिनामा हटाइएको छ। पुडासैनीलाई बागमती प्रदेश पर्यटन मन्त्रालयबाट सरुवा गरेर महानिर्देशक बनाइएको थियो।

लक्ष्यअनुसार राजस्व संकलन हुन नसकेको तथ्यांक सार्वजनिक भइरहेका बेला सहसचिवहरूको सरुवा गरिएको हो। सरकारले ६ महिनाअघि रोजेर र खोजेर पठाएका महानिर्देशकको सरुवाको कारण भने खुल्न सकेको छैन। हामी त अर्थ मन्त्रालयमा नयाँ सचिवको स्वागतमा थियौं, सरुवा भएको सुनियो,' अर्थ मन्त्रालयका एक कर्मचारीले भने। सरकारले सोमबार नै अर्थ सचिव रामप्रसाद घिमिरेलाई सरुवा गरेको थियो। उनको स्थानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव घनश्याम उपाध्यायलाई ल्याइएको छ। घिमिरेले पनि ७ महिना मात्र अर्थ सचिव हुने अवसर पाए। सचिवसँगै दुई महत्त्वपूर्ण विभागका महानिर्देशक फेरिएका हुन्।

मन्त्रिपरिषद्ले मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाललाई अर्थ मन्त्रालय सरुवा गरेको छ। अर्थका सहसचिव तीर्थराज मैनालीलाई राष्ट्रिय सूचना आयोगमा पठाइएको छ। २०७४ को निर्वाचनपछि ओलीको प्रधानमन्त्रीकालमा झन्डै साढे तीन वर्ष राजस्व अनुसन्धानको महानिर्देशक भएका मैनालीलाई अहिले अर्थ मन्त्रालय मातहतबाटै हटाइएको छ।

राष्ट्रिय सूचना आयोगका कमलप्रसाद भट्टराईलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सरुवा गरिएको छ। उनी भन्सार र सम्पत्ति शुद्धीकरणका महानिर्देशक भइसकेका सहसचिव हुन्। संघीय मन्त्रालयमा अतिरिक्त समूहमा रहेका आदेश खड्कालाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सरुवा गरिएको छ। संघीय मन्त्रालयमा अतिरिक्त समूहमा रहेका श्रीचन्द्र शाहलाई अर्थ मन्त्रालय लगिएको छ भने महिला आयोगकी पार्वती अर्याललाई अर्थ मन्त्रालयमा सरुवा गरिएको छ।

अर्थका नारायणप्रसाद रिसाललाई गृह मन्त्रालय सरुवा गरिएको छ। लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा रहेकी नम्रता सिंहलाई संघीय मन्त्रालयको अतिरिक्त समूहमा राखिएको छ।

उद्योगको बिजुली काट्न...

पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा बनेको आयोगले त्यतिबेलाको मापदण्डअनुसार ग्राहकलाई विद्युत् आपूर्ति गरिएको दिन तथा अवधि यकिन गरी पुनः हिसाब गरेर छुट महसुल उठाउनुपर्ने सुझाव दिएको थियो। २०७२ माघदेखि २०७५ वैशाखसम्मको बक्यौता महसुल ६ अर्ब ६० करोड रुपैयाँ रहेको प्राधिकरणको दावी छ। नियमअनुसार ६० दिन कटिसकेकाले २५ प्रतिशत थप दस्तुर पनि तिर्नुपर्ने प्राधिकरणको भनाइ छ। यस हिसाबले बक्यौता ८ अर्ब २५ करोड रुपैयाँ पुग्छ।

ऊर्जा मन्त्रालयले प्राधिकरणले काटेका बिलबिजकलाई टीओडी मिटरको मूल्य निर्धारण र प्राविधिक पक्ष अध्ययन गर्न गत मंसिर २ मा अरविन्दकुमार मिश्रको संयोजकत्वमा समिति गठन गरेको थियो। समितिले सरकारलाई प्रतिवेदन नबुझाएसम्म थप कारबाही नगर्न पनि आयोगको निर्देशन दिएको थियो। तर प्राधिकरणले समिति गठन भएदेखि विद्युत् नियमन आयोगमार्फत गठन हुनुपर्ने समिति मन्त्रालयबाट बनेकाले अवैध भन्दै आएको थियो। सोही विषयलाई ऊर्जामन्त्री दीपक खड्काले गत पुस ४ मा बसेको बोर्ड बैठकमा समितिको तलबभत्ता, कार्यालय सञ्चालन सामग्रीदेखि सवारीसाधनसम्म प्राधिकरणले नै दिनुपर्ने बताएका थिए।

गत कात्तिक २५ मा बसेको मन्त्रिपरिषद् बैठकले टाइम अफ डे (टीओडी) मिटरसमेतका आधारमा गणना गरेर १५ दिनभित्र बक्यौता असुल गर्ने निर्णय गरेको थियो। लगत्तै कात्तिक २७ मा प्राधिकरण सञ्चालक समितिले मंसिर १२ भित्र बक्यौता बुझाउन सूचना जारी गरेको थियो। त्यस बेला मंसिर ११ मै आयोगले उद्योगमा बिजुली नकाट्न भन्दै प्राधिकरणलाई चारबुँदे निर्देशन दिएको थियो।

आयोगले उद्योगको बिजुली काट्ने कारबाहीबाहेक अन्य दबाबमूलक कारबाही गर्न निर्देशन दिएअनुरूप प्राधिकरणले नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, कम्पनी रजिस्ट्रारलाई पत्र काटेको थियो। साथै प्राधिकरणले उद्योगहरूलाई बक्यौता तिर्न पटकपटक ताकेतासमेत गर्दै आएको छ। तर बक्यौता उठेको छैन।

समितिलाई सेवासुविधा उपलब्ध गराउने प्रस्तावमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पुस १६ मा 'नोट अफ डिसेन्ट' लेखेका थिए। लगत्तै पुस २२ मा ऊर्जामन्त्री खड्काले उनलाई नौबुँदे स्पष्टीकरण समेत सोधेका थिए। घिसिङले पुस २८ मै स्पष्टीकरण बुझाइसकेका छन्। यसअघि नै मन्त्री खड्काले घिसिङलाई मन्त्रीस्तरीय निर्णय गरेर १५ बुँदे र सचिवस्तरीय निर्णय गरेर ६ बुँदे स्पष्टीकरण सोधिसकेका छन्। खड्काले प्राधिकरणमै आफ्नो कार्यालयसमेत खोलेका छन्। पछिल्लो पटक प्राधिकरणले कात्तिक ८ मा एकै पटक ४० उद्योगको बिजुली काटेको थियो।

शिलबन्दी बोलपत्र आह्वानको म्याद थप सम्बन्धी सूचना

म्याद थपको सूचना प्रकाशन मितिः २०८१/१०/३०

JOA र ADRA UK को आर्थिक सहयोगमा ADRA Nepal र IRDC Nepal को साझेदारीमा FORWARD Nepal द्वारा सञ्चालित TERAI परियोजनाको लागि आवश्यक पर्ने विभिन्न दुग्ध उपकरणहरू आपूर्तिका लागि कान्तिपुर राष्ट्रिय दैनिकमा मिति २०८१/१०/१४ मा प्रथम पटक प्रकाशित शिलबन्दी बोलपत्र आह्वानको सूचनाको म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। मु.अ.क. (VAT) मा दर्ता भएका इच्छुक विभिन्न दुग्ध उपकरणहरू आपूर्तिकर्ता/बिक्रेताहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८१/११/०६ गते बेलुका ४:०० बजे) भित्र फरवार्ड नेपालको केन्द्रीय कार्यालय, भरतपुर म.न.पा.-२, क्षेत्रपुर, चितवन वा आड्रा नेपालको केन्द्रीय कार्यालय, बखुण्डोल, ललितपुरमा रीतपूर्वकको शिलबन्दी बोलपत्र बुझाउन सकिनेछ। बोलपत्रको लागि फाराम, आवश्यक सामग्रीहरूको विवरण तथा बोलपत्र सम्बन्धी थप जानकारीका लागि फरवार्ड नेपालको केन्द्रीय कार्यालयको सूचनापाटी वा वेबसाईट https://www.forwardnepal.org/announcements मा पनि हेर्न सकिनेछ। यदि उक्त बोलपत्र फाराम डाउनलोड गर्न कुनै समस्या भएमा info@forwardnepal.org वा complaint.register@adranepal.org मा ईमेल गर्न सकिनेछ।

नोट : पहिले बोलपत्र बुझाइसकेका आपूर्तिकर्ता/बिक्रेताहरूले पुनः बोलपत्र बुझाउनुपर्ने छैन।

फरवार्ड नेपाल
केन्द्रीय कार्यालय, भरतपुर म.न.पा.२, क्षेत्रपुर, चितवन
फोन नं.: ०५६ ५१७६२३/५१७७३४

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
चाबहिल, काठमाडौं, फोन : ०१-४५७६२२५

प्लाष्टिकजन्य सामाग्रीहरूको बिक्री सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८१ माघ ३० गते)

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर (प्रा) लि. को स्वामित्वमा रहेका विभिन्न प्लाष्टिकजन्य सामाग्रीहरु बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति, कम्पनी तथा फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दररेट सहितको शिलबन्दी बोलपत्र (टेन्डर) आव्हान गरिन्छ। बिक्री गरिने सामाग्रीहरुको नाम र न्युनतम अनिवार्य शर्तहरु निम्नानुसार छन्:-

1. Plastic Gallon
2. Syringe
3. Diluent Poluethylene 18 Ltr Capacity etc.

शिलबन्दी बोलपत्र फारम यस हस्पिटलको खरिद शाखाबाट कार्यालय समय (१०:३० बजे देखि ४:३० बजे सम्म) मा प्रत्येक शीर्षकको बेग्ला बेग्लै फारम दस्तुर रु १,०००/- (अक्षरुपी रु एक हजार) पछि फिर्ता नहुने गरी प्रभु बैंक लि. स्थीत ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर (प्रा) लि. को नाममा रहेको चल्ती खाता नं. ३५१७०८७८४६९०००९८ मा जम्मा गरेको सक्कल भौचर पेश गरी प्राप्त गर्न सकिने छ।

प्राप्त शिलबन्दी (टेन्डर) आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अस्पतालमा सुरक्षित रहने छ।

अन्य थप जानकारीका लागि सम्पर्क नं :- ०१-४५७६२२५/२२६/२८६

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
डीनको कार्यालय
वीर अस्पताल, महाबौद्ध, काठमाडौं

पाँचौं दीक्षान्त समारोहसम्बन्धी सूचना

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानअन्तर्गत सञ्चालित DM/MCh, MD/MS/MDS, Master in Nursing (MN), Bachelor of Nursing (BNS), Bachelor in Midwifery Science (BMS), Medical Imaging Technology (M.Sc. MIT / B.Sc. MIT) र Bachelor of Optometry and Vision Science (B. Optom) विषयहरूमा June 2023 देखि May 2024 सम्म परीक्षा सञ्चालन भई उत्तिर्ण भएका विद्यार्थीहरूको दीक्षान्त समारोह आयोजना गरिने भएको हुँदा देहायबमोजिम आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

दीक्षान्त समारोह हुने स्थानः नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं
मितिः २०८१।१२।११ गते, सोमबार (March 24, 2025)
समयः बिहान ११:०० बजे

आवेदन फर्म वितरण गरिने मिति, समय र स्थान
- **आवेदन फर्म वितरण शुरू हुने मितिः** २०८१ फागुन १ गते (February 13, 2025)
- **आवेदन फर्म बुझाउने अन्तिम मितिः** २०८१ फागुन २८ गते (March 12, 2025)
- **आवेदन फर्म बुझाउने स्थानः** चि.वि.रा. प्रतिष्ठान, डीनको कार्यालय।
- आवेदन फर्म प्रतिष्ठानको Website: www.nams.org.np मा समेत उपलब्ध छ।

प्राज्ञिक पहिरन (गाउन) वितरण हुने मिति
- २०८१ चैत्र ३ गते (March 16, 2025) देखि
- २०८१ चैत्र ७ गते (March 20, 2025) सम्म

वितरण गर्ने स्थान
- चि.वि.रा. प्रतिष्ठान (वीर अस्पताल सर्जिकल भवनको छैठौं तल्ला)

प्राज्ञिक पहिरन (गाउन) लिनका लागि दीक्षान्त समारोहका लागि शुल्क बुझाई प्रतिष्ठानबाट उपलब्ध फाराम भरी आफूले प्राप्त गरेको भौचर र रसिद साथमा लिई आउनु पर्नेछ।

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
चाबहिल, काठमाडौं, फोन : ०१-४५७६२२५

पुनः शिलबन्दी बोलपत्र आव्हान
सवारी साधनहरूको बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१ पौष २७ गते)
(दोश्रो पटक प्रकाशित मितिः २०८१ माघ ३० गते)

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर (प्रा) लि. को स्वामित्वमा रहेका निम्न सवारी साधनहरु बिक्री गर्नुपर्ने भएकोले अस्पतालको पार्किङ्गमा रहेका सवारी साधन निरीक्षण गरी खरिद गर्न इच्छुक व्यक्ति, कम्पनी तथा फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दररेट सहितको शिलबन्दी बोलपत्र (टेन्डर) आव्हान गरिन्छ। बिक्री गरिने सवारी साधनको नाम र न्युनतम अनिवार्य शर्तहरु निम्नानुसार छन्:-

१. TATA BUS (२६ सिटर, बा १ क ५५११ मो.नं. २०१२)
२. TATA WINGER VAN (१४ सिटर, बा १० च ५२५२, मो.नं. २०१३)

शिलबन्दी बोलपत्र यस हस्पिटलको खरिद शाखामा बुझाउनु पर्नेछ।

प्राप्त शिलबन्दी (टेन्डर) आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अस्पतालमा सुरक्षित रहने छ।

अन्य थप जानकारीका लागि सम्पर्क नं :- ०१-४५७६२२५/२२६/२८६

भवन नक्शा पास प्रकृयामा विद्युतीय हस्ताक्षर लागू गरिएको बारे ललितपुर महानगरपालिकाको सूचना।

यस ललितपुर महानगरपालिकाले नयाँ घर निर्माण गर्नको लागि गरिने नक्शा पास प्रकृयालाई छिटो, छरितो र सहज बनाउनको लागि मिति २०८१ साल पौष २ गते देखि विद्युतीय हस्ताक्षर प्रणाली लागू गरिसकेको हुदाँ भवन नक्शा पासको लागि निवेदन दिंदा विद्युतीय प्रणालीबाट विद्युतीय हस्ताक्षरको प्रयोग गरी निवेदन पेश गर्नुहुन सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना जारी गरिएको छ। थप जानकारीको लागि यस महानगर पालिकाको website www.lsmcebps.gov.np हेर्नुहुन तथा शहरी विकास योजना महाशाखामा सर्म्पक गर्न समेत अनुरोध गरिन्छ।

डि.ई.श्रीकुमार महर्जन
प्रमुख
शहरी विकास योजना महाशाखा

एकै जिल्लाबाट...

चीनसँग सीमा जोडिएको भोटेकोशी-४ फुल्पिङकट्टीमा रहेको माथिल्लो लेकाली यारमालाका ५७ वर्षीय तेमछाङ शेर्पा २० वर्षदेखि चौरीगोठ सम्हालिरहेका छन्। उनको गोठमा ४३ वटा चौरी र याक छन्। छुर्पी र घिउ बेचेर वर्षको ८ लाख कमाउने उनले बताए।

बाह्रबिसे नगरपालिकाका पशु विकास शाखा प्रमुख पीताम्बर घिमिरेका अनुसार पालिकाबाट वार्षिक १० हजार केजी घिउ र १३ हजार केजी छुर्पी उत्पादन हुने गरेको छ।

जिल्लाको भोटेकोशी, जुगल, हेलम्बु, पाँचपोखरी थाङपाल, त्रिपुरासुन्दरी, लिशंखुपाखर गाउँपालिका र बाह्रबिसे नगरपालिकाका लेकमा चौरी पाल्ने गरिएको छ। सबैभन्दा बढी जुगलबाट वार्षिक १५ हजार केजी घिउ र १८ हजार केजी छुर्पी उत्पादन हुने गरेको छ। छुर्पी एक हजार र घिउ नौ सय ५० रुपैयाँ किलोका दरले बिक्री भइरहेको छ।

जिल्लाका अधिकांश चौरीपालक आबद्ध भएर भन्ज्याङ चौरीपालक समूह गठन गरेका छन्। समूहले छुर्पी र घिउ संकलन गरेर काठमाडौंमा बिक्री गर्दै आएको छ। स्थानीय तहका कृषि तथा पशु शाखाका अनुसार जिल्लाभरबाट वार्षिक ४५ हजार दुई सय केजी घिउ र ५५ हजार ५ सय केजी छुर्पी काठमाडौं निर्यात हुने गरेको छ। चौरीको घिउ र छुर्पीबाट जिल्लामा वार्षिक ९ करोड ८४ लाख ४० हजार रुपैयाँ भित्रिने गरेको अनुमान छ।

पहिरो, भूक्षय जस्ता कारणले चौरी हिँड्ने बाटो अवरुद्ध हुनुका साथै लेकमा पानी र घाँस अभावले चौरी र डिमुपालक निरुत्साहित हुँदै गएका छन्। गतसाता गौरीशंकर संरक्षण क्षेत्रमा पर्ने सीमाक्षेत्रको लिपिङ वन, जुगलको किप्चेलगायत सामुदायिक वनमा डढेलोले ८२ हेक्टर क्षेत्र सखाप बनाएपछि चौरीपालक दिक्क भएका छन्। हाल जिल्लाभर झन्डै ४ सय ५० भन्दा बढी चौरीगोठ छन्। गौरीशंकर संरक्षण क्षेत्र आयोजनाको तथ्यांकअनुसार दुई वर्षअघिसम्म यहाँ एक हजार गोठ थिए। आगलागी, बाघभालुबाट नोक्सानी बढिरहेको लगायत कारणले चौरीपालन व्यवसाय घट्दै गइरहेको छ।

चीन जोड्ने सीमागाउँ भोटेकोशी-२ तातोपानीको लिपिङ लेक, मार्मिङको गोल्ची, घोर्थलीको बिगु दोलंसा, लिस्तीकोटको बगाङ, छगामसम्म चौरी पाल्ने गरिएको छ। उता जुगल-३ तेम्बाथाङ, नाकोते, पाँचपोखरी थाङपाल, हेलम्बुका खर्कमा पनि चौरीपालन हुन्छ। चौरी पाल्ने जिल्लाभर भए पनि डिमु पाल्ने भेट्न मुस्किल पर्ने हेलम्बु-१ का गोठाला जम्लिङ शेर्पाले बताए। 'चौरीपालनमा सरकारले गरेको बेवास्ताका कारण गोठाला निरुत्साहित हुँदै छन्, यसबारे गहन रूपमा बुझ्न जरुरी छ,' डिमु हुर्काउँदै आएका उनले भने। उनका अनुसार वैदेशिक रोजगारी र पुस्ताबाट हस्तान्तरण नहँदा चौरी, डिमु पाल्ने क्रमशः कम हुँदै गएका छन्।

प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति...

यो मुलुक लामो समयदेखि गृहयुद्धको चपेटामा छ। त्यहाँ शान्ति स्थापनार्थ राष्ट्रसंघले विभिन्न देशका शान्तिसेना-प्रहरी तैनाथ गराउँदै आएको छ।

२०२४ को प्रतिवेदनअनुसार मापनमा सहभागी दुई तिहाइ मुलुक ५० अंकभन्दा कम पाएर अति भ्रष्टाचार हुने देशको सूचीमा समेटिएका छन्। दक्षिण एसियाका ८ देशमा सबैभन्दा बढी सुशासन भएको देशमा भुटान यो पटक पनि अङ्किएको हो। भुटानले सयमा ७२, भारत र माल्दिभ्सले समान ३८ अंक, श्रीलंकाले ३२, पाकिस्तानले २७, बंगलादेशले २३ र अफगानिस्तानले १७ अंक पाएका छन्।

सयमा ८० भन्दा माथि अंक पाउने देशमा डेनमार्क ९०, फिनल्यान्ड ८८, सिंगापुर ८४, न्युजिल्यान्ड ८३, लग्जेम्बर्ग, नर्वे तथा स्विट्जरल्यान्ड समान ८१ र स्विडेन ८० अंकसहित सुशासन कायम हुने देशको सूचीमा क्रमशः १ देखि ८ नम्बरमा समेटिएका छन्।

दक्षिण एसियामा नेपालको स्तर तेस्रोमा छ। छिमेकी देश चीनले सयमा ४३ अंक पाएको छ। ग्लोबल इनसाइटले व्यापार/व्यवसाय, सार्वजनिक ठेक्कापट्टा, आयात-निर्यात र दैनिक काममा घूस र भ्रष्टाचारको जोखिममाथि सर्वेक्षण गर्दा नेपालको अवस्था नाजुक रहेको औंल्याएको छ। ग्लोबल इनसाइटले नेपाललाई ३२ अंक मात्रै दिएको छ। बर्टेल्सम्यान फाउन्डेसनले ३४, वर्ल्ड जस्टिस प्रोजेक्टले ३२ र भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्टले ३४ अंक दिएको छ।

बर्टेल्सम्यानले पदको दुरुपयोगमा संलग्न सार्वजनिक पदाधिकारीमाथि कुन हदसम्म कारबाही हुन्छ र भ्रष्टाचार नियन्त्रणमा सरकारको अवस्था कुन तहमा छ भन्नेमा सर्वेक्षण गरेको थियो भने वर्ल्ड जस्टिसले सरकार, संसद्, न्यायालय, सुरक्षा निकायका प्रतिनिधिहरूद्वारा निजी स्वार्थका लागि पदको दुरुपयोगसम्बन्धी अवस्था र भेराइटिज अफ डेमोक्रेसीले राजनीतिक भ्रष्टाचारअन्तर्गत संसद्, सरकार र न्यायपालिका तथा सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारमाथि सर्वेक्षण गरेको थियो।

विश्व बैंकको मापनमा नेपालको स्तर गत वर्षभन्दा केही सुधार देखिए पनि अति भ्रष्टाचार हुने देशको सूचीबाट बाहिर निस्कन भने यो पर्याप्त होइन। २०२३ मा विश्व बैंकले नेपाललाई सयमा ३५ अंक दिएकामा यो पटक ४ अंक वृद्धि गरी ३९ पुऱ्याएको छ। वर्ल्ड इकोनोमिक फोरमको मापनमा नेपालले गत वर्ष ३८ अंक पाएकामा यो वर्ष ८ अंक घटेको छ। ग्लोबल इनसाइटले गतवर्षभन्दा ३ अंक घटाएको छ भने बर्टेल्सम्यानले गतवर्षभन्दा १ अंक बढी दिएको छ। वर्ल्ड जस्टिसले गतवर्षभन्दा १ अंक बढी र भेराइटिज अफ डेमोक्रेसीले गतवर्षभन्दा १ अंक कम दिएको छ।

यसरी छुट्टै संस्थाबाट प्राप्त मूल्यांकनलाई औसतमा मापन गरी ट्रान्सपरेन्सीले नेपाललाई २०२४ मा कुल ३४ अंकसहित बढी भ्रष्टाचार हुने देशको सूचीमा यथावत् राखेको हो।

संविधान जारी भएको १० वर्षमा नेपालले पाएको सबैभन्दा बढी अंक २०२३ मा थियो। तर, यो पटक त्यसबाट झरेर ३४ मात्र पाएको छ। सय अंकमा नेपालले २०२२ मा ३४, २०२१ र २०२० मा समान ३३, २०१९ मा ३४, २०१८ र २०१७ मा समान ३१, २०१६ मा २९ र सन् २०१५ मा २७ अंक पाएको थियो। २०१२ मा २७ अंक पाएकामा २०१३ मा ३१ र २०१४ मा २९ अंक पाएको थियो।

पछिल्लो ८ वर्षमा ट्रान्सपरेन्सीको मापनमा १८० देश सामेल रहेकामा नेपाल ०१७ मा १२२ औं, ०१८ मा १२४ औं, ०१९ मा ११३ औं, ०२० र २१ मा समान ११७ औं, ०२२ मा ११० औं र गतवर्ष २०२३ मा १०८ औं नम्बरमा समेटिएको थियो।

राजनीतिक सौदाबाजीका कारण भ्रष्टाचार रोकथाम र नियन्त्रणमा सधैंजसो सौदाबाजी गर्नेदेखि कसुरको अनुसन्धान गर्ने निकायमाथि हस्तक्षेप गर्ने र अनुसन्धान दायरामा ल्याइएकालाई पनि दबाब-प्रभावमा पारी मुद्दा कमजोर बनाउने तथा उन्मुक्तिकै प्रपञ्च गरिँदा सुशासनका लागि मुख्य चुनौती देखिएको छ।

ठूला खरिदमा नेपालमा सेटिङ गरी घूसबापतको रकम विदेशमा बुझ्ने र उतै राख्ने प्रवृत्ति बढेको देखिन्छ। पछिल्लो पटक अख्तियारबाट भएका केही ठूला प्रकृतिका भ्रष्टाचार अनुसन्धानका क्रममा राजनीतिक र प्रशासनिक तहका व्यक्तिले व्यापारी र बिचौलियाको योजनामा अघि बढाइएका ठूला खरिद दिएबापत घूस विदेशमा बुझ्ने गरेको तथ्य पुष्टि भएको थियो। ट्रान्सपरेन्सीले पनि घूसबिना कामै नहुने गरेको औंल्याएको छ।

स्वार्थको द्वन्द्वसँग जोडिएका कानुन निर्माण गर्न पनि सरकारले तदारुकता देखाएको छैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रहरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभागजस्ता मुद्दाको अनुसन्धान एवं अभियोजन गर्ने निकायका कामकारबाहीमा हस्तक्षेप रोकिएको छैन। ठूला प्रकृतिका घोटालासँग जोडिएका मुद्दालाई सरकारी वकिल कार्यालयबाटै अदालतसम्म जान अवरोध गर्ने प्रयास पनि निरन्तर हुँदै आएका छन्।

संसद्मा विचाराधीन अख्तियार दुरुपयोग अनुसन्धान आयोग र भ्रष्टाचार निवारणसम्बन्धी दुवै ऐनका प्रावधानलाई कमजोर बनाउने प्रयास भइरहेको छ। अख्तियारमा अनुसन्धान भइरहेका मुद्दालाई अवरोध गर्ने प्रवृत्ति पनि नेपालको साख गिर्नुको अर्को कारण हो। स्वार्थको द्वन्द्वसँग सम्बन्धित राजनीतिक व्यक्तिलाई मन्त्री वा अरू सार्वजनिक नियुक्ति दिनेदेखि अपराधमै दोषी ठहर भएका व्यक्ति अदालतकै आदेशले कानुन बनाउने थलोमा फिर्ता गराइनुलाई पनि कुशासन बढ्नुमा कारक देखिएको छ।

अख्तियार र महालेखा परीक्षकको कार्यालयबाट दिइएका सुझाव र निर्देशन पालना हुन सकेका छैनन्। अख्तियारले मुद्दा चलाउनुअघि थुप्रै कर्मचारीलाई विभागीय कारबाहीका लागि लेखेर पठाए पनि त्यसअनुसार सरकारले कामै गरेन। महालेखाले आर्थिक अनियमितता गर्ने पदाधिकारी/कर्मचारीबाटै त्यस्तो अनियमितता भएको रकम असुल्न र भ्रष्टाचारमा कारबाही अघि बढाउन पटक-पटक निर्देशन दिए पनि सरकारले अटेर गर्दै आएको छ।

अख्तियारले पनि वार्षिक प्रतिवेदनमार्फत बेथिति नियन्त्रणका लागि सरकारलाई बारम्बार स्मरण गराउँदै आएको छ। अख्तियारको ३४ औं स्थापना दिवसमा आयोजित कार्यक्रममै सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले भ्रष्टाचार रोकथामका लागि प्रभावकारी कदम चाल्न सरकारको ध्यानाकर्षण गराएका थिए। अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईले सुशासन कायम गर्न सरकारले नै अगुवाइ गर्नुपर्ने भन्दै घुमाउरो पारामा सरकारप्रति असन्तुष्टि जनाएका थिए।

वित्तीय अनुशासनमा राज्यको फितलो पहलका कारण मुलुक सम्पत्ति शुद्धीकरणसम्बन्धी विश्वव्यापी रूपमा निगरानी गर्ने 'फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)' को खराब सूचीमा पर्ने जोखिम छ। यो संस्थाले सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि उचित कदम चाल्न र चालिएका कदमको कार्यान्वयन हुन नसकेको भन्दै नेपाललाई 'नकारात्मक सूची' (ग्रे-लिस्ट) मा राख्ने तयारी गरेको छ।

गतवर्ष नै यो सूचीमा राख्ने चेतावनी दिएपछि नेपालले सुधारका लागि एक वर्ष समय मागेको थियो तर मागेको समयभित्र पनि सुधारका संकेत नदेखिएपछि एफएटीएफले नेपालको छविमा थप नकारात्मक असर पुग्ने गरी सम्पत्ति शुद्धीकरण नियन्त्रणमा खराब देशको सूचीमा राख्ने तयारी गरेको छ।

ट्रान्सपरेन्सी नेपालका पूर्वअध्यक्ष पद्मिनी प्रधानाङ्ग राज्य दोहनले सीमा नाघे पनि यसलाई रोकथाम र नियन्त्रण गर्न पहल हुन नसकेको बताउँछिन्। 'सरकारलाई सुधार चाहिएकै छैन, भागबन्डामा राज्य दोहन गर्न पाए पुग्यो, सुशासन भन्ने र देखाउने दाँत मात्रै हो,' प्रधानाङ्गले कान्तिपुरसँग भनिन्, 'स्वार्थ बाझिएका निर्णय गर्नलाई द्रुतगतिमा कानुन बनाउँछन् तर सुशासन कायम गर्ने कानुन वर्षौंसम्म बन्न सकेनन्, बरु भएका कानुनलाई छिमल्ने, कमजोर बनाउने र अनुसन्धान तथा अभियोजन गर्ने निकायलाई अझ पंगु बनाउने सोच राज्य सञ्चालकसँग व्याप्त छ, यसबाट बाहिर निस्कन नसकेसम्म सुधारको संकेत देखिने छैन।'

सम्पत्ति विवरण सार्वजनिक नगरेकोमा संसद्मा प्रश्न

केपी शर्मा ओली नेतृत्वको सरकार बनेको ७ महिना भइसक्दा पनि प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गरिएको छैन। संसद्का दुई ठूला दल कांग्रेस र एमालेलगायतको गठबन्धन सरकारले मन्त्रिपरिषद्का सदस्यले सम्पत्ति विवरण सार्वजनिक गर्ने अभ्यासलाई तोडेका छन्।

सरकार निर्माणका लागि दुई दलबीच भएको ७ बुँदे सहमतिको पहिलो बुँदामै भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गरिने उल्लेख छ। सुशासनलाई बल पुऱ्याउन प्रधानमन्त्री तथा मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गरिँदै आएको थियो। तर प्रधानमन्त्री र मन्त्रीले नै सम्पत्ति विवरण लुकाएपछि ओली सरकारको सुशासनमाथि प्रश्न उठ्न थालेको छ।

संसद्मा विपक्षी दलले समेत यस विषयलाई उठाएका छन्। प्रतिनिधिसभामा मंगलबार सांसद असिम शाहले मन्त्रीको सम्पत्ति विवरण कहिले सार्वजनिक गरिने भन्दै प्रश्न उठाए। 'पारदर्शिता र जवाफदेहिताको नारा घन्काउनेहरू किन मौन छन् ?,' उनले भने, 'मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक नगर्ने सरकारबाट भ्रष्टाचारको फाइल खुल्ने आशा के गर्नु ?' सरकारबाट सुशासनको अपेक्षासमेत गर्न नसकिने उनको भनाइ थियो।

ओलीको नेतृत्वमा २५ सदस्यीय मन्त्रिपरिषद् छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटमा प्रधानमन्त्रीसहित सबै मन्त्रीको सम्पत्ति विवरण प्राप्त भएको दाबी गरिएको उल्लेख छ। तर वेबसाइटमा सम्पत्ति विवरणलाई लुकाइएको छ, पहुँच दिइएको छैन। सम्पत्ति विवरण खुल्दैन।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको अघिल्लो सरकारले गत जेठमा मन्त्रिपरिषद्का सदस्यको सम्पत्ति विवरण सार्वजनिक गरेको थियो। २०७९ को चुनावपछि उनले १६ महिना सरकार चलाइसकेपछि सम्पत्ति विवरण सार्वजनिक गरिएको थियो। एमाले र रास्वपासहितको गठबन्धनमा त्यतिबेला उनी प्रधानमन्त्री थिए। त्यसअघि कांग्रेससँगको गठबन्धनमा सरकार चलाइरहँदा सम्पत्ति विवरण सार्वजनिक गर्नेतर्फ उनी नेतृत्वको सरकारको ध्यान थिएन। रास्वपाबाट मन्त्री बनेकाले दबाब बढाएपछि मन्त्रिपरिषद् बैठकले सम्पत्ति विवरण सार्वजनिक गर्ने निर्णय गरेको थियो। गत जेठ ३ मा मन्त्रिपरिषद् बैठकको निर्णय यस्तो थियो, 'वर्तमान मन्त्रिपरिषद्का सदस्यले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने।'

ऐनको उक्त दफामा सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र आफ्नो वा परिवारका नाममा रहेको सम्पत्ति विवरण तोकिएको निकाय र अधिकारीसमक्ष पेस गर्नुपर्ने व्यवस्था गरेको छ। त्यही ऐनको दफा ५० (४) मा त्यसरी पेस हुन आएको विवरण गोप्य राखिने प्रावधान छ।

त्यस्तै, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ मा पनि सम्पत्ति विवरण बुझाउनुपर्ने प्रावधान छ। त्यहाँ पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था छ। नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष त्यस्तो विवरण बुझाउनुपर्ने भनिएको छ।

गठबन्धन बनाउने कांग्रेस र एमालेबीच असार १७ को राति भएको सहमतिपछि असार ३१ मा ओली प्रधानमन्त्री भएका हुन्। त्यसयता मन्त्रिपरिषद्का सदस्यको सम्पत्ति विवरण सार्वजनिक गर्न चासो देखाइएको छैन। २०४८ बाटै मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गरिँदै आएको हो। भ्रष्टाचारविरोधी अभियन्ता ट्रान्सपरेन्सी इन्टरनेसल नेपालकी पूर्वअध्यक्ष पद्मिनी प्रधानांग सरकार चलाउने जिम्मा लिएकाले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने बताउँछिन्। 'कुनै राम्रो अभ्यास रोकिएपछि जनताको मनमा अनेक प्रश्न उब्जिन थाल्छ, जनताको विश्वास जित्न पनि सम्पत्ति विवरण बाहिर ल्याउनुपर्छ,' उनले भनिन्।

२०७८ असार २९ मा ओली सरकारलाई विस्थापित गरेर बनेको कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारको कार्यकालभरि मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गरिएन। २०४८ मा उनी गृहमन्त्री भएकै बेला मन्त्रीले पदभार ग्रहण गरेको १५ दिनभित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्ने नियम बनाइएको थियो। 'जनआन्दोलनपछि बनेको सरकार थियो। त्यतिबेला साँच्चिकै राम्रो हृदय र सुशासन कायम गर्ने चाहना राखेरै उक्त अभ्यास थालियो,' प्रधानांगले भनिन् 'तर, क्रमशः सम्पत्ति लुकाउने प्रयास हुँदै आयो। अभ्यासलाई त जीवित राखियो। वास्तविकता लुकाएर मन्त्रीले सम्पत्ति विवरण दिन थाले।'

मन्त्री हुँदा कति सम्पत्ति छ, हट्दै गर्दा कति सम्पत्ति पुग्यो भन्ने सार्वजनिक गर्दा देशले सुशासनको पक्षमा गरेको राम्रो 'इन्डिकेटर' मानिन्छ। कम्तीमा पदमा पुगेका राजनीतिक व्यक्ति तथा राजनीतिक नियुक्ति पाएकाले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने उनी बताउँछन्। 'यो वा त्यो बहाना देखाएर सम्पत्ति विवरण सार्वजनिक नगर्नु सुशासन र देशकै लागि घातक हो,' उनले कान्तिपुरसँग भनिन्, '२०४८ मा मन्त्री भएका व्यक्तिको सम्पत्ति कति थियो र त्यही व्यक्ति अहिले मन्त्री वा प्रधानमन्त्री हुँदा कति छ ? त्यो जनताले थाहा पाउनुपर्छ।'

सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सबै मन्त्रीले सम्पत्ति विवरण प्रधानमन्त्री कार्यालयमा बुझाइसकेको बताए। 'सम्पत्ति विवरण सार्वजनिक गर्नुनपर्ने त्यस्तो केही कारण छ जस्तो लाग्दैन,' उनले भने, 'यस सन्दर्भमा प्रधानमन्त्री कार्यालयमा बुझ्नुपर्ला।'

२०७४ मा देउवा नेतृत्वमा रहेको र त्यसअघि २०७३ मा दाहाल नेतृत्वमा रहेको मन्त्रिपरिषद्का सदस्यको सम्पत्ति विवरण सार्वजनिक गरिएको थियो। तर २०७४ को चुनाव पछाडि बनेको ओली नेतृत्वका सरकारका पालामा मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गर्ने विषयले प्राथमिकता पाउन छाडेको थियो। चुनावलगत्तै प्रधानमन्त्री भएको २ महिनापछि उनको सरकारले मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गरेको थियो। तर त्यसपछि पटक-पटक मन्त्रिपरिषद्मा हेरफेर भएपछि भने मन्त्रीको सम्पत्ति विवरण गोप्य राख्न थालिएको हो। त्यसबेला कतिपय मन्त्री सम्पत्ति विवरण सार्वजनिक नगरेरै पदबाट बिदा भएका थिए।

संविधानको धारा २८ मा व्यक्तिको गोपनीयताको हकमा सम्पत्तिलाई पनि राखिएको छ। वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ को दफा १० ले प्रत्येक व्यक्तिलाई निजको सम्पत्ति तथा त्यससम्बन्धी विवरण गोप्य राख्न पाउने अधिकार दिएको छ। त्यही ऐनको दफा ३४ ले भने सार्वजनिक पद धारण गरेको व्यक्तिको सम्पत्ति सार्वजनिक गर्न ऐनमा लेखिएका कुराले बाधा नपुऱ्याउने भनेको छ।

कानुन आयोगका पूर्वअध्यक्ष माधव पौडेल ऐनको मनसाय सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति विवरण सार्वजनिक गर भन्ने किसिमको रहेको बताउँछन्। उनका अनुसार संविधान र कानुनले व्यक्तिको सम्पत्तिको गोपनीयताको हक दिए पनि त्यो सर्वसाधारण नागरिकको हकमा भनेको बुझिन्छ। 'कानुनले सम्पत्ति विवरण सार्वजनिक गर्न कसैलाई बाध्य पारेको छैन। तर, त्यसो गर्नलाई रोकेको पनि छैन,' उनी भन्छन्, 'सार्वजनिक पद धारण गरेको व्यक्तिको सम्पत्ति विवरण सार्वजनिक गरिनुपर्छ। त्यो व्यक्तिको नैतिकता, विवेक र अन्तस्करणबाट निर्धारण हुनुपर्ने विषय पनि हो।' पदमा पुग्दा र निस्किँदा सार्वजनिक ओहदामा रहेका व्यक्तिले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने गरी कानुनमै व्यवस्था गरिनुपर्ने मत उनको छ। कानुनमा त्यस्तो प्रस्ट व्यवस्था नहँदा विगतमा सरकारले आचारसंहितामा राखेर वा निर्णय गरेर सदस्यको सम्पत्ति विवरण सार्वजनिक गर्दै आएको थियो।

वी.पी.कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरानको

सरसफाई (Out door) कार्यको लागि प्रस्ताव आह्वानको सूचना

सूचना प्रकाशित मितिः २०८१।१०।३०

प्रतिष्ठानले हाल प्रयोग गरी रहेको सम्पूर्ण कार्यालय, अस्पताल, कलेज, निर्वाणा क्षेत्र, फार्मेसी भवन, कोभिड अस्पताल र आवासीय भवन आदिको भित्रि क्षेत्र बाहेक प्रतिष्ठानको सम्पूर्ण क्षेत्र अर्न्तगत उल्लेखित बिवरण बमोजिमको सरसफाई कार्य गराउन कानूनी रुपमा अनुमति प्राप्त गरी भ्याटमा दर्ता भएका फर्महरुले प्रतिष्ठानको हालको सम्पूर्ण क्षेत्र तथा सरसफाईको प्रकृति र परिमाण एवं नजिकै रहेको वन क्षेत्रमा स्वास्थ्य तथा वातावरणलाई समेत प्रतिकुल प्रभाव नपर्ने गरी ब्यवस्थापन गर्ने कार्य के कस्तो र कति संख्यामा मानवीय श्रोत तथा अन्य भौतिक साधन र सामग्रीहरु प्रयोग गरी कति मूल्यमा (मासिक र बार्षिक) गर्न सकिने उल्लेख गरी लागत र कार्यको मोडालिटी सहित ३० दिन भित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। अन्य बिस्तृत बिवरण प्रतिष्ठानको वेबसाईट www.bpkihs.edu मार्फत प्राप्त गर्न सकिने छ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८१/१०/३० को कान्तिपुर राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण

१. ऋणीको नामः सुहाना फर्निचर उद्योग **कर्जा शिर्षकः** क्यास क्रेडिट
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय रूपन्देही, सिद्धार्थनगरमा दर्ता रहेको), दर्ता नं.: १०५४६/०७०/७१, दर्ता मितिः २०७१/०३/०९, स्थायी लेखा नं.: ६०२२०१४४७, ठेगानाः रूपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. ६।
प्रोप्राईटरः
सरूफ प्रसाद सा कानुः ना.प्र.प.नं. (जारी मिति/स्थान): २६४८/२३५२ (२०६०/१२/२०/बारा), बाजेको नामः मंगनी सा कानु, बाबुको नामः पासपत सा कानु, ठेगानाः बारा जिल्ला, भतौडा गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. ६।
व्यक्तिगत जमानतकर्ताः
आशा देवी साहः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३३१०९३/४८९११ (२०७०/१२/३०/बारा), बाबुको नामः जोगिन्दर सा कानु, ससुराको नामः पासपत सा कानु, पतिको नामः सरूफ प्रसाद सा कानु, ठेगानाः बारा जिल्ला, भतौडा गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. ६।
धितो लेखिदिएको सम्पत्तिको विवरणः
मंगनी सा कानुको नाति, पासपत सा कानुको छोरा, बारा जिल्ला, भतौडा गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. ६ बस्ने **सरूफ प्रसाद सा कानु**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा., वडा नं. ४/ख स्थित कि.नं. १४८५ को क्षेत्रफल ०-०-७-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नामः न्यु ६९ फेशन वेयर **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र चालुपुजी कर्जा
(नेपाल सरकार, बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य बिभाग भद्रपुर न.पा., उद्योग विकास शाखा भद्रपुर, झापामा दर्ता रहेको), दर्ता नं.: १२७/९९९०, दर्ता मितिः २०७४/०४/२७, स्थायी लेखा नं.: ६००४९८४६१, ठेगानाः झापा जिल्ला, दमक न.पा., वडा नं. ६।
प्रोप्राईटरः
देवी माया गौतम (गिरी)ः ना.प्र.प.नं. (जारी मिति/स्थान): ०४२०४२/१८६२ (२०६७/०४/२३/झापा), बाबुको नामः कृष्ण प्रसाद गौतम, ससुराको नामः बुद्धिमान गिरी, पतिको नामः युवराज गिरी, ठेगानाः झापा जिल्ला, तोपगाछी गा.वि.स., वडा नं. ७ परिवर्तित झापा जिल्ला, कमल गा.पा., वडा नं. ३।
व्यक्तिगत जमानतकर्ताहरूः
क. युवराज गिरीः ना.प्र.प.नं. (जारी मिति/स्थान): ६३२७ (२०५५/०६/२५/झापा), बाजेको नामः नारायण गिरी, बाबुको नामः बुद्धिमान गिरी, ठेगानाः झापा जिल्ला, तोपगाछी गा.वि.स., वडा नं. ७ परिवर्तित झापा जिल्ला, कमल गा.पा., वडा नं. ३।
ख. मन माया गिरीः ना.प्र.प.नं. (जारी मिति/स्थान): ९७७३१६७८९ (२०३५/११/२०/झापा), बाबुको नामः जङ्ग बहादुर पौडेल, ससुराको नामः नारायण गिरी, पतिको नामः बुद्धिमान गिरी, ठेगानाः झापा जिल्ला, तोपगाछी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कमल गा.पा., वडा नं. ३।
धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः
जङ्ग बहादुर पौडेलको छोरी, नारायण गिरीको बुहारी, बुद्धिमान गिरीको पत्नी, झापा जिल्ला, तोपगाछी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कमल गा.पा., वडा नं. ३ बस्ने **मन माया गिरी**को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरूः
क. झापा जिल्ला, तोपगाछी गा.वि.स./न.पा., वडा नं. ५/घ स्थित कि.नं. १३२१ को क्षेत्रफल ०-१२-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।
ख. झापा जिल्ला, तोपगाछी गा.वि.स./न.पा., वडा नं. ५/क स्थित कि.नं. २४४३ को क्षेत्रफल ०-८-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

३. ऋणीको नामः मौर्य गल्ला भण्डार **कर्जा शिर्षकः** क्यास केडिट
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवामा दर्ता रहेको), दर्ता नं.: ३२७८०, दर्ता मितिः २०७०/११/२७, स्थायी लेखा नं.: ६०१६७८५६७, ठेगानाः रूपन्देही जिल्ला, पोखरीभिण्डी गा.वि.स., वडा नं. ६।
प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
संतोष मुराउः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७३०१०/१३९ (२०६३/१२/१९/रूपन्देही), बाजेको नामः हरिद्धार मुराउ कोइरी, बाबुको नामः जनार्दन कोइरी, ठेगानाः रूपन्देही जिल्ला, पोखरीभिण्डी गा.वि.स., वडा नं. ६ परिवर्तित रूपन्देही जिल्ला, रोहिणी गा.पा., वडा नं. २।
व्यक्तिगत जमानतकर्ताहरूः
क. जनार्दन कोइरीः ना.प्र.प.नं. (जारी मिति/स्थान): ९/५७७ (२०४६/०१/२४/रूपन्देही), बाजेको नामः त्रिवेणी मुराउ, बाबुको नामः हरिद्धार मुराउ कोइरी, ठेगानाः रूपन्देही जिल्ला, पोखरीभिण्डी गा.वि.स., वडा नं. ६ परिवर्तित रूपन्देही जिल्ला, रोहिणी गा.पा., वडा नं. २।
ख. शान्ती देवी मुरावः ना.प्र.प.नं. (जारी मिति/स्थान): ९/६५० (२०४६/०१/२५/रूपन्देही), बाबुको नामः लाले मुराव, ससुराको नामः हरिद्धार मुराउ कोइरी, पतिको नामः जनार्दन कोइरी, ठेगानाः रूपन्देही जिल्ला, पोखरीभिण्डी गा.वि.स., वडा नं. ६ परिवर्तित रूपन्देही जिल्ला, रोहिणी गा.पा., वडा नं. २।
ग. अशोक कुमार कोइरीः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७-०१-७४-०७१६७ (२०७४/०४/३१/रूपन्देही), बाजेको नामः हरिद्धार मुराउ कोइरी, बाबुको नामः जनार्दन कोइरी, ठेगानाः रूपन्देही जिल्ला, रोहिणी गा.पा., वडा नं. २।
धितो लेखिदिएको सम्पत्तिको विवरणः
लाले मुरावको छोरी, हरिद्धार मुराउ कोइरीको बुहारी, जनार्दन कोइरीको पत्नी, रूपन्देही जिल्ला, पोखरीभिण्डी गा.वि.स., वडा नं. ६ परिवर्तित रूपन्देही जिल्ला, रोहिणी गा.पा., वडा नं. २ बस्ने **शान्ती देवी मुराव**को नाममा मालपोत कार्यालय रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, पोखरभिन्डी गा.वि.स./न.पा., वडा नं. ६/ख स्थित कि.नं. १७८ को क्षेत्रफल ०-१२-१६-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

४. ऋणीको नामः अंशु ट्रेडर्स **कर्जा शिर्षकः** क्यास क्रेडिट, डिमाण्ड कर्जा र चालुपुजी कर्जा
(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा दर्ता रहेको), दर्ता नं.: ४३४०/१९९, दर्ता मितिः २०७२/११/१६, स्थायी लेखा नं.: ३०५२८७५६८, ठेगानाः रौतहट जिल्ला, वगही गा.वि.स., वडा नं. ३ हाल रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ४।
प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
राम जन्म साहः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३२१०७२/२२६८ (२०६५/०१/२२/रौतहट), बाजेको नामः वेदामी साह कलवार, बाबुको नामः महिन्द्र साह कलवार, ठेगानाः रौतहट जिल्ला, महम्मदपुर गा.वि.स., वडा नं. १ परिवर्तित रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ५।
व्यक्तिगत जमानतकर्ताहरूः
क. महिन्द्र साह कलवारः ना.प्र.प.नं. (जारी मिति/स्थान): ५७५४२०१० (२०४०/१०/२२/रौतहट), बाजेको नामः गेना साह कलवार, बाबुको नामः वेदामी साह कलवार, ठेगानाः रौतहट जिल्ला, महम्मदपुर गा.वि.स., वडा नं. १ परिवर्तित रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ५।
ख. रीभा कुमारीः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३२ ३००४/१७४ (२०६३/१२/०४/रौतहट), बाबुको नामः राजेन्द्र साह कलवार, ससुराको नामः महिन्द्र साह कलवार, पतिको नामः राम जन्म साह, ठेगानाः रौतहट जिल्ला, बडहवा गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ५।
ग. श्रीपती देवीः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३२३०७२/८४७ (२०६३/११/३०/रौतहट), बाबुको नामः ननु साह, ससुराको नामः वेदामी साह कलवार, पतिको नामः महिन्द्र साह कलवार, ठेगानाः रौतहट जिल्ला, महमदपुर गा.वि.स., वडा नं. १ परिवर्तित रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ५।
धितो लेखिदिएको सम्पत्तिको विवरणः
गेना साह कलवारको नाति, वेदामी साह कलवारको छोरा, रौतहट जिल्ला, महम्मदपुर गा.वि.स., वडा नं. १ परिवरर्तित रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ५ बस्ने **महिन्द्र साह कलवार**को नाममा मालपोत कार्यालय गरूडा, रौतहटको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरूः
क. रौतहट जिल्ला, गरूडा गा.वि.स./न.पा., वडा नं. ६ स्थित कि.नं. २७२ र १९४९ को क्षेत्रफल क्रमशः ०-२-०-० र ०-१-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
ख. रौतहट जिल्ला, बगही गा.वि.स./न.पा., वडा नं. ३ स्थित कि.नं. ४२५ र ११०० को क्षेत्रफल क्रमशः ०-४-१६-० र ०-०-२-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
ग. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत।

५. ऋणीको नामः शैलेन्द्र कुमार ठाकुर **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): १६१०७९/४८१ (२०६८/११/०१/सप्तरी), बाजेको नामः किसुन ठाकुर, बाबुको नामः लक्ष्मी ठाकुर, ठेगानाः सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ६ (परिवर्तित) सप्तरी जिल्ला, खडक न.पा. वडा नं. ६।
व्यक्तिगत जमानतकर्ताहरूः
क. लक्ष्मी ठाकुरः ना.प्र.प.नं. (जारी मिति/स्थान): ४३८५४७२२ (२०४६/०२/१३/सप्तरी), बाजेको नामः गंगी ठाकुर हजा, बाबुको नामः किसुन ठाकुर, ठेगानाः सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स वडा नं. ६ (परिवर्तित) सप्तरी जिल्ला, खडक न.पा. वडा नं. ६।
ख. ज्ञानी कुमारी ठाकुरः ना.प्र.प.नं. (जारी मिति/स्थान): ९३८५४४८१ (२०४५/०८/०२/सप्तरी), बाबुको नामः असरफी ठाकुर, ससुराको नामः किसुन ठाकुर, पतिको नामः लक्ष्मी ठाकुर, ठेगानाः सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ६ (परिवर्तित) सप्तरी जिल्ला, खडक न.पा. वडा नं. ६।
धितो लेखिदिएको सम्पत्तिको विवरणः
किसुन ठाकुरको नाति, लक्ष्मी ठाकुरको छोरा, सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ६ (परिवर्तित) सप्तरी जिल्ला, खडक न.पा. वडा नं. ६ बस्ने **शैलेन्द्र कुमार ठाकुर**को नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, बसबलपुर गा.वि.स./न.पा., वडा नं. ९/क स्थित कि.नं. ९८४ को क्षेत्रफल ०-०-११.५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

६. ऋणीको नामः विन्दु राई **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा र आवधिक कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७४१/०५३/५४ (२०५३।०५।१६/सुनसरी ई.प्र.शाखा धरान), बाबुको नामः धन बहादुर राई, ससुराको नामः मान बहादुर राई, पतिको नामः राज कुमार राई, ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, एभरेष्ट लाइन।
व्यक्तिगत जमानतकर्ताहरुः
क. मान बहादुर राईः ना.प्र.प.नं. (जारी मिति/स्थान): ९६५८/७६७८/२८२६ (२०३४।०८।०९/सुनसरी), बाजेको नामः विर बहादुर राई, बाबुको नामः जस बहादुर राई, ठेगानाः सुनसरी जिल्ला, भोक्राहा गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, एभरेष्ट लाइन।
ख. राज कुमार राईः ना.प्र.प.नं. (जारी मिति/स्थान): २०६५५/२३६५५ (२०५०।१२।२४/सुनसरी), बाजेको नामः जस बहादुर राई, बाबुको नामः मान बहादुर राई, ठेगानाः सुनसरी जिल्ला, प्रकाशपुर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, एभरेष्ट लाइन।
धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः
विर बहादुर राईको नाति, जस बहादुर राईको छोरा, सुनसरी जिल्ला, भोक्राहा गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, एभरेष्ट लाइन बस्ने **मान बहादुर राई**को नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, भोक्राहा गा.वि.स., वडा नं. ७/ख स्थित कि.नं. ६ र ७ को क्षेत्रफल क्रमशः ०-१४-१० र ०-६-८ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

आहा-रारा पोखरा गोल्डकप

पोखरामा उज्वेक टोलीको उडान

बुधबार सेमिफाइनलमा नेपाल पुलिस क्लब र चर्च ब्वाइज युनाइटेड भिड्ने, प्रतियोगिताको यो २ सय ५० औं खेल

दीपक परियार (पोखरा)

भारतीय टोली थन्डरबोल्ट नर्थ युनाइटेडलाई ३-० ले हराउँदै अर्को पाहुना टोली ब्ल्याक बुल्स फुटबल क्लब उज्वेकिस्तान २४ औं आहा-रारा पोखरा गोल्डकपको सेमिफाइनलमा पुगेको छ। पोखरा रंगशालामा मंगलबार सिक्किमेली टोलीलाई हराउँदै ब्ल्याक बुल्सले थ्रीस्टार क्लबसँगको भेट पक्का गरेको हो।

पहिलोपल्ट सहभागी दुवै पाहुना टोलीमध्ये एसियन च्याम्पियन्स लिग खेलेको ब्ल्याक बुल्स उत्कृष्ट खेल प्रदर्शन गर्दै आहा-राराको यात्रामा एक कदम अगाडि बढेको छ। खेलको ३८ औं मिनेटमा इस्लोमजोन अब्दुकोदिरोभले गोल गर्दै अग्रता दिलाए। मैदानको बायाँपट्टि साभकात्जोन सात्तोरोभले उपलब्ध गराएको पासमा इस्लोमजोनले सेकेन्ड बार च्यापेर गरेको देब्रे खुट्टाको प्रहार गोलमा परिणत भयो। थन्डरबोल्टका कप्तान सोनाम जाड्पा भुटियालाई बिट गर्दै इस्लोमजोनले अगाडि बढाएको बलमा गोलरक्षक लाक्पा डी भुटियाले कुनै मौका पाएनन्। गोल गरेलगत्तै भावुक हुँदै इस्लोमजोनले छोरीको तस्बिर अंकित जर्सी प्रदर्शन गरेका थिए। उनले उक्त गोल छोरीप्रति समर्पण गरे। उनले ५ महिनाअघि दुई वर्षकी छोरीलाई गुमाएका थिए।

खेलको ७३ औं मिनेटमा साइदजमोल दाभलातजोनो भले अग्रता दोब्बर बनाए। इस्लोमजोनलाई प्रतिस्थापन गर्दै मैदान प्रवेश गरेका उनले मिडफिल्डर साभकात्जोनले दायाँ भागबाट उपलब्ध क्रस कलेक्ट गर्दै सहज गोल गरेका थिए। अघिल्ला दुई गोलमा एसिस्ट गरेका साभकात्जोनले खेलको ७५ औं मिनेटमा उत्कृष्ट गोल गर्दै सेमिफाइनल यात्रा सुनिश्चित गरे। उनले बक्स बाहिरबाट प्रहार गरेको बल सिधै गोलमा परिणत हुँदा विपक्षी गोलरक्षकले कुनै भेउ पाएनन्। खेलको ११ औं मिनेटमा थन्डरबोल्टले अग्रता लिने अवसर गुमाएको थियो। फोफानाले बक्सबाहिरबाट गरेको प्रहार क्रसबारमा लागेर फर्कियो। खेलको ७१ औं मिनेटमा फोफानाका फ्रिकिकमा मार्क ह्यारिसनले मिलाएको हेड पास फ्रचांकलिन क्वेटे टालाले फ्रेममा पार्न सकेनन्। ८५ औं मिनेटमा फोफानाकै क्रसमा ओड्दा लेप्चाको हेडर ब्ल्याक बुल्सका गोलरक्षक जासुरबेक राजाबोभले बचाए।

खेलमा ब्ल्याक बुल्सका अलिजोन अलिजोनोभ प्लेयर अफ द म्याच घोषित भए। उनी उज्वेकिस्तानको शीर्ष श्रेणीको क्लब नाभबाहोर एफसीको सिनियर टिमबाट खेलेका खेलाडी हुन्। ब्ल्याक बुल्स त्यही नाभबाहोरका धे रैजसो दोस्रो रोजाइका खेलाडीसम्मिलित टिम हो। पहिलो गोलकर्ता इस्लोमजोभ अब्दुकोदिरोभले बंगलादेश लिग पनि खेलेका छन्।

तस्बिर : कान्तिपुर

आहा-रारा पोखरा गोल्डकपमा मंगलबार क्वाटरफाइनलमा भिड्दै उज्वेकिस्तानको ब्ल्याक बुल्स (रातो) र थन्डरबोल्ट नर्थ युनाइटेडका खेलाडी। गोलपछि छोरीको तस्बिर अंकित जर्सी प्रदर्शन गर्दै इस्लोमजोन (तल)।

नेपाल आएर जावलाखेल युथ क्लबबाट 'ए' डिभिजन लिग खेलेका अब्दुलाजिज निसोनबाएभ यसपल्ट ब्ल्याक बुल्सको प्रशिक्षकका रूपमा आएका छन्। थन्डरबोल्टसँगको खेलमा उनले वैकल्पिक खेलाडीमा नेपालका रन्दीप पौडेल र सुदीप सुनार र हङकङका सान्जियो लिम्बूलाई पनि राखेका थिए। खेलको ६३ औं मिनेटमा डिफेन्डर अब्दुसलोम नरुद्दिनोभको स्थानमा रन्दीप मैदान छिरेका थिए। ब्ल्याक बुल्सले फागुन १ मा थ्रीस्टारसँग सेमिफाइनल खेल्ने छ। पाँचपल्टको उपाधि विजेता थ्रीस्टारले क्वाटरफाइनलमा मछिन्द्र क्लबलाई टाइब्रेकरमा हराउँदै अन्तिम चारमा स्थान बनाएको थियो। ब्ल्याक बुल्सले बाइ पाएर सिधै क्वाटरफाइनल खेलेको थियो।

बुधबार पहिलो सेमिफाइनल विभागीय टोली नेपाल पुलिस क्लब र चर्च ब्वाइज युनाइटेडबीच हुनेछ। यो खेल आहा-राराको हालसम्मको २ सय ५० औं खेल हुनेछ। सर्वाधिक ६ पल्टको उपाधि विजेता पुलिसले उद्घाटन खेलमा आयोजक सहारा क्लब र क्वाटरफाइनलमा ब्रिगेड ब्वाइज क्लब यूकेलाई पराजित गरेको थियो। 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजले एनआरटी र क्वाटरफाइनलमा साबिक विजेता त्रिभुवन आर्मीलाई हराउँदै सेमिफाइनल यात्रा तय गरेको हो।

गुडिसन पार्कमा अन्तिम मर्सिसाइड डर्बी

लिभरपुल (एएफपी)- लिभरपुलले इंग्लिस प्रिमियर लिगमा बुधबार एभरटनको सामना गर्दैछ। यसको पूर्वसन्ध्यामा प्रशिक्षक आर्ने स्लटले भनेका छन्, आफ्ना खेलाडी नयाँ चुनौतीलाई तयार छन्। यो खेल आफैंमा विशेष हुनेछ, किनभने यो गुडिसन पार्कका हुने अन्तिम मर्सिसाइड डर्बी हुनेछ। लिग तालिकाको शीर्षमा रहेको लिभरपुल पछिल्लो समय छिमेकमा गएर खेल्दा संघर्षरत छ, त्यसैले १२ खेलमध्ये ९ बराबरीमै टुंगिएको छ।

प्रशिक्षकमा डेविड मोयस आएयता भने एभरटनको प्रदर्शनमा व्यापक सुधार आएको छ। यो सिजनको अन्त्यसँगै एभरटनले गुडिसन पार्क सधैंका लागि छाड्नेछ र जानेछ ५२ हजार ८ सय ८८ दर्शक क्षमताको नयाँ रंगशाला ब्रामली-मुर डकमा। यो रहेको छ, सहरको वाटरफ्रन्टसँगै। त्यसैले हो, लिभरपुल सहरका यी दुई टिमबीचको यसपल्टको खेल ऐतिहासिक हुन लागेको। संयोग कस्तो भने प्रशिक्षक स्लटका लागि गुडिसन पार्कमा पहिलो र अन्तिम मर्सिसाइड डर्बी हुनेछ।

उनी चाहन्छन्, आफ्ना खेलाडी यो अवसरलाई लिएर भावनामा नबगुन र उपाधि चुनौतीमा कायम रहुन्। 'मलाई थाहा छ, गुडिसन पार्कमा माहोल अद्वितीय हुनेछ। हाम्रो लागि त्यहाँ खेल्न कहिले पनि सजिलो हुने छैन, किनभने जति-जति बेला एभरटनले बल आफ्नो आधा भाग कटाउने गर्छ, उसका समर्थक खुसीले झुम्ने गर्छन्। कर्नर र अन्य अवसरमा पनि समर्थकको त्यस्तै प्रतिक्रिया हुने गर्छ,' प्रि-म्याच कन्फ्रेन्समा स्टलले भने।

उनी थप्छन्, 'यस्तो स्थितिमा खेल्न खेलाडी मानसिक रूपमा बलियो हुन आवश्यक छ। आफ्नो काम के हो, खेलाडी त्यसमै मात्र केन्द्रित हुनुपर्छ। जतिबेला बल लिभरपुलको पकडमा हुनेछ, खेलाडीले आरामले सोचेर खेल्नुपर्नेछ।' यसबीच उनी के मान्छन् भने लिभरपुलका खेलाडी एक अर्को ठूलो भिडन्तका लागि तयार छन्, खासमा यी खेलाडीको मानसिकता पूरा सिजन यस्तै हुनुपर्नेछ। यी डच प्रशिक्षक आफ्नो डेब्यु सिजनमा छन्।

एभरटन आफैंमा पछिल्लो समय लयमा छ। यसको प्रमाण हो, टोलीले पछिल्ला तीन खेल लगातार जितेको छ। यही जितले एभरटनमाथिको रेलिगेसन दबाब असाध्यै कम भएको छ। 'एभरटन कस्तो टिम हो भने प्रत्येक अवस्थाका लागि संघर्ष गर्न तयार छ। त्यसैले यस्तो टिमविरुद्ध खेल्न गाह्रै हुन्छ,' स्लट मान्छन्। लिभरपुललाई लिगको शीर्षमा ६ अंकको अग्रता प्राप्त छ, तर अहिले

> 'मलाई थाहा छ, गुडिसन पार्कमा माहोल अद्वितीय हुनेछ। त्यहाँ खेल्न कहिले पनि सजिलो हुनेछैन, किनभने एभरटनले बल आफ्नो आधा भाग कटाउँछ समर्थक खुसीले झुम्ने गर्छन्'

स्तब्धपूर्ण अवस्थामा पनि छ। किनभने भर्खरै एफए कपमा प्लेमाउथको हातबाट पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ।

दोस्रो डिभिजन च्याम्पिनसिप टिमविरुद्धको प्रदर्शनलाई स्लटले सर्वथा अस्वीकार्य रहेको बताइसकेका छन्। भलै, त्यस खेलमा लिभरपुलका लगभग सबै प्रमुख खेलाडी अनुपस्थित थिए। प्रशिक्षकका रूपमा योर्गन क्लोपको अन्तिम गुडिसन पार्क खेलमा पनि लिभरपुल पराजित रहेको थियो। लिभरपुलको ५६ अंक रहेको छ। टोलीलाई आर्सनलले नजिकबाट पछ्याइरहेको छ। एभरटन आफैं भने २६ अंकसहित १६ औं स्थानमा छ।

छोटकरी

एसिया ट्रायथलनमा भाग लिने

काठमाडौं (कास)- भारतको चेन्नई सहरमा हुने एसिया ट्रायथलन कपमा नेपालका तीन खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। पुरुषतर्फ मौलिक महर्जन र यजु महर्जन तथा महिलातर्फ युस्का महर्जनले प्रतिस्पर्धा गर्नेछन्। टिम व्यवस्थापकमा मिकेन महर्जन र निर्णायकमा शुभ श्रेष्ठ र विनोद तण्डुकार छन्। फागुन ४ मा हुने एसिया कपमा भाग लिन मौलिक र युस्का महर्जन बेंग्लोरबाट सिधै चेन्नई पुग्ने हुन जाने नेपाली महासचिव युवराज सुनुवारले जानकारी गराए। उनीहरू बेंग्लोरमा प्रशिक्षणरत छन्। अरू खेलाडी र अफिसियललाई ट्रायथलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठलगायतले मंगलबार बिदाइ गरे।

दुई खेलाडीले तेजुका कप खेल्ने

काठमाडौं (कास)- जापानमा हुने चौथो क्योकुसिन तेजुका कप विश्व कराते च्याम्पियनसिपमा नेपालका दुई खेलाडीले भाग लिने भएका छन्। नेपाल क्योकुसिन कराते (ईको) संघले मंगलबार पत्रकार सम्मेलन आयोजना फागुन ९ देखि १३ सम्म हुने प्रतियोगितामा कातातर्फ दावा शेर्पा र कुमितेमा मनीष कार्कीले प्रतिस्पर्धा गर्ने संघका अध्यक्ष दमन बस्नेतले बताए। प्रतियोगिता जापानको सेन्डाइ र फुकुवोकामा हुनेछ। नेपालको खेल फुकुवोकामा छ। अफिसियलमा अध्यक्ष बस्नेत, महासचिव संगीत बस्नेत र प्रशिक्षकमा रोशन कपाली छन्। टोली फेब्रुअरी १९ मा जापान जानेछ।

भूपेन्द्रलाई दुई स्वर्ण

काठमाडौं (कास)- नेपाली मार्सल आर्ट्स खेलाडी भूपेन्द्र गुरुङले आईएमएसी खुला प्रतियोगितामा दुई स्वर्ण पदक जितेका छन्। इन्टरनेसनल मार्सल आर्ट्स कर्पोरेसन (आईएमएसी) मुख्यालयद्वारा बेलायतमा आयोजित प्रतियोगितामा भूपेन्द्रले दुई फरक स्पर्धामा स्वर्ण जितेका हुन्। भूपेन्द्रले युकेमा भएको प्रतियोगिताको नान छवान र ताइची स्पर्धामा स्वर्ण जितेका थिए। उनले नान छवानमा २७.३ तथा ताइचीमा २७ अंक जोडेका हुन्। दुवै स्पर्धा ३० पूर्णाङ्कको थियो। तीन महिनाको अवधिमा भूपेन्द्रले जितेको योसहित ८ पदक हो। भूपेन्द्र आईएमएसी खुला प्रतियोगिता खेल्न अमेरिकाबाटै युके पुगेका हुन्। युकेमै उनले उमा नेपालको चौथो डान पनि प्राप्त गरेका छन्। वर्ल्ड युनाइटेड मार्सल आर्ट्स (उमा) का अध्यक्षरिचर्ड होप्किन्सले भूपेन्द्रलाई प्रमाणपत्र प्रदान गरे।

एक्सेल्सियर सेमिफाइनलमा

काठमाडौं (कास)- आयोजक द एक्सेल्सियर स्कुल र भ्याली भ्यू ११ औं एक्सेल्सियर कपअन्तर्गत बास्केटबल सिनियर ब्वाइजमा सेमिफाइनल पुगेका छन्। स्वयम्भूस्थित घरेलु कोर्टमा एक्सेल्सियरले होली भिजनलाई ३८-२३ स्कोरले पराजित गऱ्यो। एक्सेल्सियरका सोडमेन तामाङले १९ स्कोर जोडे। भ्याली भ्यूले ह्वाइटफिल्डलाई ४२-१३ ले पराजित गर्दा गणेशबहादुर विष्टले १३ स्कोर गरे। सिनियर ब्वाइजमै एलआरआईले निःसर्ग बाटिकालाई ४९-२७ तथा रेडियन्ट पब्लिकले स्वर्णिमलाई ४५-१६ ले हराए। एलआरआईका च्युची श्रेष्ठले १९ र रेडियन्ट पब्लिकका रवीन्द्र खत्रीले १५ स्कोर जोडे। गर्ल्सको क्वाटरफाइनल बुधबार हुनेछ।

दसौं राष्ट्रिय खेलकुद

निर्देशिका स्वीकृत नहुँदा तयारी अलपत्र

कृष्णप्रसाद गौतम (सुर्खेत)

चैत २३ देखि ३० सम्म आयोजना हुने भनिएको दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि कर्णालीमा प्रदेश रंगशालासहित आवश्यक संरचनाहरू तयारी अवस्थामा छन्। प्रतियोगिताका लागि संघीय सरकारले ६० करोड रुपैयाँ विनियोजन गरिएको छ। तर, राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका र खर्च मापदण्ड स्वीकृत नहुँदा आवश्यक तयारीका काम अलपत्र परेका छन्।

संघीय सरकारले राष्ट्रिय खेलकुदका लागि सचिवालय स्थापना गरेको छ। तर निर्देशिका नहुँदा सचिवालय पनि कार्मविहीन बनेको छ। प्रतियोगिताका लागि छुट्याइएको ६० करोड रकमसमेत नटुक्रिएको कर्णाली प्रदेश खेलकुद विकास परिषद्का निवर्तमान सदस्यसचिव विश्वामित्र सञ्ज्यालले जानकारी गराए। 'न बजेट खर्चका लागि उपसमितिहरू बनेका छन् न त डल्लो बजेट विभिन्न शीर्षकमा विभाजन भएको छ,' उनले भने, 'गत वर्ष साउनमै बजेट युवा तथा खेलकुद मन्त्रालयमा जानुपर्ने हो, अहिलेसम्म पनि अर्थ मन्त्रालयमै बजेट अड्किएको छ।'

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का अनुसार झन्डै ९९ प्रतिशत काम सकिएको प्रदेश रंगशालामा अब रंगरोगन र सरसफाइको काम मात्र बाँकी छ। दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मुख्यस्थल रहेको रंगशालामा १० हजार दर्शक अट्नेछन् भने फिफा मापदण्डअनुसार फुटबल मैदान निर्माण गरिएको छ। भीभीआईपी र भीआईपी प्यारापिटमा ४ हजार दर्शक बसेर हेर्न मिल्नेगरी रंगशाला बनाइएको छ।

सुर्खेतमा चिसापानी फुटबल मैदान, कालुंगचोक रग्बी मैदान र प्रदेश रंगशालाप रिसरको क्रिकेट मैदानको निर्माण पनि सकिएको परिषद्ले जनाएको छ। परिषद्का अनुसार हुम्ला हक्की मैदान तथा दैलेख, कालीकोट, जुम्ला, रुकुम पश्चिम र सल्यानमा रहेका कभर्डहलमा पनि केही खेल खेलाउने गरी तयारी गरिएको छ।

तस्बिर : कृष्णप्रसाद/कान्तिपुर

सुर्खेतको वीरेन्द्रनगरस्थित नवनिर्मित कर्णाली प्रदेश रंगशाला।

आयोजक प्रदेशले गर्नुपर्ने बसोबास, स्वास्थ्य, सुरक्षा र स्थानीय यातायातको व्यवस्थापनका लागि आफूहरू तयारी अवस्थामा रहेको सामाजिक विकासमन्त्री घनश्याम भण्डारी बताउँछन्। उनका अनुसार अहिलेसम्म सञ्चालन निर्देशिका स्वीकृत नहुँदा संघीय सरकार र आयोजक प्रदेशले के-के काम गर्नुपर्ने हो भन्नेबारे पनि स्पष्ट भएको छैन। उनले राष्ट्रिय खेलकुदमा आयोजना हुने ३५ खेलमध्ये २४ खेल कर्णालीमा खेलाउन आवश्यक पूर्वाधार तयार भइसकेको बताए। उनका अनुसार दैनिक करिब ३ हजार ५ सयलाई बसोबासको प्रबन्ध मिलाउने सुविधा प्रदेश राजधानी वीरेन्द्रनगरमा छ भने झन्डै ३ हजार खेलाडी अन्य जिल्लामा बस्न सक्छन्।

राष्ट्रिय खेलकुद परिषद्का प्रशासन विभाग प्रमुख भोजानन्द राईले राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका बनाएर खेलकुद मन्त्रालयमा पठाए पनि त्यहाँबाट अर्थ मन्त्रालयमा जान नसकेको बताए। 'अहिलेसम्म खर्च नम्स पनि अझै स्वीकृत भएको छैन, त्यो स्वीकृत भएपछि मात्र राष्ट्रिय प्रतियोगिताका लागि खेल सामग्री, पोसाक, विभिन्न उपकरणलगायत सामग्री खरिद गर्न टेन्डर गर्ने बाटो खुल्छ,' उनले भने, 'खरिद प्रक्रियाका लागि कम्तीमा ३० दिनको सूचना निस्कनुपर्छ, त्यसपछि झन्डै एक/एक साताको समय प्राविधिक मूल्यांकन र आर्थिक मूल्यांकनको काममा लाग्छ, त्यसपछि सम्झौता भएर मात्र सामान र उपकरण खरिदको काम हुने हो।'

फोर नेसन्स कपको तयारी पूरा

काठमाडौं (कास)- अखिल नेपाल फुटबल संघ (एन्फा) ले मंगलबार पत्रकार सम्मेलन गर्दै फोर नेसन्स कप वुमेन्स च्याम्पिनयसिपको तयारी पूरा भएको जनाएको छ। प्रतियोगिता फागुन ५ देखि १४ सम्म दशरथ रंगशालामा हुनेछ। पहिलो दिन सोमबार म्यानमारले लेवनान र नेपालले किर्गिस्तानको सामना गर्नेछन्।

किर्गिस्तानी टिम बिहीबार नेपाल आइपुग्ने छ। म्यानमार र लेवनान भने शुक्रबार आइपुग्ने तालिका छ। नेपालमा महिलाको चारदेशीय प्रतियोगिता हुन लागेको यो पहिलो पटक हो। यो नेपालका लागि यो प्रतियोगिता एसिया कपसँगै विश्वकप छनोटको तयारीका रूपमा रहेको छ। नेपालले छनोटअघि अन्य मैत्रीपूर्ण खेल पनि खेल्ने सम्भावना छ।

प्रतियोगिता राउन्ड रोबिनको आधारमा चल्ने छ। त्यसको अन्त्यमा शीर्ष दुई स्थानमा रहने टिमले फाइनल यात्रा तय गर्नेछ। एन्फाले प्रतियोगिताको टिकेटिङ अधिकार ब्रान्ड डिजिटल लजिकलाई एक करोड ३५ लाख रुपैयाँमा बेचेको छ। ब्रोडकास्टिङ, मार्केटिङ र डिजिटल राइट्स ब्रान्ड डिजिटल लजिकलाई नै ६६ लाख रुपैयाँमा बेचेको छ।

फाल्डो जुनियर गल्फमा सद्भावको अग्रता

काठमाडौं (कास)- फाल्डो जुनियर गल्फ टुर नेपाल च्याम्पियनसिपको पहिलो दिन सद्भाव आचार्य शीर्षस्थानमा रहेका छन्। १ ओभर ६९ को स्कोरमा १७-२१ वर्ष उमेर समूहतर्फ सद्भावले प्रकृत तामाङलाई ३ स्ट्रोकले पछि पारेका छन्।

रोयल नेपाल गल्फ क्लबमा भएको प्रतियोगितामा नेपाल नम्बर एक एमेच्योर गल्फर सद्भावले पहिलो र सातौं होलमा बर्डी प्रहार गरेका थिए। पाँचौं होलको डबल बोगीमा उनले फ्रन्टनाइन इभन-पार ३४ मा सके भने १० र १४औं होलमा एक-एक शट गुमाए। उनले १८ औं होलको बर्डीले ब्याकनाइन १ ओभर ३५ मा पूरा गरे।

प्रकृतले ४ ओभर ७२ को स्कोरमा दिनको खेल टुंग्याए। उनले फ्रन्टनाइन २ अन्डर ३२ मा सके पनि त्यसपछि लय गुमाए। ब्याक ६ ओभर ४० मा सकेका थिए। स्वप्निल भट्टराई ७ ओभर ७५ को स्कोरसहित तेस्रो स्थानमा रहे।

१२-१६ वर्ष उमेर समूहमा इदान्तसिंह साउद १२ ओभर ८० को स्कोरसहित अगाडि छन्। उनले दीपेश श्रेष्ठलाई ४ स्ट्रोकले पछि पारेका थिए। दीपेश १६ ओभर ८६ सहित दोस्रोमा छन्। सिद्धान्त सापकोटा १७ ओभर ८७ सहित तेस्रो स्थानमा रहे।

गल्स १२-२१ वर्ष उमेर समूहमा अभानी राई २० ओभर ८८ सहित अगाडि रहिन्। उनले अनभद्या मल्ललाई १० स्ट्रोकले पछि पारिन्। अनभद्या ३० ओभर ९८ सहित दोस्रोमा रहिन्।

चार प्रदेशका ३१ जुनियर गल्फरमध्ये पहिलो दिन १ सयभन्दा बढी स्कोर गर्ने १४ खेलाडी १८ होलपछि बाहिरिए।

प्रत्येक समूहका विजेताले अप्रिल २३ देखि २५ सम्म भियतनामको ला-लगुनामा हुने फाल्डो जुनियर टुर एसिया ग्रान्ड फाइनलमा स्थान बनाउने छन्। नेपाल नम्बर एक एमेच्योर गल्फर सद्भाव भने स्वतः छनोट भइसकेका छन्। नोभेम्बरमा सम्पन्न फाल्डो जुनियर टुर युरोपियन ग्रान्ड फाइनलमा यू-२१ तर्फ उपाधि जितेका कारण उनी स्वतः छनोट भएका हुन्।

वेस्टर्नलाई २३ औं रूपन्देही सुपर लिग

सन्जु पौडेल (तिलोत्तमा)

वेस्टर्न क्रिकेट क्लबले रूपन्देही सुपर लिगको उपाधि जितेको छ। २३ औं संस्करणको मंगलबार सम्पन्न लिग फाइनलमा लुम्बिनी खुकुरी क्लबलाई ३९ रनले पराजित गर्दै वेस्टर्नले तेस्रो पटक सुपर लिग जितेको हो।

वेस्टर्नले १ लाख १ रुपैयाँसहित ट्रफी र उपविजेता लुम्बिनी खुकुरीले ५० हजार १ रुपैयाँ पुरस्कार हात पारे।

टस जितेको वेस्टर्नले ४१ ओभरमध्ये ४०.४ ओभरमा सबै विकेट गुमाई २ सय २५ रन बनायो। नरेन साउदले ६६ रनको अर्धशतकीय इनिङ्स खेले। देव खनालले ४६, सन्देश थापाले २२, रन्जित खड्काले २१, नीरकुमार गुप्ताले २० र भुवन पाण्डेले १४ रनको योगदान दिए। लुम्बिनी खुकुरीका अजयकुमार चौहानले ५, भुवन कार्कीले २, दुर्गेश गुप्ता र सुप्रित घिमिरेले १-१ विकेट लिए।

जवाफमा लुम्बिनी खुकुरीले ३८ ओभरभित्र समेटिँदा १ सय ८६ रनमात्र बनाउन सक्यो। निश्चल चौधरीले ४३, भुवन कार्कीले २८, प्रज्ज्वल थापाले २३, समीर अलीले २१, अमर मिश्राले १६ र अजयकुमार चौहानले १० रन बनाए। वेस्टर्नका नरेन साउदले ४, देव खनाल र सुझाव थापाले २-२ तथा सन्देश थापाले १ विकेट लिए। अलराउन्ड प्रदर्शन गरेका नरेन साउद म्यान अफ द फाइनल भए। उनले १ हजार २ सय रुपैयाँ पुरस्कार प्राप्त गरे।

रूपन्देही क्रिकेट संघले सिद्धार्थनगर नगरपालिकाको सहयोगमा आयोजना गरेको प्रतियोगितामा वेस्टर्नका देव खनाल म्यान अफ द सिरिज भए। उनले १५ हजार रुपैयाँ पुरस्कार पाए। वेस्टर्नका अभिषेक गौतम बेस्ट बलर, न्यू होराइजनका निश्चल ज्ञवाली बेस्ट ब्याटर र तिलोत्तमा क्रिकेट क्लबका सन्दीप यादव उदीयमान खेलाडी घोषित भए।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान